वर्ष : १६, अंक : १९, काठमाडौं, २०७७ भाद्र ५ गते शुक्रबार, 21 August 2020, Friday पृष्ठ : ८, मूल्य रू : १०

राष्ट्रिय एकता, राष्ट्रियता र मधेशवादप्रति समर्पित www.madheshvani.com

राष्ट्रिय साप्ताहिक

# मधेशवाणी

The Voice of Madhesh

पत्रकार सम्मेलन, सभा, गोष्ठी वा बैठक गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

कुनै सभा, गोष्ठी, सम्मेलन, बैठक वा पत्रकार सम्मेलन गर्नुपरेमा ६० देखि ७० जनासम्म अटाउने क्षमता भएको हल मधेश मिडिया हाउसमा सम्पर्क राख्नुहोस् ।

| शुल्क | सेवा |
|---|---|
| रू. ५०००/- (पाँच हजार मात्र) | फोन, फ्याक्स, इमेल |

मधेश मिडिया हाउस
हनुमानस्थानचोक, अनामनगर, काठमाडौं
फोन नं. : ०१-५७०६१४१, ९८०८१२५०२४
ई-मेल : madheshmediahouse@gmail.com

## वीरगन्जमा सेना परिचालन

वीरगन्ज । देशकै प्रमुख व्यापारिक नाका वीरगन्जमा निषेधाज्ञालाई थप कडा बनाउन सेना परिचालन गरिएको छ । निषेधाज्ञा प्रभावकारी नभएपछि स्थानीय प्रशासनले आइतबारदेखि सेना परिचान गर्ने निर्णय गएको हो ।

जिल्ला प्रशासन कार्यालय पर्साले आइतबार एउटा सूचना जारी गर्दै श्रावन ३२ गते बिहान ५ बजेबाट लागु हुनेगरी भाद्र १३ गते बिहान ५ बजेसम्मका लागि नेपाल प्रहरी र सशस्त्र प्रहारीलाई निषेधाज्ञा लागु गराउन सहयोग पुर्‍याउन नेपाली सेना परिचालन गर्ने निर्णय गरेको हो ।

पर्साका प्रमुख जिल्ला अधिकारी आस्मान तामाङले जारी गरेको सूचनामा पहिलेदेखि नै जारी गरिएको निषेधाज्ञालाई थप कडा बनाउन सेना परिचालन गरिएको उल्लेख छ ।

## भारतीय राजदूतद्वारा नेकपा नेताहरुसँग भेटघाट

काठमाडौं । नेपालका लागि भारतीय राजदूत विनय मोहन क्वात्राले सत्तारुढ दलका शीर्ष नेताहरुसँग छलफल गरेका छन् । राजदूत क्वात्राले नेकपाका कार्यकारी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्ड र वरिष्ठ नेता माधवकुमार नेपालसँग छुट्टाछुट्टै भेटेका हुन ।

राजदूत क्वात्राले अध्यक्ष दाहाललाई भेटे लगत्तै वरिष्ठ नेता नेपाललाई उनको निवास कोटेश्वर पुगेर भेटेका छन् । दुवै नेताको सचिवालयले राजदूत क्वात्रासँग दुई देशबीचको सम्बन्धन तथा समसामयिक राजनीतिक मुद्दा र सीमा विवाद बारे कुराकानी भएको बताएका छन् । भेटका क्रममा राजदूत क्वात्राले सीमा विवाद दुई देशको उच्च तहबाट हल गर्नुपर्ने बताएका थिए ।

# मधेशमा महिला मुख्यमन्त्री : स्वर्णिम इतिहास बनाउने मौका



सुनिता देवी मोची | चमेली देवी दास | करिमा बेगम | रागिनी देवी बरनवाल | सञ्चमाया मोक्तान | सुरिता साह | निरा कुमारी साह | बबिता कुमारी | उपमा देव

डा.अञ्जु कुमारी | उषा कुमारी यादव | किरण कुमारी राय | डा.रिना यादव | भीमा यादव | डा.डिम्पल झा | निलमदेवी भुमिहारिन | अल्कार कुमारी झा | रानी शर्मा तिवारी

**मधेशवाणी डेस्क**

काठमाडौं । २०७६ फागुन ८ गते रौतहटमा भएको एक कार्यक्रममा पूर्वप्रधानमन्त्री एवम् नेकपाका वरिष्ठ नेता माधवकुमार नेपालले नेपालमा गणतन्त्र स्थापना भएपछि महिलाहरू वडा सदस्यदेखि वडाध्यक्ष, उपप्रमुख, मेयर, प्रदेश प्रमुख तथा राष्ट्रपतिसम्म भएको उल्लेख गर्दै अब मुख्यमन्त्री बन्न बाँकी रहेको बताएका थिए । त्यसको ठिक दुई वर्ष अघि प्रदेश ३ मा मुख्यमन्त्रीको निर्वाचन हुँदा तात्कालीन एमालेकी अष्टलक्ष्मी शाक्यले पहिलो महिला मुख्यमन्त्री पाउने अवसर गुमाएकी थिइन । त्यतिबेला ७ प्रदेशमध्ये मुख्यमन्त्रीको एकमात्र दाबेदार थिइन् शाक्य । प्रदेशसभामा चुनाव लडेका र जितेका सबै पार्टीका महिलामध्ये राजनीतिक इतिहास र पदीय जिम्मेवारीका हिसाबले सबैभन्दा वरिष्ठ पनि थिइन् उनी । एमालेभित्र त केपी ओली र माधव नेपालहरु सरहको राजनीतिक इतिहास बोकेकी संघर्षशील महिला नेता पनि थिइन् । तर, पार्टीका शीर्ष नेताले पहल नगर्दा उनी चरम गुटबन्दीको शिकार बनिन् ।

त्यसअर्थमा अष्टलक्ष्मीको पराजय उनको व्यक्तिगत वा तात्कालीन एमाले भित्रको एउटा गुटको पराजय मात्र थिएन संघीय गणतन्त्र नेपालले गर्व गर्ने एउटा क्षण गुमाएको थियो भने ३३ प्रतिशत संवैधानिक अधिकार पाएका महिलालाई 'जिरो'मा पुगेको छ ।

नेकपा नेता नेपालको प्रसंग यहाँ किन प्रस्तुत गरियो भने नेताहरुले महिलाको वकालत त धेरै गर्छन् तर जब महिलाले नेतृत्व गर्ने समय आउँछ त्यतिबेला आफूले गरेका वकालत हराएर जान्छ । नेता नेपालले त्यतिबेला पहल गरेको भए शाक्य देशकै पहिलो मुख्यमन्त्री हुने थिइन तर अन्ततः उनको आफनै पार्टीले बेइमानी गर्‍यो ।

प्रदेश २ मा पहि यदाकता महिलालाई मुख्यमन्त्री बनाउने कुरा नउठेको पनि होइन । अहिले प्रदेश सरकार नै परिवर्तन गर्ने सत्तारुढ जसपा भित्र उठिरहेको सन्दर्भमा महिलालाई सत्ताको चाबी सुम्पिनु पर्ने सवाल पनि उठिरहेको छ ।

**मधेश आन्दोलनमा महिला**

नेपालका हरेक आन्दोलनमा मधेशी महिलाको भूमिका रहँदै आएको छ । मधेश आन्दोलनले पनि हेपिएका, थिचिएका महिलालाई लड्न सिकाएको हो । २०७२ को आन्दोलनले मधेशी महिलालाई राजनीतिक र सामाजिक रूपले थप सचेत बनाएको छ । नेपालको पहिलो सशस्त्र संघर्षमा परासी, बुटवल, भगवानपुर तथा झन्डेनगरमा डा केआई सिंह नेतृत्वको आन्दोलनमा मधेशी महिला कौलपति देवीले पनि नेतृत्वदायी भूमिका निर्वाह गरेकी स्वर्णिम इतिहास रहेको छ ।

यस्तै २०४६ मा प्रजातन्त्रका लागि भएको आन्दोलनका क्रममा सोहि वर्षको फागुन ९ गते धनुषाको यदुकुहामा प्रहरीले गोली चलाउँदा तीन मधेशी महिला सहिद भएका थिए । जानकीदेवी यादव, भुवनेश्वरीदेवी यादव, सोनावतीदेवी यादव नेपालकै प्रथम महिला सहिद हुन् । माओवादीको १० वर्षे युद्धका बेला पनि असंख्य मधेशी महिला आन्दोलनमा होमिएका थिए । माओवादी युद्धमा दलित र थारु महिलाको बढी सहभागिता थियो ।

*बाँकी अन्तिम पृष्ठमा*



**अनियमितता, भ्रष्टाचारका बारेमा प्रदेश २ का सरकार बदनाम भइरहेको छ : मनिष सुमन**

विचार : पृष्ठ २ मा



**प्रदेश २ को मुख्यमन्त्रीमा महिला आउनुपर्छ : कृष्णा सिंह**

अन्तर्वार्ता : पृष्ठ ३ मा

# 'प्रदेश २ को सरकार जनताप्रति पूर्ण असक्षम'

जनकपुरधाम । सयौंको बलिदानी र हजारौंको अंगभंगबाट 'अप्पन शासन, अप्पन प्रशासन' मूल नाराका साथ प्रदेश २ मा निर्माण भएको प्रादेशिक सरकार जनताप्रति पूर्णरुपमा असक्षम साबित भएको विभिन्न सर्वेक्षणहरुले प्रमाणित गर्दै आएको छ ।

मधेशी जनताको बलिदानी, त्याग र आन्दोलनबाट निर्मित भएको मो.लालबाबु राउत गद्दी नेतृत्वको सरकारले जनभावनाअनुरुप काम गर्न सकेन, भ्रष्टाचार र अनियमितता मौलायो भन्ने आरोप सत्तारुढ दलकै सांसदहरुले आरोप लगाइरहेका छन् ।

यसैक्रममा विभिन्न सञ्चारकर्मी, अभियन्ता र राजनीतिक नेता कार्यकर्ताहरुले प्रदेश २ सरकारको कामप्रति जनता कतिको सन्तुष्ट छन्, भन्ने विषयमा सर्वेक्षणहरु पनि गरिन थालिएको छ ।

यस विषयमा प्रदेश २ मा कार्यक्षेत्र बनाई पत्रकारिता गरिरहेका सञ्चारकर्मी अभिमनु पटेलले सामाजिक सञ्जालमा राखेको जिज्ञासा 'मुख्यमन्त्री मो.लालबाबु राउत गद्दीको नेतृत्वमा प्रदेश नं. २ को सरकार जनताप्रति के हो ? सक्षम कि असक्षम ?' भन्ने विषयमा करिब ९९% ले पूर्ण असक्षम रहेको मत जाहेर गरेका छन् ।

कतिपयले त मुख्यमन्त्री राउतसहितको टिमले नैतिकताको आधारमा राजीनामा दिनुपर्ने सुझावसमेत दिएका छन् । मधेशको नारा दिएर प्रदेश सरकारका मन्त्रीहरुले लुट्ने काम मात्र गरिरहेको कतिपय आरोपसमेत लगाएका छन् ।

संघीयताको जननी मानिने प्रदेश २ सरकारका मुख्यमन्त्रीदेखि मन्त्रीहरुसम्मले प्रदेशमा कुनै पनि उल्लेखनीय वा गौरवको योजना ल्याउन नसकेको गुनासाहरु सर्वत्र छन् । सत्तारुढ दलकै ग्रासरुटका जुझारु युवा नेता कार्यकर्ताहरुले मधेश आन्दोलन र शहीदको बदनामी भइरहेकोले तुरुन्त सबैलाई हटाएर जोशिला र केही गर्न सक्ने पात्रहरुलाई

*बाँकी अन्तिम पृष्ठमा*







# ओली–मोदी संवादको सन्देश

भारतको ७४ औं स्वतन्त्रताको दिवसको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीले भारतीय समकक्षी नरेन्द्र मोदीसँग टेलिफोन संवाद मात्र गरेनन उनले छुट्टै शुभकामना सन्देश दिएर नेपाल र भारतबीचको सम्बन्धलाई पुनर्ताजगीको प्रयास पनि गरे ।

प्रधानमन्त्री ओलीले भारतको ७४औं स्वतन्त्रता दिवसका अवसरमा टेलिफोनमार्फत भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई बधाइ तथा शुभकामना व्यक्त गरे पछि त्यसको सकारात्मक व्याख्या भइरहेको छ । फोन संवादमा प्रधानमन्त्री ओलीले आफू र नेपाली जनताका तर्फबाट प्रधानमन्त्री मोदीमार्फत भारतीय जनताको निरन्तर प्रगति तथा समृद्धिका लागि शुभकामना व्यक्त गरेका थिए । दुई प्रधानमन्त्रीबीचको संवादमा कोरोना भाइरस (कोभिड-१९) विरुद्ध आ-आफ्ना देशमा भएका पछिल्ला प्रयासबारे अनुभव आदान-प्रदान भएको र महामारी नियन्त्रणका लागि यस क्षेत्रमा मिलेर काम गर्ने प्रतिबद्धता जनाए । सोक्रममा प्रधानमन्त्री ओलीले महामारीविरुद्ध र जनजीवनको स्वास्थ्य रक्षार्थ कोभिडविरुद्ध खोपको आवश्यकता औंल्याउँदै भारतलगायत विश्वका वैज्ञानिक खोप विकास गर्न सक्षम हुने आशा व्यक्त गरे ।

नेपाल-भारतबीचको ऐतिहासिक सम्बन्धबारे दुवै देशका सरकार तथा जनता



जानकार हुँदाहुँदै पनि यदाकदा केही समस्या प्रखर रूपमा प्रकट हुने गरेका छन् । जहाँ राम्रो सम्बन्ध हुन्छ, त्यहाँ समस्या पनि हुने सायद प्राकृतिक नियम नै होर । सीमा समस्या समाधान गर्नुपर्ने स्वीकार भइरहेकै अवस्थामा नेपाली भू-भाग लिम्पियाधुरा, लिपुलेक, कालापानी समेटेर भारतले नयाँ नक्सा जारी गरेपछि दुईपक्षीय सम्बन्धमा तिक्तता अनुभव गरिएको छ । नेपालले आफ्नो राजनीतिक नक्सा अद्यावधिक गरेपछि समस्याको सूची लम्बिएको छ । तर नेपाल-भारतबीच जे-जति समस्या छन्, त्योभन्दा धेरै गुना ठूलो सहयोग नेपालले भारतबाट पाउँदै आएको छ । यसले पनि दुई देशबीचको सम्बन्ध तिक्त भए पनि राम्रो नै छ भन्ने सन्देश प्रवहा गरिरहेको छ ।

नक्साको विषयमा दुई देशका शीर्षस्थ नेताबीच निरन्तर औपचारिक अनौपचारिक संवाद नै हुन नसक्ने ठाउँमा पुगेको छैन फलस्वरुप दुई देशका प्रधानमन्त्रीबीच भएको संवादले पनि पुष्टि गरेको छ । नेपालले सीमालगायतका दुईपक्षीय सवाल वार्ताद्वारा समाधान गरौं भन्ने पत्र भारतलाई पठाएको छ र भारतले उपयुक्त समयमा वार्ताद्वारा नै समस्या समाधान गर्न सकिने प्रतिबद्धता व्यक्त गरेको छ । यसबाट पुष्टि हुन्छ- दुई देशबीच केही समस्या सूचीकृत भएका छन् र समाधान खोजेका छन् । ती जटिल र असाध्य पनि छैनन् ।

स्वतन्त्रता दिवसका अवसरका दुई प्रधानमन्त्रीबीच भएको वार्ताले संवादको शृङ्खला निरन्तर राखेको छ, यद्यपि यस्ता संवाद नितान्त औपचारिक मानिन्छन् तर यसको कूटनीतिक अर्थ र महत्व हुन्छ । नेपाल आफ्नो राष्ट्रिय हितका लागि जति उत्सुक छ, त्यति नै हर्षित भारतको उन्नतिमा रहँदै आएको छ । भारत आफ्ना छिमेकी मुलुकहरूसँगको असल सम्बन्धबाट नै अन्तर्राष्ट्रिय भूमिका निर्वाहमा अब्बल हुन सक्ने विचार भारतमै प्रवाहित छ । प्रधानमन्त्री मोदीले छिमेकीलाई पहिलो प्राथमिकता दिने प्रतिबद्धता दोहोर्‍याइ रहँदा नेपालले त्यसलाई विशेष महत्वले हेरेको छ । स्वाधीन भारतले प्राप्त गर्ने समृद्धिमा छिमेकी मुलुकले गर्व र साझेदारी गर्न सक्ने वातावरण भारतले नै बनाउनुपर्छ । भारत अब विगतको जस्तो छैन, क्षेत्रीय र अन्तर्राष्ट्रिय आर्थिक तथा राजनीतिक प्रभावका साथ उदाउँदो 'शक्ति' हुँदैछ ।

## सम्पादकीय

# प्रदेश २ को सरकार परिवर्तन गर

समग्र मधेश एक प्रदेश, स्वायत्त मधेश प्रदेश लगायतका नारासहित मधेशमा पटक-पटक आन्दोलन भयो। सयौंको संख्यामा मधेशीहरुको बलिदानी भयो, हजारौंको अंगभंग भयो। तत्पश्चात मधेशका आठ जिल्ला मात्रै रहेको प्रदेश २ मा मधेशी दलको नेतृत्वमा सरकार बनेको छ। प्रदेश २ को सरकारको सफलता र असफलताबाट पनि संघीयताको भविष्य निर्धारण हने भनिँदै आएको छ। तर प्रदेश २ को सरकारले कुनै पनि उल्लेखनीय र उदाहरणीय कार्य गर्न सकेको छैन। उल्टै मधेश आन्दोलनलाई बदनाम गराउँदै प्रदेश सरकारका मन्त्रीहरु विभिन्न अनियमितता तथा भ्रष्टाचारमा मुछिँदै आएका छन्। आन्दोलनको रापतापबाट बनेको सरकारले समग्र मधेश आन्दोलनलाई बदनाम गराइरहेको आरोपहरु आफ्नै पार्टीका नेता कार्यकर्ताहरुले लगाउँदै आएका छन्। राजपा र समाजवादी एकीकृत भई निर्माण भएको जनता समाजवादी पार्टी नेपालको अब संघीय संसद र प्रदेशमा संसदीय दलको नेता चुनिने भएको छ। अब प्रदेश २ मा नयाँ अनुहारहरुलाई मौका दिनुपर्ने माग उठिरहेको छ। अहिले वैश्विक महामारी कोरोना भाइरस (कोभिड-१९) को हटस्पट बनेको प्रदेश २ का मन्त्रीहरु भ्रष्टाचार र अनियमिततामै चुर्लुम्म डुबेको आरोप छ। प्रदेश २ मा कोरोना भाइरस समुदायस्तरमा प्रवेश गरिसकेको छ। मुख्य शहरहरु कोरोनाका केन्द्रको रुपमा परिणत भइरहेका छन्। दिनहुँ संक्रमितहरुको मृत्यु भइरहेको छ। तर यस्ता जनजीविकासँग जोडिएका विषयहरु प्रदेश २ सरकारको प्राथमिकतामा पर्न सकेको छैन।

**प्रदेश २ को सरकार पूर्णरुपमा असफल देखिएकोले नेतृत्वले गहिरो समीक्षा गर्नुपर्ने आवश्यकता छ। जसपाका केन्द्रीय नेतृत्वले आगामी कार्यकालका लागि सकभर महिलालाई एक पटक अवसर दिनुपर्ने आवाजहरु पनि उठिरहेका छन्। प्रदेश २ मा एकसे एक योग्य र सक्षम महिलाहरु सरकार चलाउन सक्ने छन्।**

विगतदेखि प्रदेश २ का मन्त्रीहरुमाथि व्यापक भ्रष्टाचार, अनियमितता र कमिशन खाने लगायतका आरोपहरु लाग्दै आएका थिए। महामारी फैलिएको बेलामा पनि मन्त्रीहरुको कार्य र व्यवहारमा कुनै परिवर्तन नआएपछि सत्तारुढ दलकै सांसदहरुले प्रदेश २ का मन्त्रिमण्डल परिवर्तन गरी काम गर्ने क्षमतावान र स्वच्छ छविका अनुहारहरु पठाउन पार्टी नेतृत्वलाई सामूहिकरुपमा दबाब दिन केन्द्रीय कार्यालय पुगेका थिए। प्रदेशका मन्त्रीहरु भ्रष्टाचारमा चुर्लुम्म डुबे, व्यापक अनियमितता गरे, कमिशनमा लागे, जातिवादलाई बढावा दिए, संघीयता विरुद्ध जनमत तयार गरे, आगामी चुनावमा क्षतिको सम्भावना रहेको भन्दै सत्तारुढ दल जनता समाजवादी पार्टी नेपालकै १५ जना सांसदले अध्यक्ष तथा शीर्ष नेताहरुलाई डेलिगेशन दिएका छन् भने कतिपय सांसदहरु प्रदेशबाटै दबाब निर्माण गरिरहेका छन्। अधिकांश सांसदहरु मन्त्रीहरुको कार्यशैलीबाट रुष्ट छन्।

कोरोना भाइरस रोकथाम तथा नियन्त्रणभन्दा पनि मन्त्रीहरु भ्रष्टाचार र व्यापक अनियमिततामा लागेको भन्दै सत्तारुढ दलकै १५ जना सांसदले जसपाका अध्यक्षद्वय महन्थ ठाकुर र उपेन्द्र यादव, वरिष्ठ नेताहरु डा.बाबुराम भट्टराई, राजेन्द्र महतो, शीर्ष नेताहरु महेन्द्र यादव, शरत्सिंह भण्डारी, राजकिशोर यादव, अनिल कुमार झा लगायतलाई छुट्टाछुट्टै भेटी सबै मन्त्रीहरुलाई हटाउन माग गरेका छन्। पार्टीप्रति जिम्मेवार नेता कार्यकर्ताहरुले नेतृत्वलाई लोभलालचमा नफँसी पार्टी जोगाउन मन्त्रिमण्डल परिवर्तनको विकल्प नरहेको माग गरिरहेका छन्। मन्त्रीहरुले आफूहरुको निरन्तरताका लागि जति पनि आर्थिक प्रलोभन दिन सक्ने स्रोतको दाबी गरिएको छ। ती मन्त्रीहरु अध्यक्षद्वयलाई लोभलालचसमेत दिइरहेको स्रोतको दाबी छ। प्रदेशका मन्त्रीहरु पूर्णरुपमा मधेश आन्दोलन र मधेशी शहीदलाई बदनाम गरिरहेकोले अविलम्ब मन्त्रिपरिषद्मा फेरबदल हुनुपर्ने माग ती सांसदहरुको छ।

डेलिगेशन दिने सांसदहरुले प्रदेशमा मन्त्रीहरुको कार्यशैलीका कारण प्रदेश सरकार बदनाम भएको, भ्रष्टाचारले चरम सीमा नाघेको, जातिवाद मौलाएको, आर्थिक चलखेल गरेकोले पार्टीको जनाधार बिग्रिरहेको, संघीयता विरुद्ध जनमत तयार भइरहेकोले पार्टी नेतृत्वलाई आग्रह गरेका छन्। प्रदेश २ का सांसदहरुले आफूहरुले सम्पूर्ण मन्त्रिमण्डल नै परिवर्तनका लागि पार्टीका शीर्ष नेतृत्वलाई भेटेरै दबाब दिएको कुरा बताउँदै आएका छन्। प्रदेश २ का सरकारबाट अलिकति पनि सन्तुष्ट हुने ठाउँ छैन। अहिलेसम्म जनताले महसुस गर्ने एउटा पनि काम यो सरकारले गर्न सकेन। त्यसैले सबैलाई हटाएर नयाँ अनुहार आउनुपर्छ भन्ने आवाज जसपाका आम नेता कार्यकर्ताहरु बताउँछन्। प्रदेश २ को सरकार पूर्णरुपमा असफल देखिएकोले नेतृत्वले गहिरो समीक्षा गर्नुपर्ने आवश्यकता छ। जसपाका केन्द्रीय नेतृत्वले आगामी कार्यकालका लागि सकभर महिलालाई एक पटक अवसर दिनुपर्ने आवाजहरु पनि उठिरहेका छन्। प्रदेश २ मा एकसे एक योग्य र सक्षम महिलाहरु सरकार चलाउन सक्ने छन्। तसर्थ, अविलम्ब अहिलेका सबैलाई फिर्ता बोलाई जोशिला र काम गर्न सक्नेलाई प्रदेश २ को सरकारमा पठाउनुपर्छ।

# प्रदेश २ को सरकारमा नयाँ नेतृत्व आउँछन्



मनिष सुमन

**अब हामी छिट्टै नै संसदीय दलको नयाँ नेता चयन गर्ने र अहिले रहेको संरचना नदेखिन सक्छ। आगामी संरचना अलि जोशिला अनुहार र जसले प्रदेशका लागि केही गर्न सक्दछन्। यो आशाका साथ हामी सबै बसेका छौं। छिट्टै यसको निरुपण हुन्छ। संसदीय दलकै नेता मुख्यमन्त्री बन्ने संवैधानिक प्रावधान रहेकोले नयाँ नेता चयन भएपछि निश्चितरुपमा नयाँ अनुहार आउँछन्।**

आम जनताको उत्कट इच्छापश्चात् राजपा र समाजवादीबीच एकीकरण भयो र एकीकृत पार्टीको यो पहिलो ऐतिहासिक बैठक थियो। बैठकको सुरुका दिन परिचयमै सम्पन्न भयो। त्यसपछि विभिन्न प्रस्तावहरुमाथि वृहत छलफलपछि भएका सबै निर्णयहरु महत्वपूर्ण नै छन्। हामीले मंसिर मसान्तसम्म टोल, वडा समितिदेखि लिएर केन्द्रसम्म दुवै पार्टी पूर्णरुपले समायोजन गर्ने, कसरी अनुशासित रहने, पार्टीको आगामी लक्ष्य के हुने, कुन समाजवादमा हामी जाने, वर्तमान सरकारप्रति हाम्रो दृष्टिकोण, नागरिकता, रेशमलाल चौधरी जस्ता सबै गहन विषयहरु बैठकपश्चात् निर्णयहरुमा लेखिएको छ। तसर्थ, बैठकबाट धेरै महत्वपूर्ण निर्णयहरु गरिएको छ।

अहिले विषम् परिस्थिति छ, तपाइँहरुको सरकार रहेको प्रदेशमा कोरोनाको भयावह हुँदै गइरहेको छ। जिल्लाहरुमा ल्याब छैन, परीक्षणको दायरा बढ्न सकेको छैन। जनताले प्रदेश सरकारको अनुभूति गर्न पाएनन् भन्ने गुनासाहरु छन्। जनता समाजवादी पार्टी पूरै देशको पार्टी हो। कुनै प्रदेश विशेषको मात्रै होइन। यद्यपि बैठकमै प्रदेश २ का मुख्यमन्त्री पनि सदस्य भएको नाताले त्यो विषय पनि उठेको हो। कोरोनाको यो आतंकलाई कसरी रोक्न सक्ने भन्ने कुराहरु नउठेको होइन। यस विषयमा हामीले सल्लाह पनि दिएका हौं। पार्टी निर्णयमा पनि कोभिड-१९ बारे लेखिएको छ। यो कुनै क्षेत्र, गाउँ, बस्ती विशेषको समस्या पनि होइन। हामी नेपाली भएपछि सिंगो नेपालकै बारेमा सोच्नुपर्छ। यसमा सरकारले अलि गम्भीरताका साथ भूमिका निर्वाह गर्न सक्थ्यो। प्रत्येक घरमा कमसेकम एक पीसीआर टेष्ट गराइनु पर्दथ्यो। संक्रमण समुदायमा फैलिसक्यो।

यस्तो महामारीका बेला प्रदेश सरकारको कुनै भूमिका नै देखिएन। मृतक र संक्रमितको तथ्यांक संकलन गर्ने बाहक अन्य केही पनि गर्न सकेन भन्ने गुनासोहरु आइरहँदा आफ्नो पार्टी नेतृत्वको सरकारले किन जनतालाई अनुभूत गराउन सकेन। सबै गुनासोमा मेरो पनि समर्थन छ। हाम्रो पार्टीले पनि प्रदेश २ को सरकारले धेरै राम्रो काम गऱ्यो, कुनै गुनासो नै छैन भनेर भनेको छैन। आफैले बनाएको सरकारको गुनासो आफ्नै पार्टीमा गर्ने निकाय होइन। पार्टीको सर्वोच्च निकाय केन्द्रीय कार्यकारिणी समिति हो। पार्टीले चाह्यो भने कुनै पनि बेला सरकारका पात्रहरु फेर्न सक्छ। पार्टीले आन्तरिकरुपमा प्रदेश सरकारलाई निर्देशन दिएकै छ। वास्तवमै प्रदेश सरकारले मृतक र संक्रमितको तथ्यांक संकलन गर्न बाहेक केही खासै गर्न सकेको छैन। प्रदेश सरकारले भएको बजेटलाई पनि कोरोना संक्रमण नियन्त्रण तथा रोकथामका लागि प्रयोग गर्न सकेको छैन। प्रदेश सरकारले किनेको मेसिनहरु राम्ररी काम गरिरहेको छैन। जनकपुरको मेसिन दिनको दुईचोटि बिग्रिन्छ।

आफ्नो सरकारले किन राम्ररी काम गरेन, अबदेखि राम्ररी काम गर भन्ने किसिमको त्यो कुरो उठेको हो। बैठकमा प्रदेश सरकारले किन राम्ररी काम गर्न सकेन, भ्रष्टाचारको त्यत्रो ठूलठूलो आरोप किन लाग्यो लगायतका कुराहरु आन्तरिकरुपमा उठेको हो। हामीले बैठकको निर्णयमा लेखेको मात्र होइनौं। आन्तरिक निर्देशन पनि दिएका हौं।

वास्तवमा अहिलेसम्म सुधार त देखिएको छैन। प्रदेश सरकारले हामी यो गर्दैछौं, त्यो गर्दैछौं भनेर हामीलाई कन्भिन्स मात्रै गरिरहेको छ। निर्देशन दिइएको करिब एक हप्ता मात्रै भएको छ र परिणामका लागि यो पर्याप्त समय पनि होइन। हेरौं के गर्छ। केन्द्रीय सरकारले त झन् निर्देशनात्मक आदेशबाहेक केही गरेकै छैन। जे भएपनि अहिले स्थानीय सरकारलाई धन्यवाद दिनैपर्छ।

विभिन्न अनियमितता, भ्रष्टाचारका बारेमा प्रदेश २ का सरकार बदनाम भइरहेको छ। छुट्टाछुट्टै पार्टी (राजपा र समाजवादी) हुँदा निगरानी नभएको होइन, भएको हो। तत्कालीन राजपाले त महेन्द्र राय यादवको नेतृत्वमा समिति नै बनाएको थियो। हाम्रो पार्टी भनेको लोकतन्त्र र विधिमा विश्वास गर्छ। हामी नेकपाजस्तो प्रदेशमा हुकुम चलाउने होइन। हामीले नेकपा जस्तो उदण्डतापूर्ण तरिकाले प्रदेशको नाम र राजधानी यो वा त्यो नै राख भनेर निर्णय गर्देनौं। प्रदेश सरकार वा प्रदेशसभाको अधिकार क्षेत्रभित्र रहेका कुराहरुमा प्रदेशसभा र सरकार निर्णय गर्न सक्षम छ भन्ने विश्वासका साथ हामीले सरकार सञ्चालन गरिरहेका छौं।

प्रदेश सरकार गठन भएको अढाइ वर्षसम्म पनि जनताले सरकारको अनुभूति गर्न पाएनन्, व्यापक अनियमितता भयो भन्ने गुनासोसहित केन्द्रीय नेतृत्वलाई डेलिगेशन दिएका छौं। पार्टीको तर्फबाट सांसद भएपछि अनियमितता, आफ्नो गुनासोहरु पार्टी नेतृत्वलाई सुनाउनुपर्छ। आफ्नै सरकारको विरुद्ध सञ्चारमाध्यम वा बाहिर बोल्नुभन्दा पार्टी नेतृत्वमा गएर निवेदन गर्नु लोकतान्त्रिक विधि पनि हो। हामी त्यो विधि अपनाएर पार्टी नेतृत्वलाई प्रदेश सरकारले विनियोजन गरेको बजेट, रेडबुक, सरकारविरुद्ध उठेका आवाजहरु, मन्त्रीहरुले गरेका बेथितिपूर्ण कामहरुका बारेमा हामीले पार्टी नेतृत्वलाई अवगत गराएका छौं। पार्टी नेतृत्वले यी कुराहरुलाई गम्भीरताका साथ लिएको पनि छ। हाम्रो पार्टी एकीकरण भयो भन्ने कुरा राजपत्रमा प्रकाशित भइसक्यो। एकीकृत पार्टीको संसदीय दलका नेता मुख्यमन्त्री हुनेछ भन्ने कुरा नेपालको संविधानको धारणा १८९ मा उल्लेख छ। सोहीअनुसार अब हामी छिट्टै नै संसदीय दलको नयाँ नेता चयन गर्ने र अहिले रहेको संरचना नदेखिन सक्छ। आगामी संरचना अलि जोशिला अनुहार र जसले प्रदेशका लागि केही गर्न सक्दछन्। यो आशाका साथ हामी सबै बसेका छौं। छिट्टै यसको निरुपण हुन्छ।

संसदीय दलकै नेता मुख्यमन्त्री बन्ने संवैधानिक प्रावधान रहेकोले नयाँ नेता चयन भएपछि निश्चितरुपमा नयाँ अनुहार आउँछन्। पार्टी एक भएपनि अहिलेसम्म त प्रदेश २ मा हाम्रो दुई जना संसदीय दलका नेता छन्। दल एकीकृत भइसकेपछि एउटा नेता छिट्टै चयन हुन्छ। त्यसैले प्रदेश २ मा अब नयाँ टीम आउँछ।

मलाई त्यस्तै लाग्छ। अब पूरानो अनुहारलाई नै दोहोऱ्याउनुभन्दा पार्टीका सबै साथीले मौका पाउनुपर्दछ। तसर्थ नयाँ अनुहारहरु नेतृत्वमा आउँछन्।

संघीय संसदमा महतोलाई दलको नेता

राजपा र समाजवादीबीच एकताको बेला एकीकृत पार्टीको संघीय संसदमा संसदीय दलको नेता राजेन्द्र महतोलाई बनाउने सहमति भएको भन्ने कुराहरु बाहिर आइरहेको छ। एकीकरणका बेला संघीय संसदको नेता राजेन्द्र महतोलाई बनाउने कुरा सहमति भएको हामीले पनि सुनेका छौं। एकीकृत हुने बेला म त्यो बैठकमा थिएन। तर सुनेका छौं। हो, वास्तवमा राजेन्द्र महतोजी योग्य हुनुहुन्छ, उहाँलाई दिइनुपर्छ। सबैथोक सहमतिकै आधारमा हुँदै आइरहेको छ। भविष्यमा पनि सबैथोक सहमतिकै आधारमा हुन्छ।

प्रधानमन्त्री मानसिकरुपमा कमजोर

प्रधानमन्त्रीप्रति तपाइँहरुको विज्ञप्तिमा आएको कुरालाई लिएर प्रधानमन्त्रीका सल्लाहकारले आपत्ति जनाउनुभएको छ। जसपाको विज्ञप्तिप्रति प्रधानमन्त्री रिसाउनु, उहाँको तलब खाने प्रेस सल्लाहकार रिसाउनु स्वाभाविकै हो। त्यसलाई हामीले अस्वाभाविक लिएका होइनौं। जसपाले विज्ञप्तिमा लेखेको शब्दहरु मर्यादित र उचित छन्। साँच्चै नै प्रधानमन्त्री शारिरीकरुपले कमजोर हुनुहुन्छ र मानसिकरुपले पनि कमजोर रहेको कुरो उहाँको व्यवहारबाट देखिन्छ। कसैले भन्न नसकेका हुन्, जसपाले भन्यो, ठिक भनेको छ। यो कुरा सुनेपछि प्रधानमन्त्रीका आसेपासे रिसाउनु अस्वाभाविक होइन। कुनै पनि हालतमा हामीले आफ्नो शब्द फिर्ता लिँदैनौं। बरु जोसँग जे हुन्छ त्यसको सामना गर्न तयार छौं।

*(सुमनसँग गरिएको कुराकानीमा आधारित)*

## स्वस्थ खानपान र जीवनशैलीबाटै कोरोनालाई परास्त गर्न सकिन्छ : मन्त्री त्रिपाठी

काठमाडौं। स्वास्थ्य नै सबैभन्दा ठूलो धन हो। स्वस्थ जीवनका लागि मानिसले गर्ने सबै प्रयास त्यतिबेला सार्थक हुन्छ जतिबेला ऋषि महर्षिहरुले प्रतिपादन गरेको जीवन शैली अपनाउन सकिन्छ। तर सबै मानिसलाई स्वास्थ्य जीवनको सिद्धान्त पत्तो हुँदैन। त्यही अभावलाई परिपूर्ति गर्न आयुर्वेद क्षेत्रका तीन चिकित्सकले पुस्तक तयार गरेका हुन्।

औषधि व्यवस्था विभागमा कार्यरत चिकित्सक डा. सन्तोषकुमार ठाकुर, आयुर्वेद क्याम्पस त्रिभुवन विश्वविद्यालयमा कार्यरत डा. मिथिलेशकुमार साह र राष्ट्रिय आयुर्वेद अनुसन्धान तथा तालिम केन्द्र काठमाडौंमा कार्यरत डा. निर्मल भुसालद्वारा संयुक्त



रुपमा लिखित 'स्वस्थ जीवनशैली' पुस्तकमा आयुर्वेदको सिद्धान्त र स्वस्थ जीवनशैलीका लागि अपनाउनु पर्ने सबै उपाय समावेश गरिएको छ। ब्रदर बुक्स प्रकाशन प्रालिद्वारा प्रकाशित सो पुस्तक संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री हृदयेश त्रिपाठीले औपचारिक रुपमा सार्वजनिक गरेका छन्।

आफ्नै कार्यकक्षमा पुस्तकका लेखकहरु र सचिवालयका केही सीमित व्यक्तिहरुको उपस्थितिमा पुस्तक सार्वजनिक गरेपछि मन्त्री त्रिपाठीले अहिलेको सन्दर्भमा उक्त पुस्तक बहुउपयोगी हुने धारणा राखेका थिए। कोभिड १९ को औषधि नआइसकेको अवस्थामा स्वस्थ खानपान र जीवनशैलीबाटै कोरोनालाई परास्त गर्न सकिने हुँदा सार्वजनिक पुस्तकमा यी कुराहरुलाई लेखकहरुले निकै मेहनतपूर्वक उल्लेख गरेकोमा लेखकहरुलाई धन्यवाद प्रकट गरेका थिए।

कार्यक्रममा लेखकहरुले आफूहरुको प्रयास मानिसलाई स्वस्थ राख्ने उद्देश्य रहेको बताउँदै स्वास्थ्य जीवनशैलीका आवश्यक खुराक पुस्तकमा समावेश गरेको बताउँदै पुस्तकको अनुसारण गर्न सके मानिसलाई कोभिड १९ जना संक्रामक रोगले पनि केही गर्न नसक्ने विश्वास व्यक्त गरेका थिए।

# विमलेन्द्र निधिलाई सभापतिमा मौका दिनुपर्छ



**मिनाक्षी झा**
**प्रतिनिधिसभा सदस्य, नेपाली कांग्रेस**

निश्चितरुपमा विमलेन्द्र निधिलाई कांग्रेसको सभापतिमा एक पटक मौका दिनुपर्ने हो। किनभने उहाँ अर्को महाधिवेशन आउँदासम्म ७० पुग्नुहुन्छ। त्यसपछि नयाँ पीढिलाई हस्तान्तरण गर्ने सोचिसक्नुभएको छ। उहाँ शेरबहादुर दाईको धेरै नजिकको मान्छे हुनुहुन्छ। शेरबहादुर दाईले उहाँलाई आश्वासन दिनुभएको छ रे। आश्वासन दिएपछि शेरबहादुर दाईले पूरा गर्नुपर्‍यो नि। शेरबहादुर दाई अहिले एउटा अभिभावकको भूमिकामा हुनुहुन्छ।

**० कोरोना कहरकै बीच नेपाली कांग्रेसले आफ्नो १४औं महाधिवेशनको कार्यतालिका सार्वजनिक गरेको छ। तोकिएकै मितिमा महाधिवेशन हुने सम्भावना देख्नुहुन्छ ?**

– कार्यतालिकाअनुसार नेपाली कांग्रेसको १४औं महाधिवेशनका कार्यक्रमहरु सुरु भइसक्नुपर्ने थियो। तर कोरोना महामारीले गर्दा नै अहिलेसम्म प्रक्रिया सुरु हुन सकेको छैन। कांग्रेसको विधानअनुसार तोकिएको मितिमा महाधिवेशन गर्नै पर्ने छ। अहिलेको परिस्थितिलाई मध्यनजर गर्दै कार्यतालिकाअनुसार महाधिवेशन गर्न सकिन्छ कि सकिँदैन भन्ने कुरामा विचार गर्दै आगामी कार्यदिशा तय हुन्छ। तर, समयमा नै महाधिवेशन गर्नुपर्छ। जसरी पनि महाधिवेशन गर्नुपर्ने भएकोले यसबारे पार्टीले केही निर्णय गर्छ होला।

**० दिनप्रति दिन कोरोनाको कहर बढ्दै गएको छ, कसरी जसरी पनि महाधिवेशन गर्न सकिन्छ त ?**

– कांग्रेसको विधानमा चार वर्षमा महाधिवेशन हुनुपर्ने भनिएको छ। यदि त्यो अवधिमा हुन सकेन भने कार्यकाल एक वर्ष थप्न सकिने प्रावधान छ। अहिले ६ महिना समयावधि थप्न सकिन्छ भन्ने कुरा संविधानमै आएकोले बढाउन सकिन्छ। चार वर्षको अवधि सकिसकेको छ, आउँदो फागुनमा एक वर्ष बढी हुन्छ। यो फागुनसम्मै गर्न सकियो भने पार्टीका नेताहरुको विचार छ। कोरोनाले गर्दा यदि सम्भव भएन भने आउँदो भाद्रभित्रै गर्नुपर्ने समय तोकिएकोले जसरी पनि गर्नैपर्छ।

**० महाधिवेशनकै मुखमा सभापति शेरबहादुर देउवाले विधि र विधानविपरीत विभागहरु गठन गर्नुभयो भन्ने आरोपहरु पनि छ नि ?**

– महाधिवेशनको मुखमा सभापति शेरबहादुर देउवाले गर्नुभएको विभागहरु विधानविपरीत होइन। विधानमा दुई महिनाभित्र विभागहरु गरिसक्नुपर्ने भनिएको छ। तर त्यसमा पनि सभापतिको अधिकारक्षेत्रभित्र पर्दछ। सभापतिको बहुमत पनि भएकोले उहाँले आफ्नो अधिकारको प्रयोग गर्नुभएको हो। तर सभापतिले पार्टीका सबै नेतालाई मिलाएर सहमतिमा विभागहरु गठन गर्नुपर्ने कुरा थियो। अंशवण्डाको कुरा त्यहाँ पनि आयो। विगतमा अन्य पक्षले सभापतिलाई सहयोग नगरेपछि अहिले एकलौटी गर्नुभएको हो।

**० नेपाली कांग्रेसको सभापतिमा विमलेन्द्र निधिको पनि चर्चा छ, अब कस्तो नेतृत्व आउने हो ?**

– राजनीति गर्नेले उच्च पदमा पुग्ने सबैको इच्छा हुन्छ। शेरबहादुर देउवा र रामचन्द्र पौडेल पार्टीका शीर्ष नेता हुनुहुन्छ। उहाँहरु पछिका नेता विमलेन्द्र निधि हुनुहुन्छ। कांग्रेसमा निधिको ५० वर्षको लगानी छ। उहाँले एक कार्यकाल सभापति चलाएपछि अर्को पटक फेरि युवापिढीलाई हस्तान्तरण गर्दै जाने विचार राख्नुभएको छ। यो कुरालाई गर्व नै लाग्छ। उहाँले युवापिढीका लागि पनि सोच्नुभएको छ। नेताहरुले आफैलाई दोहोर्‍याई तेहर्‍याई आफू मात्र नेता हुँ भन्ने सोच्छन्। तर उहाँले अरुका लागि पनि सोचिदिएको हुनाले उहाँ पार्टीका लागि योग्य हुनुहुन्छ भन्ने मैले ठानेको छु। उहाँले अहिले पनि शेरबहादुर दाईको सल्लाहमै सभापतिमा लड्ने भन्नुभएको छ। त्यो पनि उहाँको महानता नै हो। उहाँले सभापतिका लागि इच्छा राख्नु स्वाभाविक नै हो। लामो समयको उहाँको राजनीतिक इतिहास छ, ठूलो लगानी छ, त्यो किसिमको राजनीतिक छवि पनि छ।

**० भनेपछि निधिलाई मौका दिनुपर्ने हो ?**

– निश्चितरुपमा विमलेन्द्र निधिलाई कांग्रेसको सभापतिमा एक पटक मौका दिनुपर्ने हो। किनभने उहाँ अर्को महाधिवेशन आउँदासम्म ७० पुग्नुहुन्छ। त्यसपछि नयाँ पीढिलाई हस्तान्तरण गर्ने सोचिसक्नुभएको छ। उहाँ शेरबहादुर दाईको धेरै नजिकको मान्छे हुनुहुन्छ। शेरबहादुर दाईले उहाँलाई आश्वासन दिनुभएको छ रे। आश्वासन दिएपछि शेरबहादुर दाईले पूरा गर्नुपर्‍यो नि। शेरबहादुर दाई अहिले एउटा अभिभावकको भूमिकामा हुनुहुन्छ। उहाँले आफूले दिएको आश्वासन पूरा गर्नुभयो भने उहाँको इज्जत कम हुँदैन, झन् बढ्छ। म त शेरबहादुर दाईलाई पनि भन्न चाहन्छु कि यदि आश्वासन दिनुभएको छ भने पूरा गर्नुपर्‍यो। यदि भन्नुभएको छैन भने पनि विमल दाईको इच्छा छ भने दिनुस् भनेर म भन्न चाहन्छु।

**० मुलुकमा बढ्दै गएको कोरोनाको कहर रोकथाममा सरकार असफल हुँदै गइरहेको छ। प्रमुख प्रतिपक्षी कांग्रेसको भूमिका पनि देखिएन ?**

– कांग्रेसले सुरुदेखि नै कोरोना रोकथाम तथा नियन्त्रणका लागि आवाज उठाउँदै आएको छ। कांग्रेसको हात अहिले केही पनि नरहेको केही गर्न सक्ने अवस्था छैन। अहिले पनि हाम्रा सभापति शेरबहादुर देउवाले प्रधानमन्त्रीलाई भेटेर कोरोना रोकथाममा सरकार गम्भीर बन्नुपर्ने सुझाव दिएपनि सरकारको ध्यान गएको छैन। प्रतिपक्षले सरकार र सत्तारुढ दललाई दबाब दिनबाहेक अरु केही गर्न सक्ने अवस्था पनि छैन।

**० तर यतिबेला कांग्रेसले आफ्ना विभिन्न भ्रातृ संगठनहरुलाई परिचालन गर्नुपर्ने होइन र ?**

– मुलुकको कुनै पनि समस्यासँग जुध्न मुख्य भूमिका सरकारकै हुनुपर्ने हो। तर पनि कांग्रेसले आफ्ना भ्रातृ संगठनहरु तरुण दल, नेविसंघले पनि सरकारलाई ज्ञापनपत्र पनि बुझाएको थियो। सरकारले पनि प्रदेश र स्थानीय निकायको दायित्व हो भनेर पन्छिरहेको छ। कांग्रेसले प्रदेश, स्थानीय तह र संघीय सरकारलाई समेत सचेत गराउँदै आएको छ। जनताले बुझोस् कि यो दुई तिहाइको सरकारले केही गर्न सकेको छैन। हामी सबै आआफ्नै तरिकाले सचेत हुनुपर्छ। कांग्रेसले जनताको जीउज्यान जोगाउनका लागि ठाउँ-ठाउँमा आफ्ना कार्यकर्ता पनि परिचालन गरेको छ। सचेतना पनि फैलाइरहेको छ। प्रतिपक्षको भूमिको भनेको संसदमै देखिन्छ। यस्तो अवस्थामा एकाएक संसद बन्द गर्नुपर्ने अवस्था थिएन। संसदमा विभिन्न महत्वपूर्ण विषयहरुमा छलफल गर्नुपर्ने थियो, कोरोनाको विषयमा रणनीतिहरु तयार गर्नुपर्ने थियो। यस्तो विषम् परिस्थितिमा पनि सत्तारुढ दलभित्र सरकार परिवर्तनको खेल भइरहेको छ। यो कुरा जनताले बुझ्नुपर्ने हुन्छ कि कुन दललाई जितायौं। प्रतिपक्षले पनि योभन्दा बढी भूमिका हुनुपर्छ।

**० प्रतिपक्षको भूमिका अब कस्तो हुनुपर्छ ?**

– अब प्रतिपक्षले प्रदेश र स्थानीय तहका प्रतिनिधिहरुलाई घच्घचाउनुपर्छ पर्छ कि संघीय सरकारले केही गर्न सकेन भने अब तपाईंहरुले नै जनताको जीउज्यानको रक्षा गर्न अग्रसरता लिनुपर्छ। कांग्रेस त जहाँ पनि प्रतिपक्षमै छ। स्थानीय तहमा कांग्रेसको तर्फबाट रहेका जनप्रतिनिधिहरुलाई नेतृत्वले निर्देशन दिएकै छ। स्थानीय तहमा पनि संघले पूर्ण अधिकार दिएको छैन।

**० प्रदेश सरकारको भूमिको कस्तो देख्नुहुन्छ ?**

– अहिलेको अवस्थामा प्रदेश सरकारको जुन भूमिका हुनुपर्ने थियो, त्यो देखिएको छैन। प्रदेश सरकारले पनि संघलाई गाली मात्रै गरेर बसिरहेको छ। आफ्नो दायित्व त्यति बुझेको छैन। संघमा जसरी कमिशनको खेल छ, प्रदेशमा पनि त्यस्तै कमिशनको खेल भइरहेको छ। जहाँ कमिशन आउँदैन त्यहाँ ढिलो हुन्छ। प्रदेश २ का मुख्य व्यक्तिहरुलाई पनि कोरोना संक्रमण भएको छ। संघले प्रदेश र स्थानीय निकायलाई दोष देखाउँछ। एक अर्कालाई दोषारोपण गरेर नै जनता अहिले पीडित भइरहेका छन्। यो नहुनुपर्ने अहिले पनि सुधार होस्।

**० मुलुकमा तीन तहको सरकार भएपनि जनताले अनुभूति गर्न पाएका छैनन् ?**

– सुरुदेखि संघलाई गाली गर्ने बानी भएर अहिले पनि प्रदेशले आफ्नो जिम्मेवारी नबुझेर केन्द्र गाली मात्रै गरेर बसिरहेका छन्। केन्द्रले दायित्व बुझेको छैन भने आफ्नो दायित्व त बुझ्नुपर्‍यो नि।

# प्रदेश २ को मुख्यमन्त्रीमा महिला आउनुपर्छ

मुख्यमन्त्रीका लागि महिला नेतृले निर्वाचनको सामना गर्नुपर्ने हुन्छ। महिला नेतृत्वहरुले आफूलाई पहिला साबित गर्नुपर्छ कि म पनि मुख्यमन्त्रीलाई योग्य छु भनेर। रानी शर्मा, सुरिता साह लगायत अन्य महिला नेतृहरुले आफूलाई संसदीय दलका नेताका लागि म पनि योग्य छु भनेर आउनु त पर्‍यो नि। उहाँहरु पनि चुनाव जितेर नै अहिले सांसद बन्नुभएको छ। संसदीय दलको नेताका लागि आफ्नो पार्टीभित्र लड्नुपर्ने हुन्छ। हारजित आफ्नो ठाउँमा छ तर दाबेदारी त छोड्नु हुँदैन नि।



**कृष्णा सिंह**
**युवा नेता, जनता समाजवादी पार्टी नेपाल**

**० प्रदेश २ कोरोनाको हटस्पट बनेको छ। समुदायस्तरबाट कोरोना संक्रमितहरु फेला परिरहेका छन्। प्रदेश २ मा कोरोना रोकथाम तथा नियन्त्रणमा प्रदेश सरकार चुकेको हो कि संघले सहयोग गरेन ?**

– प्रदेश २ मा पहिला अस्पतालहरुकै अवस्था एकदम दयनीय थियो। संघीय संरचनानुसार प्रदेश सरकारहरु गठन भएपछि प्रादेशिक अस्पताल भयो र कोरोना आइसकेपछि विभिन्न अस्पतालहरु गठन गरियो। यो महामारीका बेला स्वास्थ्य सामग्रीहरु ल्याएर पहिलेभन्दा अलिकति व्यवस्थित भएको छ। प्रदेश २ को जति जनसंख्या छ, खुल्ला सिमाना छ, त्योअनुसारको स्वास्थ्य सामग्रीहरु उपलब्ध हुनुपर्ने थियो त्यो छैन। क्वारेन्टाइनकै अवस्था राम्रो भइदिएको भए आज यस्तो भयावह अवस्था आउने थिएन। अहिले पनि प्रदेश २ मा चाहिने जति स्वास्थ्य सामग्री छैन, ल्याबहरु छैन, दक्ष जनशक्तिको अभाव छ। प्रदेश सरकारले पनि जति गर्नुपर्ने थियो, त्यति गर्न सकेको छैन। तर पहिलेभन्दा अहिले अस्पतालहरुमा धेरै सुधार आएको छ।

**० जसरी प्रदेश २ मा आठ वटा मात्रै जिल्ला छन्। प्रदेश सरकारको आधाभन्दा बढी बजेट गत आर्थिक वर्षमा फ्रिज भएको अवस्था छ। प्रत्येक जिल्लामा प्रदेश सरकारले कम्तीमा एउटा-एउटा ल्याब त राख्न सक्थ्यो नि ?**

– तपाईंसँग सहमत छु प्रदेश सरकारले धेरै कुरा गर्न सक्थ्यो तर गर्न सकेन। उहाँहरुको कमी कमजोरीहरु छन्। यदि प्रदेश सरकारले ल्याब ल्यायो भने पनि त्यसमा दक्ष जनशक्ति चाहियो, त्यसका लागि संघबाट नै पठाउने हो। प्रदेश २ को सरकारले आफ्नो पावर र पहुँचभन्दा बढी काम त गर्न सक्दैन। सामान खरिद गरेर वा टेण्डर गरेर मात्रै हुँदैन, त्यहाँ दक्ष जनशक्ति पनि पुर्‍याउनुपर्ने अवस्था हुन्छ। तर प्रदेश सरकारबाट पनि कमी कमजोरीहरु भएको हो। यसमा संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहबीच जुन समन्वयात्मक भूमिका हुनुपर्ने थियो त्यो पनि देखिएन। जब तीन तहको समन्वयात्मक भूमिका देखिँदैन भने कुनै एउटा मात्रै सरकारले महामारीलाई नियन्त्रण गर्न सक्दैन। त्यसैले तीनै तहका सरकारबीच जुन सम्वादहीनताको अवस्था छ, यसले पनि अहिले मुलुकमा कोरोनाको भयावह स्थिति बन्दै गइरहेको छ। यसको मारमा जनता परिरहेका छन्।

**० प्रदेश २ को सरकारप्रति तपाईंकै पार्टीका सांसदहरुले धेरै गुनासाहरु गरेका छन्। यो सरकारलाई परिवर्तन गर्नुपर्ने मागहरु आएका छन्। यसलाई कसरी हेर्नुहुन्छ ?**

– प्रदेश सरकारप्रति आफ्नै पार्टीका नेताहरुबाट गुनासो हुनु स्वाभाविक छ। प्रदेश सरकारका सबै साथीहरु अहिले नयाँ नै हुनुहुन्छ। तर, सबभन्दा मुख्य कुरा टीम वर्क हुन्छ। उनीहरुबीच टीम वर्क हुन सकेन। पार्टीबाट चलेको भए सबै कुरा नियन्त्रित हुन्थ्यो तर व्यक्तिहरुले आफ्नो तरिकाले चलाएकोले असन्तुष्टिहरु छन्। मन्त्रीहरुले सांसदहरुसँग टीम वर्क गर्न नचाहने, एक मन्त्रीले अर्को मन्त्रीलाई हेर्ने दृष्टिकोण फरक छ। सबैले आआफ्नै तरिकाले बजेट बाँडफाँड गर्ने, मन्त्रीले राज्यमन्त्रीलाई होच्याउने कामहरु भयो। त्यसैले राम्रो काम गर्नका जुन टीम वर्क देखिनुपर्ने थियो त्यो भएन। मन्त्रीहरुले कामै गरेन भन्ने छैन, तर सन्तोषजनक काम भएको छैन। विवादहरु बढी देखियो। कर्मचारीतन्त्रबाट पनि मन्त्रीहरुलाई अलिकति गाह्रो भएको होला। उहाँहरुले समन्वयात्मक तरिकाले जसरी काम गर्नुपर्ने थियो त्यो अवसर गुमाउनुभयो।

**० प्रदेश २ मा अहिले सरकारलाई निरन्तरता दिने कि परिवर्तन गर्ने ?**

– यही सरकारलाई निरन्तरता दिने कुरा छैन, सरकार परिवर्तन हुन्छ। हाम्रो राजपा र समाजवादीबीच एकीकरण भइसकेको अवस्थामा अब संसदीय दलको चुनाव हुन्छ। संसदीय दलमा सर्वसहमतिले भयो भने सबभन्दा राम्रो, होइन प्रतिस्पर्धाको आधारमा जो संसदीय दलको नेता बन्छ उसको नेतृत्वमा सरकार बन्छ। त्यसैले प्रदेश २ मा प्रतिस्पर्धाको बाटो खुलिसकेको छ, सबै लागिरहेका छन्। कसको नेतृत्वमा आगामी दिन राम्रो काम हुनसक्छ र कसलाई हाम्रा सांसदहरुले पठाउनु हुन्छ। त्यसमा निर्भर पर्छ। खासगरेर प्रदेश २ मा जसपाका सांसदहरुले भोटिङ्ग गर्ने हो। कुनै यस्तो अनुहार छ जसलाई सबैले स्वीकार गर्छ। त्यसैले प्रदेश २ मा संसदीय दलको चुनाव जसपाका लागि ठूलो चुनौती हो।

**० जसपाले अब बन्ने प्रदेश २ को सरकारमा महिलालाई मौका दिन सक्छ कि सक्दैन ?**

– हामीले अनौपचारिक कुराहरु गरिरहेका छौं। यदि त्यस्तै नै धेरै विवाद आयो भने शहीद परिवारबाट पनि हामीले सांसद बनाएका छौं, शहीद परिवारबाटै मुख्यमन्त्री बनाइदिँदा राम्रो हुन्छ भन्ने कुराहरु पनि आएको छ। शहीद परिवारबाट एक जना महिलाई मुख्यमन्त्री दिँदा केही फरक पर्दैन। यस्तो गरियो भने भोलीका दिन राम्रो सन्देश पनि जान्छ, शहीद परिवारप्रति सम्मान पनि हुनेछ। अर्को कुरा हामीसँग प्रदेश २ मा विभिन्न केन्द्रीयस्तरका महिला नेतृहरु पनि हुनुहुन्छ। हाम्रा पार्टीका तत्कालीन वरिष्ठ उपाध्यक्ष रानी शर्मा हुनुहुन्छ, उहाँ एउटा सवल नेतृ हुनुहुन्छ। यस्तै, सुरिता साह हुनुहुन्छ, उहाँ सञ्चार राज्यमन्त्री भइसक्नुभएको छ। प्रदेश २ मा हाम्रा वरिष्ठ महिला नेतृत्वहरु पनि छन्। वास्तवमा महिलाहरुलाई प्रदेशमा विभेद गरिएको छ। तर आउने दिनमा यी विभेदहरुको अन्त्य हुनेछ। तत्कालीन अवस्थामा हाम्रो पार्टीलाई महिलालाई अवसर नदिएको भन्दा पनि नपरेको हो। अब आउने दिनमा कम्तीमा महिलाई क्याबिनेट मिनिस्टर हुन्छ भन्ने आशा छ।

**० महिलालाई नै मुख्यमन्त्री बनाउन जसपालाई के अप्ठ्यारो छ त ?**

– मुख्यमन्त्रीका लागि महिला नेतृले निर्वाचनको सामना गर्नुपर्ने हुन्छ। महिला नेतृत्वहरुले आफूलाई पहिला साबित गर्नुपर्छ कि म पनि मुख्यमन्त्रीलाई योग्य छु भनेर। रानी शर्मा, सुरिता साह लगायत अन्य महिला नेतृहरुले आफूलाई संसदीय दलका नेताका लागि म पनि योग्य छु भनेर आउनु त पर्‍यो नि। उहाँहरु पनि चुनाव जितेर नै अहिले सांसद बन्नुभएको छ। संसदीय दलको नेताका लागि आफ्नो पार्टीभित्र लड्नुपर्ने हुन्छ। हारजित आफ्नो ठाउँमा छ तर दाबेदारी त छोड्नु हुँदैन नि।

**० मुख्यमन्त्रीका लागि महिला नेतृहरु आफैं अगाडि आउनुपर्‍यो ?**

– जबसम्म आफै अगाडि बढ्दैन तबसम्म अरु कसैले तपाईंलाई त्यो ठाउँमा पुर्‍याइदिँदैन। महिला नेतृत्वहरु आफै अगाडि आउनुपर्ने हुन्छ। किनभने यसपटक स्पष्ट छ, पार्टीका केन्द्रीय नेतृत्व वा अध्यक्षद्वयले हस्तक्षेप गर्नुहुन्न। स्वत:स्फूर्त तरिकाले स्वच्छ प्रतिस्पर्धाबाट मुख्यमन्त्री छनोट हुन्छ। सकभर हाम्रा नेतृत्ववर्गले चाहन्छ कि सबै सांसदहरुबीच सहमति बनोस् यदि भएन भने प्रतिस्पर्धाबाट प्रदेश २ मा नयाँ मुख्यमन्त्री चयन हुन्छ।

**० प्रदेश २ को सरकारमा रहेका अहिलेका मुख्यमन्त्रीदेखि मन्त्रीहरु जसरी आलोचित भइरहेका छन्, विभिन्न अनियमितता र भ्रष्टाचारमा उहाँहरु बदनाम भइरहेको छ। बाँकी कार्यकालका लागि पार्टीले नै महिलाई अवसर दिन किन अग्रसरता नदेखाउने त ?**

– पार्टीले त सहयोग गर्न सबैका लागि तयार हुन्छ। पार्टीका लागि मो. लालबाबु राउत गद्दी, जितेन्द्र सोनल धेरै नजिक र महिला नेतृहरु टाढा भन्ने छैन। पार्टी आफैले कुनै व्यक्तिलाई अगाडि बढाउँदैन। मुख्यमन्त्रीका लागि महिला नेतृले पहिला आफू पनि योग्य हुँ भनेर अगाडि त बढ्नुपर्‍यो। प्रदेश २ का सांसदहरुमा महिला नेतृहरु कोही वरिष्ठ उपाध्यक्ष, कोही महासचिव, केन्द्रीयस्तरका नेतृहरु हुनुहुन्छ। महिला नेतृहरुको पनि प्रोटोकल उच्च नै छ, चुनावमा प्रत्यक्षरुपमा जितेर आउनुभएको छ भने दाबेदारी दिन किन न मिल्ने ? मुख्यमन्त्रीका लागि आफ्नो समर्थक र प्रस्तावकसहित महिला नेतृ अगाडि त बढ्नुपर्‍यो कि अब प्रदेश हाँक्ने मौका दिनुस्। त्यसपछि हामी साथ दिन्छौं। जबसम्म उहाँहरुले इच्छा व्यक्त गर्नुहुन्न तब हामीले मात्रै भनेर हुँदैन।

*(मधेशवाणीका लागि रामसुकुल मण्डलले गरेको कुराकानीको सम्पादित अंश)*

# प्रधानमन्त्रीलाई कोरोना संक्रमणका सन्दर्भमा गगन थापाको ध्यानाकर्षण



गगन थापा

सम्माननीय प्रधानमन्त्रीज्यू, कोरोना संक्रमणको तीव्र फैलावटसँगै हामी भयावह अवस्थामा पुगेका छौं । यस्तो अवस्था आउन नदिन सबैले एकताबद्ध भएर यो संकटको सामना गर्नुपर्छ भनेर प्रारम्भबाटै हामी सरकारको साथमा उभिएका थियौं । तर, महामारीको रोकथाम र नियन्त्रणका लागि सबै तह(तप्काकाको सहयोग हुँदाहुँदै सरकारको असंवेदनशीलता, अहंकार र अकर्मण्यताका कारण यो भयानक अवस्था आएको हो ।

कोरोना रोकथाम र नियन्त्रणका लागि प्रभावकारी कदम चाल्न पछिल्लो पटक २०७७ असार २ गते नेपाली कांग्रेस संसदीय दलका तर्फबाट तपाईंलाई भेटेरै ध्यानाकर्षण गराएको र त्यस लगत्तै संसदमा ध्यानाकर्षण प्रस्ताव दर्ता गराएको अवगत नै होला । असार १८ गते षडयन्त्रपूर्वक संसदको बैठक अन्त्य नगरेको भए शायद अहिले संसदमा नै यो विषयमा हाम्रो संवाद हुने थियो । तर अपसोच, तपाईंको पार्टीको गुटगत किचलोको अचानोमा संसदलाई पारियो र कार्यसूचीमा रहेका अनेकन विषयसँगै कोरोना सम्बन्धी महत्वपूर्ण प्रस्तावमा समेत छलफल नभई अधिवेशन अन्त्य गरियो । त्यसैले आज तपाईंसँग संवाद गर्ने मसँग यो खुल्ला पत्र बाहेक अर्को विकल्प रहेन । कोरोनाको बढ्दो संक्रमण र सरकारको गैरजिम्मेवारीपनबाट उत्पन्न बेचैनीमा झिनो आशाका साथ पुनः यो पत्रमार्फत देशको सरकार प्रमुखको ध्यानाकर्षण गराउन खोजेको छु ।

प्रधानमन्त्रीज्यू, संसद बैठक अन्त्यपछि तपाईले पार्टीका, गुटका र सत्ताका बारेमा दर्जनौंपटक बालुवाटार भित्रै बैठक, छलफल गर्नुभयो तर विडम्बना, यो बीचमा केही दिन अगाडि विज्ञहरूसँगको एउटा छलफल बाहेक कोरोना महामारीका सन्दर्भमा एक निमेष पनि सोच्ने फुर्सद पाउनु भएन । बरू, मन्त्री र सरकारका जिम्मेवार व्यक्तिबाट यो बीचमा "मोतियाविन्दु लागेर सरकारको काम देखेनन, टर्च बालेर खोज्दा पनि संक्रमित भेटिएनन्, सरकारले काम गरेन भन्नेहरूको मति सप्रियोस् " भन्ने जस्ता हद दर्जाका गैरजिम्मेवारपूर्ण अभिव्यक्ति आए । कोरोनाले प्रधानमन्त्री, मन्त्रीहरू पार्टीको र गुटको काममा व्यस्त हुनुहुन्छ भनेर पर्खन, संक्रमण फैलिने क्रम रोकिएन । भाद्र १ गतेसम्म नेपालमा १०७ जनाको मृत्यु भइसकेको छ । देशैभरी पोजेटिभ केसको संख्या २७२४१ पुगेको छ भने सरकारले लकडाउनको अन्त्य गरेपछिका दिनमा काठमाडौं उपत्यकामा मात्रै संक्रमितको संख्या २१०० नाघि सकेको छ । छिमेकी देशहरूमा भयावह रूप लिँदै गएको स्थितिले पनि नेपालमा यो संक्रमण दर अझै बढ्ने चिन्ताजनक अनुमान छ ।

प्रधानमन्त्रीज्यू, कोरोना भाइरसको संकट भू(कम्पको कुनै झड्का जस्तो आकस्मिक रूपमा आएको होइन । नेपालमा मात्रै आएको पनि होइन । संसारभरी ती देशले सफलतापूर्वक सामना गरेका छन्, जहाँको नेतृत्व भाइरस भन्दा अगाडि दौडियो । तर, नेपालमा भने कोरोना अघि अघि र सरकारको तयारी पछि पछि भएको छ। तयारी गर्न, रोकथाम र नियन्त्रण गर्न पर्याप्त समय हुँदाहुँदै पनि हामीले सदुपयोग गर्न सकेनौं । कोभिड(१९ संक्रमणको सम्भाव्य अवस्थालाई सरकारले संवेदनशील रूपमा लिएको भए, विज्ञहरू, संसद र राजनीतिक तथा नागरिकस्तरबाट प्राप्त सुझाव र सहयोगलाई ग्रहण गरेर त्यो अनुरूप काम गरेको भए अहिलेको अवस्था आउने नै थिएन । प्रधानमन्त्रीज्यू, एकपटक फर्केर स्मरण गर्नुहोस् तस नेपालभित्र एक जनामा पनि संक्रमण नहुँदै पाँच महिना अगाडि २०७६ फागुन २३ गते संसदमा कोरोना महामारीको सम्बन्धमा सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल हुँदैगर्दा हामीले सरकारले गर्नुपर्ने पूर्व तयारी र कार्ययोजनाका बारेमा बुंदागत रूपमा ध्यानाकर्षण गरायौं( तपाईंले सुन्नुभएन, बरू नेपालमा कोरोना आउँदैन, नेपालीलाई छुँदैन भन्नुभयो । चैत्र ११ गते लकडाउन भएपछि १२ गते तपाईंलाई विस्तृत पत्र लेखेर लकडाउनका बेलामा परीक्षण बढाउने लगायत सरकारले गर्नैपर्ने तयारीका विषय ध्यानाकर्षण गरायौं( सुन्नुभएन । हामीले पीसीआर परीक्षण व्यापक बनाऔं भन्यौं(तपाई आरडीटी खरिद गर्न लाग्नुभयो । हामीले व्यवस्थित क्वारेन्टाइन बनाएर विदेशबाट आएका व्यक्तिलाई राखौं र परीक्षण गरेर घर पठाऔं भन्यौं( तपाईंले भारतबाट आएका छैनन्, आउँदैनन् भन्नुभयो तर हप्तौं क्वारेन्टाइनमा राखेर परीक्षण नगरी घर फर्काउने काम भयो । हामीले सरकारी र निजीस्तरमा निश्चित अस्पताललाई कोरोना अस्पताल तोकेर अस्पताल केन्द्रित तयारी गरौं भन्यौंतपाई बेसार र तातोपानी उपचारमा केन्द्रित हुनुभयो । वैशाख ३१ गते स्वास्थ्य मन्त्रीलाई अस्पताल केन्द्रित तयारी लगायत तत्काल गर्नैपर्ने केही विषयमा पुनः ध्यानाकर्ष गयौं( सुन्नुभयो तर काम गर्नुभएन । असारमा पुनः तपाईंलाई भेटेरै भन्यौं( सावुन पानी चाहिदैन तातोपानी भए पुग्छ भनेर लामो प्रवचन दिनुभयो । हामीले जोखिमयुक्त क्षेत्रमा परीक्षण बढाऔं भन्यौं( सरकार टर्चलाईट बालेर खोज्दा नि संक्रमित भेटिएन भनेर बस्यो । लकडाउन खुकुलो भएसँगै जोखिम कम भएको होइन परीक्षण कम भएको हो भन्यौं( तपाईंका मन्त्रीले सरकारका काम नदेख्ने भन्दै निम्नकोटीका अभिव्यक्ति दिनुभयो । यसरी हामीले कहिले संसदमा, कहिले सडकबाट, कहिले भेटेर, कहिले पत्र लेखेर झक्झकाइरह्यौं, तर विडम्बना, तपाईंमा अरूका विचार सुन्ने धैर्य र कार्यान्वयन गर्ने प्रतिबद्धता दुवै भएन । यो महासंकटसँग जुध्नको लागि यस बीचमा सरकारले जे गर्नैपर्थ्यो त्यो गरेन, जे गर्यो त्यो पनि पर्याप्त भएन, जसरी गर्यो त्यो तरिका ठीक नभएको अब प्रमाणित भइसक्यो। हामीले फागुनदेखि नै टेष्टिङ, ट्रेसिङ, आइसोलेसन र अस्पताल केन्द्रीत तयारी संगसंगै गरौं भनेर भन्यौं, सरकारले सुनेन बरू केही दिन अगाडि स्वास्थ्यमन्त्रीले भन्नुभएछ( "एक जमाना थियो पीपीई भएन भन्ने, त्यसको अभाव छैन भनेपछि त्यसको गीत बजेन, पीसीआर परीक्षणको गीत आयो, अब औषधिको आउने छ र भेन्टिलेटरको गीतहरू आउनेछन्" । यसबाट नै कोरोना रोकथाम र नियन्त्रणका सन्दर्भमा सरकारको कति अज्ञानता छ र कसरी बरालिएको छ भन्ने कुरा प्रष्ट हुन्छ । दुःखका साथ भन्नैपर्छ, नेपालमा कोरोना संक्रमणका कारण नागरिकको जे जसरी मृत्यु भएको छ, जति संक्रमित भएका छन, जुन कष्ट बेहोर्नुपरेको छ, सरकारले अलिकति पनि संवेदनशीलता देखाइदिएको भए यो क्रमलाई रोक्न सकिन्थ्यो । संक्रमितको पहिचान, आइसोलेसन, कन्ट्राक्ट ट्रेसिङ टेष्टिङ र उपचार पद्धतिलाई चुस्त बनाएर समयमा नै काम गरेको भए स्थिति नियन्त्रणमा रहन्थ्यो । फेरि पनि भन्छु, आज जे अवस्था आएको छ यो हाम्रो परिस्थिति वा नियतीले होइन, यो तपाईंको अकर्मण्यताका कारणले आएको हो ।

पछिल्ला दिनमा संक्रमण समुदायस्तरमा फैलिएसँगै कतिपय संक्रमितहरूको कन्ट्र्याक्ट ट्रेसिङ हुन सकेको छैन, अस्पतालहरूको व्यवस्थापन हुन सकेको छैन, अस्पतालका बेडहरू भरिँदै गएका छन, आइसोलेसन सेन्टरको अभाव छ, बिस्तारै आईसीयू शैय्या र भेन्टिलेटर क्षमताले नधान्ने अवस्था पुग्न लागेको हुँदा मृत्युदर झन् धेरै बढ्ने अनुमान गरिँदै छ । तर सरकारका सम्बन्धित निकायहरू भने आ(आफ्नै द्वन्द्वमा अल्झेका छन । मन्त्रालयभित्र, मन्त्रालयमन्त्रालयबीच, जिम्मेवारी लिएका निकायबीच, सरकारहरू बीच सहकार्य छैन, निर्णयमा एकरूपता छैन । जसले गर्दा न कमाण्ड छ न कन्ट्रोल, न संवेदनशीलता छ न समन्वय । यो पत्र लेख्ने बेलासम्म देशभरी दर्जनौं ठाँउमा स्थानीय स्तरमा निषेधाज्ञा लगाउनुपरेको छ । काठमाडौं उपत्यकामा समेत पुनः लकडाउन गर्नुपर्छ भन्ने आवाज आइरहेको छ । लकडाउन सकिएको घोषणासँगै सरकारले सही ढङ्गले बुझाउँन नसक्दा जनस्तरमा समेत थप सतर्कता हुनुपर्नेमा कोरोना नै सकियो जस्तो गरी लापरवाही बढेको छ । अहिलेसम्म तुलनात्मक रूपमा कम सङ्ख्यामा संक्रमित हुँदा त नागरिकको ज्यानको उचित सुरक्षा दिन नसक्ने सरकारले हाम्रो स्वास्थ्य प्रणालीको सघन उपचार क्षमताले धान्न नसक्ने गरी संक्रमितको संख्या बढ्दै जाँदा त्यसको व्यवस्थापन कसरी गर्न सक्छ ? के यो गम्भीर चिन्ताको विषय होइन ? अब के गर्ने? यतिबेला हामी आपतकालीन अवस्थामा छौं । यो दौडमा जबसम्म कोरोना भाइरसभन्दा अगाडि हुँदैनौ तबसम्म यो लडाई जित्न सक्दैनौं । तर प्रधानमन्त्रीज्यूले अझै पनि "स्टेट अफ इमर्जेन्सी" को अनुभूति नगर्ने हो भने हामी जति कराए पनि केही हुँदैन । यो संकटबाट जनताको जीवन रक्षा गर्नु अब तपाईंको पहिलो प्राथमिकतामा हुनुपर्छ । के प्रधानमन्त्रीलाई आफ्नो लहडमा विषयान्तर गरेर, आफ्नो पार्टीको स्वार्थी किचलोमा सारा समय खर्च गरेर यो संकटलाई देखेको नदेख्यै गर्ने छूट छ ? छैन र हुनुहुँदैन । तथ्य र आधारविना विभिन्न निकायले लहडमा गर्ने निर्णयहरू रोकेर सरकारहरूले के गर्ने, के नगर्ने स्पष्ट निर्णय लिनुहोस् । कमाण्ड र कन्ट्रोल विना युद्ध लड्न सकिदैन । कमाण्डर तपाई हो । यो आपतकालीन अवस्थामा मुलुकका ७६१ सरकारहरू, सबै सरोकारवाला निकायलगायत सिंगो राज्यप्रणालीलाई चलायमान बनाएर तपाईंको कमाण्ड र कन्ट्रोलमा यो युद्धको सामना गर्ने वातावरण बनाउनुहोस् । प्रधानमन्त्रीज्यू, हाम्रो स्वास्थ्य प्रणालीको सिमितता सबैलाई थाहा भएकैले शुरुवात देखि नै हाम्रो रणनीति कम भन्दा कम संक्रमितले मात्रै अस्पताल पुग्नुपरोस् भन्नेमा केन्द्रित हुनुपर्दथ्यो । त्यसको लागि संक्रमण फैलिनै नदिने, संक्रमणको चेन टुटाउने, संक्रमितलाई आइसोलेट गर्ने, चुस्त कन्ट्राक्ट ट्रेसिङ गर्ने, व्यापक र छिटो परीक्षण गर्ने, आइसोलेसन र क्वारेन्टाइन व्यवस्थित र प्रभावकारी बनाउने, अस्पताललाई थेग्नसक्ने बनाउने गरी काम गर्नुपर्यो । हामीले भनिरह्यौं तर सरकार त्यसो गरेन । अब हामीसँग विकल्प कम छन् । छिटोभन्दा छिटो अस्पताललाई थेग्न सक्ने बनाऔं, ता कि स्वास्थ्य प्रणाली थला नपरोस्, स्वास्थ्यकर्मीले सुरक्षित रूपमा उच्च मनोबलका साथ काम गर्न सकुन्, धेरै संक्रमितहरू अस्पताल नआइकन निको बनाउन सकियोस्, अस्पताल आउनुपर्ने अवस्थाका बिरामीलाई सहज रूपमा उपचार गर्न सकियोस् । यसका लागि अहिलेको अवस्थामा तत्काल गर्नैपर्ने केही विषयमा म पुनः तपाईंको ध्यानाकर्षण गराउन चाहान्छु ।

१. काठमाडौं उपत्यका लगायतका 'हटस्पट' मा कडाइः अहिले काठमाडौं, वीरगञ्जलगायत केही शहरहरूमा तीव्र गतिमा संक्रमण देखिएको छ । अन्य क्षेत्रमा पनि फैलिनेक्रम वढेको छ । यस अवस्थामा देशैभरी एउटै निर्णय र एकैखाले रणनीतिले काम गर्दैन । अतः

संक्रमणको फैलावटलाई रोक्न र उपचारलाई सहज बनाउन तत्काल कम्तिमा दुई हप्ताको लागि काठमाडौं लगायत संक्रमण बढ्दो गतिमा भएका "हटस्पट" हरूमा 'जनस्वास्थ्य आपतकाल' घोषणा गर्नुहोस् । जनस्वास्थ्य आपतकालको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक निर्णय र नियम निर्देशिका लगायतका संयन्त्र वनाउनुपर्छ भने तत्काल बनाउनुहोस् । आवागमनलाई पूर्ण रूपमा बन्द गर्नुहोस् । अत्यावश्यक सेवा वाहेक सबै रोक्नुहोस् । तोकिएका सीमानाका व्यवस्थित गरी अन्य सीमानाका बन्द गर्नुहोस् ।

– यो दुई हप्ताको अवधिमा पहिलाको जस्तो जनतालाई घरमा राखेर सरकार बालुवाटारमा नसुतोस् । सम्भाव्य जोखिमको आकलन गरेर युद्धस्तरमा अस्पताल केन्द्रित लगायत सम्पूर्ण तयारी यसै समयमा गर्नुहोस् । २ हप्तापछि जनजीवन सहज बनाउन सक्नेगरी गर्नुपर्ने काम यो अवधिमा गर्नुहोस् ।

– जनतालाई स्वास्थ्य सुरक्षा र सतर्कता अपनाउन, आत्म अनुशासनमा रहन र यो अभियानमा पूर्ण साथ दिन आह्वान गर्नुहोस् । जनतामा अलमल छ । जनताले के गर्ने, कसरी गर्ने प्रष्ट रुपमा संप्रेषित गर्नुहोस् । यसरी जनतालाई अपील गर्दैगर्दा योजना सहित आश्वस्त बनाउनुहोस् । यस कठिन अवस्थाको सामना गर्न जनतालाई सहायता प्याकेजको व्यवस्था गर्नुहोस् ।

श्र स्थानीय सरकारहरूलाई व्यवस्थापनको भारी बोकाएर संघीय सरकार संख्या गनेर मात्रै बस्न मिल्दैन । स्थानीय सरकारलाई आवश्यक स्रोत, साधन, जनशक्तिको व्यवस्था गर्नुहोस् । उनीहरूसंग संवाद गर्नुहोस् । उनीहरूसँगको समन्वयमा जोखिमयुक्त समूह र स्थान पहिचान गरी व्यापक परीक्षण र द्रुत गतिमा व्यवस्थापनको संयन्त्र बनाएर काम गर्नुहोस् ।

२. व्यापक परीक्षणः सरकारले केही दिन अगाडि परीक्षणको मापदण्ड केही खुकुलो बनाएको छ जुन सकारात्मक छ तर पूर्ण छैन । परीक्षणको रिपोर्ट तत्काल नआँउदा त्यसको उपयोगमा समस्य छ । जसले परीक्षण गर्नुपर्ने हो तीनिहरूले परीक्षण गर्न नपाउने अनि परीक्षण आफै गर भन्ने तर पहुँचको भरमा मापदण्ड विपरित व्यक्तिका निवासदेखि सरकारी(निजी कार्यालयमा गएर परीक्षण गरिदिने काम भएका छन् । अतः

– अहिलेकै अवस्थामा पनि दिनमा कम्तिमा १५ हजार परीक्षण गर्ने क्षमता छ । भएको क्षमतालाई पूर्ण सदुपयोग गर्दै समयमा परीक्षणको रिपोर्ट आउने व्यवस्था गर्नुहोस् ।

– Pool Testing, Dry Swab Testing, Direct PCR Testing लगायत परीक्षण बढाउने र छिटो गर्ने थुप्रै प्रमाणिक विधिहरूका बारेमा विज्ञहरूले सुझाएका छन् । विज्ञहरूसंग राय(सल्लाह लिएर त्यस्ता विधि अपनाएर परीक्षणलाई छिटो र व्यापक बनाउनुहोस् ।

– शंकास्पद व्यक्तिले आफ्नो नजिकको प्रयोगशाला, अस्पतालमा निःशुल्क परीक्षण गराउन पाउने व्यवस्था गर्नुहोस् । पोजेटिभ देखिएको व्यक्तिले के गर्ने, कहाँ सम्पर्क गर्ने कसरी सुरक्षित रहने भन्ने स्पष्ट सुचना सम्प्रेषण गर्ने व्यवस्था र संयन्त्र बनाउनुहोस् । विदेशबाट आएका, जोखिमयुक्त समूह, संक्रमित भेटिएका समुदाय, अस्पतालमा रहेका बिरामी, क्वारेन्टाइन र आइसोलेशनमा रहेका व्यक्ति, स्वास्थ्यकर्मीहरू तथा अग्रभागमा खटिएका सुरक्षाकर्मी, सामान्य लक्षण देखिएका व्यक्तिहरूको पहिचान गरी अनिवार्य परीक्षण गर्ने व्यवस्था गर्नुहोस् ।

– परीक्षणका लागि आवश्यक किट, उपकरण, जनशक्ति, तालिम र स्वास्थ्य सुरक्षा सामाग्रीको पर्याप्त रूपमा व्यवस्था गर्नुहोस् ।

– विभिन्न शहरका प्रवेश विन्दुहरूमा कडाइ गरी अनिवार्य परीक्षण र अभिलेखीकरण गर्ने व्यवस्था गर्नुहोस् ।

– समुदायमा सतर्कता र परीक्षणका लागि जोखिमयुक्त समूहको पहिचान गर्न स्थानीय सरकारसँग समन्वय गर्नुहोस् ।

३. कन्ट्याक्ट ट्रेसिङ : कन्ट्याक्ट ट्रेसिङमा सरकार असफल भएको छ । मन्त्रालयले स्थानीय सरकारलाई अनि स्थानीय सरकारले मन्त्रालयलाई देखाएर पन्छिने काम भएको छ । कन्ट्याक्ट ट्रेसिङको क्षमतालाई सबलीकरण गर्दा मात्रै संक्रमणको फैलावटलाई रोक्न सकिन्छ र महामारी नियन्त्रणमा धेरै सफलता पाउन सकिन्छ भनेर हामीले शुरुवात देखिनै भन्दै आएका थियौं । कन्ट्रायाक्ट ट्रेसिङ चुस्त नहुँदा विरगञ्ज लगायतका ठाँउमा जुन भयावह अवस्था सिर्जना भएको छ यसबाट पाठ सिकेर चुस्त कन्ट्र्याक्ट ट्रेसिङ गर्नुको विकल्प छैन । अतः

– कन्ट्र्याक्ट ट्रेसिङमा स्थानीय सरकारलाई मद्दत गर्नुहोस् । तत्काल थोरै तालिम दिएर हजारौं कन्ट्याक्ट ट्रेसिङ गर्ने जनशक्तिलाई स्थानीय सरकारसँग सहकार्य र समन्वयमा परिचालन गर्नुहोस् । जसले गर्दा संक्रमितको सम्पर्कमा आएका व्यक्तिहरूको १-२ दिनमा नै कन्ट्याक्ट ट्रेसिङ गरेर संक्रमणलाई थप फैलनबाट रोक्न सकिन्छ ।

– यस बारेमा सही सुचना सम्प्रेषण हुन नसक्दा व्यक्ति समुदायसंग र समुदाय व्यक्तिसंग त्रसित हुने, वहिस्करण गर्ने, भयभित हुने अवस्था सिर्जना हुँदै गएको छ । सही ढङ्गले सुचना सम्प्रेषित गर्नुभयो भने नागरिक र समुदायस्तरबाटै कन्ट्र्याक्ट ट्रेसिङमा मद्दत पाउनुहुन्छ ।

४. अस्पताल केन्द्रित तयारी. अस्पताल केन्द्रित तयारी र क्षमताले अहिले नै नथेग्न अवस्था भइसक्यो । यो अवस्था नआओस भनेर हामीले प्रारम्भदेखि तयारी गरौं भनेका थियौं । अब युद्धस्तरमा तयारी र व्यवस्थापन गरेनौं भने स्वास्थ्य प्रणाली नै दुर्घटनामा पर्नेछ । त्यसैले हाम्रा अस्पतालहरूलाई कसरी थेग्न सक्ने बनाउने भन्ने नै अहिलेको प्रमुख उद्देश्य हुनुपर्दछ । यस सन्दर्भमास श्र सबै अस्पतालमा निश्चित शैया तोक्ने र कोरोनाको बिरामी पठाउने सरकारको निर्णय आत्मघाति निर्णय हो । यसले संक्रमण सबैतिर फैलिने सम्भावना रहन्छ र स्वास्थ्यकर्मी पनि सुरक्षित रहन सक्दैनन् । तत्काल सरकारी, निजी लगायत

बाँकी पृष्ठ ५ मा

## मधेश अपडेट

### सैनामैनामा ७ गतेसम्म लकडाउन

रुपन्देही । विश्वव्यापी रुपमा फैलिएको कोभिड-१९ को जोखिमबाट सैनामैना नगरपालिकालाई सुरक्षित गर्न भाद्र ७ गतेसम्म लकडाउन घोषणा गरिएको छ । सैनामैना नगरपालिकाको कोरोना संक्रमण व्यवस्थापन समितिको आइतबारको निर्णयानुसार सोमबार राति १२:०० वजेदेखि आइतबार राति १२:०० वजेसम्म पुर्ण लकडाउन गर्ने निर्णय भएको नगरप्रमुख चित्रबहादुर कार्कीले सूचना प्रकाशन गरेका छन् । उक्त समयमा सैनामैना नगरपालिका क्षेत्र भित्र स्वास्थ्य सेवा, दुग्ध, पेट्रोलियम पदार्थ, विधुत, खानेपानी, वारुणयन्त्र, एम्वुलेन्स, शव वाहन जस्ता अत्यावस्यक सेवा सन्चालन हुने नगरप्रमुख कार्कीले जनाएका छन् । यसैगरी, सरकारी कार्यालय, बैंक, सहकारी र अन्य वित्तिय सेवा लगायत सम्पूर्ण सेवा बन्द गरी पुर्ण लकडाउन गरिने जनाइएको छ । लकडाउनको पूर्ण पालना गर्नु गराउनु हुन र स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्नु हुन समेत नगरप्रमुख कार्कीले आग्रह गरेका छन् ।

### पोखरियाका मेयरलाई कोरोना संक्रमण

वीरगन्ज । पर्सा जिल्लाको पोखरिया नगरपालिकाका मेयर र पोखरिया अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट (मेसु)सहित ३३ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । पोखरियाका मेयर दीपनारायण रौनियार र मेसु अनिल यादवसहितसहित पीसीआर काभ्रेको धुलिखेलस्थित प्रयोगशालामा गरिएको परीक्षणमा ३३ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । पोखरिया नगरपालिकाका मेयर रौनियारसहित वडा नं. ४ का वडाध्यक्ष लक्ष्मण साह कानु, पोखरिया अस्पतालका मेडिकल सुपरिटेन्डेन्ट अनिल यादव, अस्पतालका अन्य २ डाक्टर, २ नर्ससहित ४ जना स्वास्थ्यकर्मीमा संक्रमण पुष्टि भएको छ । पोखरियाका एक जना पत्रकार पनि कोरोना संक्रमित भएका छन् ।यस्तै मेयर रौनियारका परिवारका सदस्यसहित स्वकीय सचिव र सवारी चालक पनि संक्रमित छन् । पोखरिया अस्पतालका ७ डाक्टरमध्ये मेसुसहित ४ डाक्टर र ४ नर्समध्ये ३ नर्स संक्रमित भएका छन् ।

### रौतहटमा फेरि ७ दिन निषेधाज्ञा थप

जनकपुरधाम । रौतहटमा फेरि थप एक साताका लागि निषेधाज्ञा जारी गरिएको छ ।कोरोना महामारीका कारण जिल्लामा संक्रमितहरूको संख्या बढ्दै गएपछि शनिबार बसेको जिल्ला सुरक्षा समितिको बैठकले गत साउन २४ गतेदेखि जारी गरिएको निषेधाज्ञालाई निरन्तरता दिँदै आइतबार राति १२ देखि लागू हुने गरी फेरि निषेधाज्ञा जारी गरिएको रौतहटका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । उनका अनुसार जिल्लावासीलाई खाद्यान्नको सहज आपूर्तिका लागि सोमबार, बुधबार गते र शुक्रबारका दिन बिहान ६ बजेदेखि बजे ९ बजेसम्मका लागि खाद्यान्न पसलहरू खोल्न दिइने छ । साथै, यसका लागि विक्रेता तथा उपभोक्ताले स्यानिटाइजर, मास्क तथा पन्जा अनिवार्य लगाएर बाहिर निस्किनुपर्ने जनाइएको छ ।

### थरुहट थारुवानको विरोध कार्यक्रम स्थगित

नेपालगञ्ज । थरुहट थारुवान राष्ट्रिय मोर्चाले भदौ ७ ८ मा तय गरेको विरोधको कार्यक्रम स्थगित गरेको छ । मोर्चाले पत्रकार सम्मेलन मार्फत भदौ ७ र ८ भदौमा गर्ने भनिएको विरोधका कार्यक्रम स्थगित गरिए पनि अन्य संघर्षका कार्यक्रम जारी रहेने जनाएको छ । 'नेपाल सरकारसँग १३ बुँदे माग राखेर घोषणा भएको कार्यक्रमहरु कोरोना महामाहरीको कारण मुलुकमा भइरहेको बन्दाबन्दी र सङक्रमणबाट हुनसक्ने भयाभह स्थितिलाई मध्यनजर गर्दै अर्को सूचना जारी नगरुन्जेलसम्मका लागि घोषित कार्यक्रम स्थगित गरिएको छ,' मोर्चाका केन्द्रीय संयोजक लक्ष्मण थारुद्वारा जारी विज्ञप्तिमा उल्लेख छ । टीकापुर थरुहट विद्रोहलाई स्मरण गर्दै ७ भदौमा काठमाडौं केन्द्रित गर्दै देशव्यापीरुपमा विरोधको कार्यक्रम गर्ने र टीकापुरमा भएको थारुहरुको घर, पसल, व्यवसायिक केन्द्र तथा संचार गृहमा भएको आगजनी, तोडफोड, लुटपात एवं गृह प्रशासनको दमनको विरुद्ध ८ भदौमा कालो दिनको रुपमा मनाउने कार्यक्रम थियो । संघर्षका कार्यक्रमको स्वरुप मात्रै परिवर्तन भएको बताउँदै उनले आन्दोलनको कार्यक्रम निरन्तर जारी रहेको स्पष्ट पारेका छन् । 'समय र परिस्थिति अनुकूल हुने वित्तिकै सशक्त संघर्षको कार्यक्रम घोषणा गरिनेछ,' थारुले भने ।

### प्रदेश २ को प्रदेश सञ्चार विधेयक फिर्ता

धनुषा । प्रदेश २ को सभाबाट सर्वसम्मति पारित गरेको प्रदेश सञ्चार विधेयक प्रदेश प्रमुखले फिर्ता पठाएका छन् । प्रमाणीकरणको लागि प्रदेश प्रमुख तिलक परियारसमक्ष पठाइएकामा सो विधेयकमा प्राविधिक त्रुटि रहेको र शब्द संयोजनलगायतका विभिन्न दफा उपदफामा केही त्रुटि रहेकाले सच्याउनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाएको बताइएको छ । विधेयकमा प्राविधिक त्रुटि र अधिकांश शब्द संयोजनसमेत नमिलेको कारण देखाउँदै प्रदेश सरकारलाई फिर्ता पठाएको प्रदेश प्रमुखका सचिव पदम विश्वकर्माले जानकारी गराए । प्रदेश नं २ सरकारको विधेयकले प्रेसमाथि अङ्कुश लगाएको र प्रेस विरोधी रहेको भन्दै विधेयक फिर्ता लिन नेपाल पत्रकार महासङ्घ प्रदेश २ ले माग गर्दै आएको छ ।

### तिलोत्तमामा पूर्ण लकडाउन

बुटवल । कोरोना संक्रमण समुदायस्तरमा फैलिएको निष्कर्षसहित रुपन्देहीमा स्थानीय तहहरु धमाधम सिल हुने क्रम जारी छ । यसैक्रममा रुपन्देहीको तिलोत्तमा नगरपालिकामा एक साताका लागि पूर्ण लकडाउन गरिएको छ । बुधबार साँझ ७ बजेपछि भदौ १० गते साँझ ७ बजेसम्मका लागि लकडाउन घोषणा गरिएको नगरपालिकाले जनाएको छ । सुरक्षा निकाय, राजनीतिक दल, व्यावसायिक संघ-संस्थाका प्रतिनिधिहरुको समेत उपस्थितिमा आज बिहान बसेको संकट व्यवस्थापन केन्द्र (सिसीएमसी) को बैठकले पूर्णलकडाउन गर्ने निर्णय गरेको हो । समुदायस्तरमा समेत संक्रमण देखिन थालेकाले एक साताका लागि लकडाउन गरिने र पिसिआर परीक्षणलाई समेत बढाइने नगर प्रमुख वासुदेव घिमिरेले बताए । लकडाउनमा दुग्ध पसललाई भने बिहान ६ देखि ८ बजेसम्मका लागि छुट दिने, तर अन्य किरानासहित सबैखाले पसल व्यवसाय बन्द गरिने छन् । त्यस्तै उद्योगधन्दा, कलकारखाना, निर्माण, बैंक, वित्तीय संस्था, सहकारी, सरकारी तथा गैरसरकारी संस्थाका कार्यालय, सवारीसाधन (साइकल समेत) पूर्णतः बन्द गर्ने सिसीएमसी बैठकले निर्णय गरेको छ । तिलोत्तमा नगरपालिकामा अहिलेसम्म ६४ जनामा कोरोना भाइरसको संक्रमण पुष्टि भएको छ भने ३६ जना निको भइ घर गएका छन् । २८ जना आइसोलेशनमा रहेको नगरपालिकाको स्वास्थ्य शाखाले जनाएको छ । रुपन्देहीको बुटवल उपमहानगरपालिका, सिदार्थ नगरपालिका, सैनामैना नगरपालिमा यस अघि नै लकडानउ गरिएको छ ।

### बाँकेमा थपिए २४ संक्रमित

नेपालगन्ज । विहिबार बाँकेमा कोहलपुरका १७ र जानकीका ६ गरेर २४ जना संक्रमित थपिएका छन् । बाँकेका प्रमुख जिल्ला अधिकारी समेत रहेका कोभिड क्राइसिस म्यानेजमेन्ट सेन्टरका संयोजक राम बहादुर कुरुम्वांगले उक्त संख्या पुष्टि गरेका छन् । सम्बद्ध स्रोतका अनुसार, संक्रमित १७ जना नेपाली सेनाका हुन भने जानकीका ६ र नेपालगन्जका एक जना छन् । थप विवरण आउन बाँकी नै रहेको प्रजिअ कुरुम्वांगले बताए ।

### कोरोबाट एक वृद्धको मृत्यु

रुपन्देही । कोरोना भाइरसका कारण एक जनाको मृत्यु भएको छ । देवदह नगरपालिकाका एक व्यक्तिको बुधबार कोरोना पोजिटिभ नतिजा आएको र बिहीबार मृत्यु भएको देवदह नगरपालिकाका प्रमुख हिरा केसीले बताए । नगरपालिकाको वडा नम्बर ३ निवासी ७० वर्षीय पुरुष पहिलेबाट नै अन्य रोगको बिरामी रहेकाले परिवारले उपचार गराइरहेको थियो । गत शनिबार पुनः व्यथाले च्यांपेपछि उनलाई देवदह मेडिकल कलेजमा लगिएको थियो । आईसियुमै राखेर उपचार गरिएका उनको मंगलबार स्वाब परीक्षणका लागि पठाइएको र बुधबार रिपोर्ट पोजिटिभ आएको प्रमुख केसीले जनाए । मृत्यु भएका व्यक्ति लामो समयदेखि पक्षघात, सुगर, प्रेसरको बिरामी रहेका थिए । पहिले भैरहवा मेडिकल कलेजबाट घर लैजान भन्दै घर ल्याइएका बिरामीलाई पीडा बढी भएपछि देवदह मेडिकल कलेजको आईसियुमा राखिएकोमा उनको मृत्यु भएको नगर प्रमुख केसीले बताए ।

राष्ट्रिय साप्ताहिक मधेशवाणी 

# विधिको शासन कायम गर्न नेपाल प्रहरीलाई आफ्नो क्षेत्राधिकारभित्र राख्नुपर्छ : सांसद साह

काठमाडौं । सत्तारुढ नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा सांसद प्रभु साहले देशमा पूर्ण रुपमा विधिको शासन कायम गर्न नेपाल प्रहरीलाई आफ्नो क्षेत्राधिकारभित्र राख्नुपर्ने बताएका छन् ।
नेपाल प्रहरीले कानुनद्वारा निर्धारित जिम्मेवारी बहन गर्नुको सट्टा निजी स्वार्थका कारण प्रलोभनमा परि क्षेत्राधिकार बाहिर गएर दण्डसजाय दिने गरेको र गम्भीर प्रकृतिका अपराध पनि मिलापत्र गराउने गरेको पूर्वकानुनमन्त्री समेत रहेका नेता साहको आरोप छ ।
प्रहरी प्रशासनले चाहेमा मात्र देशमा विधिको शासन कार्यान्वयन हुन सक्ने तर नेपाल प्रहरी त्यसप्रति जिम्मेवार नरहेको भन्दै नेता साहले प्रहरी कार्यालयमा हुने गरेको दण्ड-जरिवाना र मिलापत्रको कार्यहरु तत्काल रोक्नुको विकल्प नरहेको बताएका छन् ।
सामान्य एवं फरक प्रकृतिको विवादको लागि संविधानले नै अधिकार सम्पन्न अर्धन्यायिक निकायहरुको व्यवस्था गरेको छ । स्थानिय तहमा न्यायिक समिति, वन पैदावार चोरी तस्करीका सम्बन्धमा वन कार्यालय, राजस्व छलि तथा तस्करी सम्बन्धमा राजस्व विभागलगायतका सरकारी निकायहरुले आफैले न्यायिक गतिविध गर्न पाउछन् र यसमा प्रहरीले अनुसन्धान गर्न सहयोग गर्ने मात्र हो ।
तर यी सबै ठाउँमा प्रहरीले प्रत्यक्ष रुपमा हस्तक्षेप गरी आफैले दण्ड जरिवाना गर्ने र त्यसको रकम बाँडीचुँडी खाने प्रवृति हाबी भएको नेता साहको आरोप छ ।
'कानुनले स्पष्ट रुपमा भनेको छ कि अर्धन्यायिक निकायहरुले आफ्नो क्षेत्राधिकारभित्र पर्ने कार्यहरुका लागि आफैले गर्ने हो, त्यसमा प्रहरी सहायक मात्र हुन्छ । तर देख्न सकिन्छ प्रहरीले नै सबैथोक गर्ने र न्याय निरुपणसमेत गरेको आर्थिक लाभ लिन खोजेको जस्तो स्थिति छ' नेता साहले भने, 'न्याय निरुपण गर्ने कार्य न्यायिक निकायको हो, मुद्दा दर्ता गर्ने वकिल कार्यालयको हो, प्रहरीले त केवल अनुसन्धान र फैसला कार्यान्वयनमा सहयोग मात्र गर्नुपर्न हो तर यहाँ त्यस्तो छैन् । अंग्रेज शासनको बेलाको कम्पनी प्रणालीको प्रभाव नेपाल प्रहरीमा देखिएको छ, यसबाट सामाजिक न्याय र विधिको शासनको परिकल्पना समेत गर्न सकिदैन ।'
नेता साहले सरकारवादी मुद्दा तथा गाउँघरमा हुने गरेका गम्भीर प्रकृतिका अपराधमा समेत प्रहरीले पञ्चायती गरेर मिलापत्रगर्ने गरेकोप्रति आपत्ति जनाउँदै तत्काल रोक्नमाग गरेका छन् ।
मिलापत्र गर्न नमिल्ने सरकारवादी मुद्दाहरु पनि मिलाइदिने, बलात्कार र हत्याजस्ता ठूलो गम्भीर प्रकृतिको अपराधको विषयमा पनि प्रहरी कार्यालयमा फैसलागर्ने कार्यहरुले पीडितलाई न्याय पाउनबाट वञ्चित गरेको प्रतिआक्रोशित नेता साहले प्रहरीलाई यस्ता कार्य रोक्न ध्यानाकर्षण गराएका हुन् ।
नेता साहले भने, 'सरकारी वादीलगायतका न्यायिक र अर्धन्यायिक निकायको मुद्दाहरुमा समेत अनुसंधानात्मक सहयोगको सट्टा प्रहरीले नै पिडित पक्षलाई मुद्दा मिल्न भय एवं दबाव सृजना गरेका घटनाहरु पटक-पटक सञ्चार माध्यमहरूमा आईरहन्छ । यसरी प्रहरी-प्रशासन नै गैरजिम्मेवार हुनथाल्यो भने, देशमा सुशासन कसरी सम्भव हुन्छ ? प्रहरीको यी र यस्ता गलत रवैयामा समयमैं सुधार नहुने हो भने, शासन व्यवस्था र नेपाल प्रहरीको गरिमामा समेत खलल पुग्ने निश्चित छ । तसर्थ, यसप्रति समयमैं सबै सरोकारवाला व्यक्ति र निकायको गम्भीर ध्यानाकर्षण हुन जरूरी छ ।'
प्रहरीले आफूमाथि यस्ता अनावश्यकबोध थुपार्दा सरकारवादी मुद्दाहरुको अनुसन्धान फितलो हुने, प्रहरीको समयको बर्दादी हुने, भ्रष्टाचार बढ्ने, जनतालाई दुखहुने र प्रहरी विवादमा तानिने जस्ता गम्भरी जटिल परिस्थितिको सृजनाहुने प्रति नेता साहले सचेत गराएका छन् ।
तत्काल साधारण झगडा मिलाएर न्यायपालिकालाई मुद्दाको चापबाट जोगाउन, समाजको शान्ति र सम्बन्धबनाइ राख्न र प्रहरी-समुदाय सम्बन्ध बढाउन प्रहरी आफ्नो क्षेत्राधिकार भित्र रहन जरुरी रहेको नेता साहले सुझाएका हुन् ।

# गाउँपालिका अध्यक्षको मनोमानी, विद्यालयमा जबरजस्ती प्रअ नियुक्त

मोरङ । जिल्लाको जहदा गाउँपालिका वडा नं. ३ मा रहेको श्री आदर्श आधारभूत विद्यालयमा गाउँपालिका अध्यक्षले मनोमानी तरिकाले प्रधानाध्यापक नियुक्त गरी घरमै बसीबसी तलब खुवाउने गरेका छन् ।
गाउँपालिका अध्यक्ष कैलाल प्रसाद मण्डलले मनोमानी तरिकाले विद्यालयमा अशोक साहलाई प्रधानाध्यापक नियुक्त गरेका छन् ।
साथै, साहकी श्रीमती चन्द्रकला साहलाई पनि शिक्षकको रुपमा नियुक्त गरी घरमै बसीबसी करिब दुई वर्षदेखि तलब दिने गरेको गुनासोहरु छन् ।
यता, अन्य ४/५ जना शिक्षकहरुलाई तलब दिइएको छैन । विद्यालयमा विगत एक वर्षभन्दा बढी समयदेखि हालसम्म प्रअ को विवाद कायमै छ ।
गाउँपालिकाले आफ्नो मनमानी ढंगले आफै प्रअ नियुक्ति गरि जबर्जस्ति राख भन्दै आइरहेको छ ।
वडा अध्यक्ष अनिल कुमार ठाकुरले समेत गाउँपालिका अध्यक्षको मनोमानीप्रति गुनासो गरेका छन् ।
उनले यसअघि नै यस्तो नियुक्ति नगर्न पत्राचार गरेका थिए ।
गाउँपालिका अध्यक्ष मण्डलले नियुक्त गरेको प्रअलाई विद्यार्थी, अभिभावक, विद्यालय व्यवस्थापन समिति र न जनताले पनि मन पराउँदैनन् । गैरकानूनी तरिकाबाट नियुक्त गरिएको र विद्यालयमा कहिल्यै पनि पढाउन नआएको गनासोहरु छन् ।
'कैंयौचोटि बैठक भयो, पत्रकार सम्मेलन भयो । तर पनि केही सुनुवाई छैन ।' सामाजिक अगुवा बसुन्धरा झा भन्छिन्, 'गाउँपालिकाले नियुक्त गरेका प्रअ र उसकी श्रीमती दुवैलाई गाउँपालिकाले घरमै बसी-बसी १५-१६ महिनादेखि तलब दिँदै आएको छ ।'
'यता ५-६ जना शिक्षक कर्मचारीहरुले तलब पाएका छैनन् । २ वर्षदेखि न त विद्यार्थीले किताब पाएका छन् न त छात्रवृत्ति पाएका छन् । धेरै बिडम्बना छ', उनले गुनासो गरेकी छन् ।
गाउँपालिका विरुद्ध करिब ५-६ पटक आन्दोलनसमेत भइसकेको छ ।
गाउँपालिका अध्यक्ष मण्डलले व्यक्तिगत स्वार्थका लागि विद्यार्थीहरुको भविष्यसँग खेलवाड गरिरहेको गुनासोहरु छन् ।

# प्रधानमन्त्रीलाई...

निश्चित अस्पताललाई कोरोनाको लागि मात्र उपचार गर्ने 'डेडिकेटेड कोभिड अस्पताल' र केहीलाई 'नन(कोभिड अस्पताल' को रुपमा छुट्टयाउनुहोस् ।
– यसको लागि हामीले भनेको जस्तो उपलब्ध र संभव भएका ठाँउमा देशैभरी केही निजी मेडिकल कलेज र अस्पतालसँग तत्काल सम्झौता गरी ( विरगञ्जमा जस्तै) निश्चित समयसम्म सरकारले नै लिजमा लिएर 'कोभिड(१९ अस्पताल' बनाउनुहोस् र आवश्यक औषधी, उपकरण र जनशक्तिको व्यवस्था गर्नुहोस् । डेडिकेटेड अस्पतालले नपुगेको अबस्थामा अन्य अस्पतालहरू पनि थप्दै जानुपर्ने अवस्था आउनसक्छ । यस विचको समयमा अन्य अस्पतालमा पनि क्लाभअतष्यल ऋयलतचर्या को लागि आवश्यक काम गर्न लगाउनुहोस् र केही हप्तामा ति अस्पतालमा पनि जोखिममुक्त रुपमा उपचार गर्न मिल्ने गरी तयारी अवस्थामा राख्नुहोस् ।
– कोभिड बाहेकका अन्य बिरामीहरूले सहज उपचार पाउने वातावरण निर्माण गर्न खोप, प्रसुती सेवा लगायतका नियमित, अत्यावश्यक तथा आकस्मिक सेवाहरू प्रभावित हुन नदिन नन(कोभिड बिरामीका लागि अन्य अस्पतालमा निर्वाध रुपमा उपचार गर्न पाउने अवस्था सिर्जना गर्नुहोस् । त्यस्ता विरामीका लागि नियमित जाँच र परामर्शका लागि विज्ञसंग छलफल गरी छुट्टै संयन्त्र निर्माण गर्नुहोस् ।
– नियमित औषधि सेवन गर्नुपर्ने विरामीहरू औषधिबाट बञ्चित हुनुपरेको छ । त्यस्ता विरामीका लागि आवश्यक औषधि नियमित उपलब्ध हुने व्यवस्था गर्नुहोस् । श्र क्वारेन्टाइन र आइसोलेसनका लागि थप ठाउँ पहिचान गरी व्यवस्थित र सुरक्षित बनाउनुहोस् । लक्षण नभएका संक्रमित व्यक्तिलाई आइसोलेसन केन्द्रमा राख्ने र लक्षण भएका अस्पताल जानैपर्ने बिरामीलाई अस्पतालमा लैजाने अवस्था वन्यो भनेमात्र अस्पतालले थेग्न सक्छ । प्रदेश सरकार र स्थानीय सरकारसंग मिलेर स्वास्थ्य सुरक्षा मापदण्ड पुग्नेगरी कम्युनिटी आइसोलेसनको व्यवस्था गर्नुहोस् ।
– अत्यन्त कम ठाँउमा मात्र होम आइसोलेसन बस्न सक्ने सम्भावना हुनसक्छ । होम आइसोलेसन बस्न चाहनेहरूका लागि मापदण्ड अनुसार मानसिक र भौतिक सुरक्षा सहित नियमित स्वास्थ्य जाँच, परामर्श तथा निगरानी राख्न स्थानीय सरकारसँगको समन्वयमा स्वास्थ्यकर्मी सहितको आवश्यक संयन्त्र बनाउनुहोस् ।
– संक्रमित बिरामीको उपचारमा मद्दत पुयाउन आवश्यक प्रमाणिक औषधिहरूको सूची बनाई पर्याप्त रूपमा तयारी अवस्थामा राख्नुहोस् । त्यस्ता औषधिको आपुर्ती प्रणालीलाई सहज बनाउनुहोस् ।
– संक्रमितको संख्या बढ्दैगर्दा सघन उपचारको आवश्यकता बढ्दै जान्छ । उपत्यका र उपत्यकाबाहिर जहाँ सकिन्छ त्यहाँ सघन उपचारका लागि आवश्यक पुर्वाधार, उपकरण थप गर्नुहोस् ।
– दुर्गम ठाँउमा समेत सघन उपचारका लागि सहज बनाउन त्यहां कार्यरत चिकित्सक तथा स्वास्थ्यकर्मीलाई तत्काल ऋचष्तष्अबा ऋबचभ त्चबष्लष्लन उपलब्ध गराउनुहोस् । यसका लागि ति ठाँउमा आवश्यक सामाग्री थप गर्नुहोस् ।
– विद्यमान स्रोत साधनको उच्चतम सदुपयोग गरेर Critical Care पुयाउनको लागि प्राविधिक सहयोग गर्न केन्द्रीय तहमा Critical Care का विज्ञहरू सम्मिलित एक Critical Care Specialist Support System बनाउनुहोस् ।
– संक्रमित व्यक्तिलाई सकेसम्म सघन भेन्टिलेटरमा पुग्नबाट जोगाउने मुख्य उपचार भनेको अक्सिजन उपचार हो । देशभर हजारौंलाई एकै पटक अक्सिजन चाहिने अवस्था आउनसक्छ भन्ने ठानेर तत्काल आवश्यक अक्सिजनको व्यवस्था र प्रत्येक तहका अस्पतालमा oxygen supplies and equipment, antibiotics, anesthetics, sedatives, vasopressors लगायत आवश्यक औषधि, उपकरण पुऱ्याउने व्यवस्था गर्नुहोस् ।
– प्रत्येक प्रदेशमा कम्तिमा एउटा अक्सिजन प्लान्ट बनाउन अविलम्ब शुरु गर्नुहोस् ।
५. स्वास्थ्यकर्मीको सुरक्षा र प्रोत्साहन: स्वास्थ्यकर्मी र सुरक्षाकर्मी संक्रमित हुने क्रम बढ्दो छ । यही गतिमा स्वास्थ्यकर्मी असुरक्षित हुने हो भने केही हप्तामा धेरै स्वास्थ्यकर्मी आफै अस्पताल, आइसोलेसन र क्वारेन्टाइनमा बस्ने अबस्था आउँछ । यसले कोभिड र नन(कोभिड दुवै सेवा प्रभावित हुन्छ । यसबारेमा गम्भीर ढङ्गले सोचेर सरकारले योजना बनाउनु आवश्यक छ । अत:
– अग्रभागका योद्धा स्वास्थ्यकर्मी असुरक्षित भएर र उनीहरूको आत्मबल कमजोर बनाएर यो युद्ध जित्न सकिदैन । स्वास्थ्यकर्मीलाई पर्याप्त मात्रामा पीपीई सेट र ल्ढछ मास्क लगायतका स्वास्थ्य सुरक्षा सामाग्री, सुरक्षा तालिम र आवश्यक प्रोत्साहन भत्ताको व्यवस्था र प्रभावकारी रूपमा कार्यान्वयनको सुनिश्चितता गर्नुहोस् । श्र अग्रभागमा रहेर संक्रमितको व्यवस्थापन र उपचारमा संलग्न स्वास्थ्यकर्मीलाई छुट्टै क्वारेन्टाइन् आवासको व्यवस्था गर्नुहोस् ।
– संक्रमित भएको अवस्थामा स्वास्थ्यकर्मीको उपचार गर्न निश्चित अस्पताल तोक्नुहोस् ।
– स्वास्थ्यकर्मीको प्रोत्साहनको लागि जीवन बीमा, स्वास्थ्य बीमा र प्रोत्साहन भत्ताको तत्काल व्यवस्था गर्नुहोस् ।
६. सीमानाका र विदेशबाट आउने व्यक्तिका सन्दर्भमा: नेपाल बाहिरबाट स्वदेश फर्कनका लागि थुप्रै नेपालीहरू पर्खाइमा छन । भारतबाट नेपाल भित्रिन चाहानेहरूको संख्या पनि उत्तिकै छ । विदेशबाट आएका नेपालीहरूलाई व्यवस्थित रुपले क्वारेन्टाइनमा राखि परीक्षण गरेर मात्र घर पठाउनुपर्नेमा कतिपय देशबाट परीक्षण नै नगरिकन आएको र नेपालमा आएपछि पनि अधिकांशको परीक्षण नहुँदा समुदायमा संक्रमण फैलिने जोखिम बढेको छ । अर्कोतर्फ सरकारले गर्ने निर्णयमा अष्पष्टता र स्पष्ट योजना नहुँदा विदेशमा रहेका नेपाली अलमलिएको र अलपत्र परेको अवस्था छ । अत:
– कुन देशबाट कति नेपाली तत्काल ल्याउनु पर्नेछ त्यस सम्बन्धमा सम्बन्धित निकायसँग समन्वय गरी कहिले ल्याउने, कसरी ल्याउने, कति(कति ल्याउने, नेपाल आएपछि कहाँ राख्ने, कहाँ परीक्षण गर्ने लगायतको स्पष्ट योजना बनाउनुहोस् र त्यसको सही जानकारी गराउनुहोस् ।
– भारत लगायत विभिन्न देशबाट आउन चाहने नागरिकलाई सुरक्षित तवरले ल्याउने र क्वारेन्टाइनमा राखी अनिवार्य परीक्षण गरेर मात्र घर पठाउने व्यवस्थालाई प्रदेश र स्थानीय तहसंग समन्वय गरी प्रभावकारी बनाउनुहोस् ।
– नेपाल भारत सीमा नाकामा कडाइ गरी नागरिकलाई व्यवस्थित ढङ्गबाट मात्र ल्याउने संयन्त्र बनाउनुहोस् । प्रदेश र स्थानीय तहसँगको समन्वयमा व्यवस्थित र सुरक्षित क्वारेन्टाइनको व्यवस्था गर्नुहोस् ।
७. जनशक्तिको रोष्टर र औषधि उपकरणको पर्याप्त आपूर्ति: अस्पतालमा बिरामी बढ्दै गएको अवस्थामा उपचार प्रभावित हुन नदिन नेपालमा विद्यमान सरकारी, निजी तथा गैरसरकारी स्तरमा रहेको विशेषज्ञ जनशक्ति, अन्य जनशक्तिको वास्तविक आकलन गरी सो को रोष्टर अपडेट गरी तयारी अवस्थामा राख्ने र योजनाबद्ध रूपमा परिचालन गर्ने व्यवस्था गर्नुहोस् । विद्यमान अस्पतालहरू, तिनीहरूको क्षमता, औषधि उपकरणको उपलब्धता अद्यावधिक गरी जोखिमको अनुमानको आधारमा आवश्यक स्वास्थ्य सामग्रीहरू समयमै आपूर्ति गर्ने, भण्डारण गर्ने र प्रयोग गर्नुपर्ने निकायमा पनि समयमै पर्याप्त रूपमा उपलब्ध गराउने संयन्त्र चुस्त बनाउनुहोस् । प्रधानमन्त्रीज्यू, ध्यानाकर्षण गराएका यी विषयहरू स्वास्थ्य क्षेत्रसंग मात्र सम्बन्धित विषय हुन । कोरोना महामारीले स्वास्थ्य बाहेक शिक्षा, कृषि, यायायात, पर्यटन, रोजगारी, पेशा व्यवसाय लगायत सवै क्षेत्रलाई अस्तव्यस्त पारेको छ । नागरिकको दैनिक जीवन नै खल्बलिएको छ । कैयनले रोजगारी गुमाएका छन । दैनिक श्रम गरेर जीवन धान्नेहरूलाई छाक टार्न कठिन भएको छ । व्यवसाय चौपट भएको छ । किसानलाई मल, विउ देखि कृषि उपजको बिक्रिवितरणमा समस्या भएको छ । कतिपय नागरिकले औषधि समेत किनेर खान सकेका छैनन । यस्तो अवस्थामा सरकारले 'घर बस सुरक्षित बस' भनेर मात्र हुँदैन । तिनलाई मद्दत चाहिएको छ । तर, तिनका समस्यामा सरकार कहाँ छ ? तर्साएर, कार्वाही गर्छ भनेर कानूनको दफा देखाएर मात्र सरकारको जिम्मेवारी पुरा हुँदैन । ति नागरिकलाइ ठोस मद्दत गर्ने योजना ल्याउनुहोस् । मसंग सरकार छ भन्ने अनुभूति दिलाउनुहोस् । राज्यले भरथेग गर्छ भन्ने विश्वास भयो भने मात्रै जीवन वचाउने यो लडाईमा सवै नागरिकको साथ पाउनुहुन्छ ।
अन्त्यमा, गत फागुन(चैत्रमा ध्यानाकर्षण पत्र लेख्दा सरकारलाई साथ दिने इच्छा र उर्जाले भरिएको मेरो मन यस पटक आक्रोश र निराशाले भरिएको छ । संसदको साथ, सरकारसँग स्रोत, तपाईंसँग शक्ति, सबै तहको सरकार र निकायको समन्वय, नागरिकको पूर्ण सहयोग अनि पूर्व तयारी गर्न समय हुँदाहुँदै पनि तपाईंको अहंकार, गैरजिम्मेवारीपन, अकर्मण्यता, हेपाहा प्रवृत्ति र म बाहेक कोही जान्नेसुन्ने छैन भन्ने मपाईपनाका कारण कोरोना संक्रमण नियन्त्रण बाहिर गयो । तपाईंको सारा सक्रियता आफ्नो कुर्सी र गुट जोगाउन र आफ्नाहरूको पक्षपोषणका लागि भइरहेको छ । तर संकटको घडीमा नागरिकको जीवन रक्षाका लागि पनि देशको प्रधानमन्त्रीबाट त्यस्तै किसिमको सक्रिय नेतृत्वको आशा राख्नु प्रत्येक नागरिकको स्वभाविक अपेक्षा पनि त हो । त्यसैले अब त तपाईंमा केही संवेदनशीलता पलाउला की, जनताको जीवनको विषय तपाईंको प्राथमिकतामा पर्ला की भन्ने कारुणिक आशावादका साथ ५ महिना अगाडि देखि निरन्तर उठाइरहेका विषयहरूलाई पून: यो पत्र मार्फत ध्यानाकर्षण गराएको हुँ । सरकारको सकारात्मक पहलमा समन्वय र सहयोगका लागि त हामी हरदम तयारै छौं ! जय नेपाल !

गगन थापा
प्रतिनिधिसभा सदस्य
मिति: २०७७ भाद्र २

## संक्षिप्त समाचार

### क्षिरेश्वरनाथका मेयरलाई कोरोना

जनकपुरधाम । धनुषाको क्षिरेश्वरनाथ नगरपालिकाका मेयर योगेन्द्र पजियारलाई कोरोना संक्रमण पुष्टि भएको छ । शनिबार आएको पीसीआर रिपोर्टमा उनलाई कोरोना संक्रमण पुष्टि भएको हो । ४८ वर्षीय मेयर पजियारको अहिले स्वास्थ्य अवस्था सामान्य रहेको छ । उनी अहिले आफ्नै घर सखुवा महेन्द्रनगरमा रहेका छन् ।

### कुटपिटबाट वृद्धको मृत्यु, छ जखना पक्राउ

कपिलवस्तु । मायादेवी गाउँपालिका-८ सानो नन्दनगर बस्ने ७० वर्षीय हरिराम पासीको स्थानीयको कुटपिटबाट मृत्यु भएको छ । घटनामा संलग्न रहेको अभियोगमा ६ जनालाई आइतबार दिउँसो प्रहरीले पक्राउ गरेको छ । उक्त स्थानमा नाला सफा गर्ने विषयलाई लिएर कुटपिट हुँदा ३ जना घाइते भएको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी गुलरीबिजुवा र ईलाका प्रहरी कार्यालय पकडीबाट खटिएको प्रहरीले घाइतेहरुलाई उपचारको लागि मेडिकल कलेज भैरहवा लैजाँदै गर्दा हरिरामको बाटोमै मृत्यु भएको थियो । अन्य २ जना घाइतेहरुको सोही अस्पतालमा उपचार भइरहेको छ । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### विराटनगरमा एकको मृत्यु

विराटनगर । विराटनगरमा एक ३० वर्षीय युवकको कोरोना संक्रमणबाट मृत्यु भएको छ । कोशी अस्पतालमा विराटनगर महानगरपालिका-१५ का ३० वर्षीय एक पुरुषको कोरोना संक्रमणका कारण मृत्यु भएको हो । विराटनगरका युवकलाई बिहीबार बिहान कोशी अस्पताल भर्ना गरिएको थियो । उनको बेलुका आइसोलेसनमा मृत्यु भएको र कोरोना जाँच गर्दा पोजेटिभ रिपोर्ट आएको हो ।

### हिन्दु, बौद्धमाथि भइरहेको हिंसाको बिरोधमा पाकिस्तानी दूतावास अगाडि प्रदर्शन

काठमाडौं । पाकिस्तानमा धार्मिक अल्पसंख्यक हिन्दु, बौद्ध, जैन, शिखहरुमाथि हिंसा गरेको विरोधमा राष्ट्रिय एकता अभियानले काठमाडौं महाराजगञ्जस्थित पाकिस्तानी दूतावास अगाडि प्रदर्शन गरेको छ । पाकिस्तानले आफ्नो ७४औं स्वतन्त्रता दिवस मनाइरहँदा प्रदर्शनकारीहरुले दूतावास अगाडि पुगेर धार्मिक अल्पसंख्यकहरुमाथि भइरहेको हिंसा बन्द गर्न माग गर्दै विरोध प्रदर्शन गरेका हुन् । राष्ट्रिय एकता अभियानका संयोजक विनय यादवले पाकिस्तानी दूतावास महाराजगंज पुगेर विरोध प्रदर्शन गरिएको बताए । पाकिस्तानी सरकारले हिन्दु, बौद्ध र क्रिष्टियनहरुमाथि भइरहेको ज्यादती र हिंसालाई रोक्न कुनै पनि कदम नचालेको अभियानका संयोजक यादवको भनाई छ ।

### तीन वटा ट्याक्टर नियन्त्रणमा

मोरङ । लेटाङ्ग नगरपालिका-९ तेली खोलामा अवैध रुपमा ढुङ्गा उठाउँदै गरेका को.२ त ७९२९, को.१ त ८५९३ र को.२ त ९३०१ नम्बरका तीन वटा ट्र्याक्टरलाई चालक सहित आइतबार बिहान प्रहरीले नियन्त्रणमा लिएको छ । अवैध रुपमा उत्खनन गरी ढुङ्गा उठाउँदै गरेको अवस्थामा ती ट्याक्टरहरूलाई प्रहरीले नियन्त्रणमा लिएको हो । ट्र्याक्टर तथा चालकलाई आवश्यक कारवाहीको लागि लेटाङ नगरपालिकाको कार्यालयमा बुझाउने पहल भईरहेको जिल्ला प्रहरी कार्यालय मोरङले जनाएको छ ।

### धारिलो हतियार प्रहारबाट युवकको मृत्यु

रौतहट । गरुडा नगरपालिका-८ वसपिट जिगाडिया बस्ने २० वर्षीय निरन्जन रामको धारिलो हतियार प्रहारबाट मृत्यु भएको छ । उनलाई अपरिचित व्यक्तिहरूले सोही ठाउँस्थित खेतमा धारिलो हतियार प्रहार गरी हत्या गरेको भन्ने खबर आइतबार बिहान प्राप्त हुनासाथ प्रहरी चौकी विर्ता र ईलाका प्रहरी कार्यालय गरुडाबाट खटिएको प्रहरीले उनको शव फेला पारेको हो । अभियुक्तको खोजी गर्नुका साथै यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### पोखरीमा डुबेर किशोरको मृत्यु

मोरङ । विराटनगर महानगरपालिका-१४ स्थित रानी माई पोखरीमा डुबेर सोही महानगरपालिका-१५ बस्ने १६ वर्षीय बिशाल चौधरीको आइतबार मृत्यु भएको छ । पोखरीमा पौडी खेल्ने क्रममा डुबेर बेपत्ता भएका चौधरीलाई ईलाका प्रहरी कार्यालय रानीबाट खटीएको प्रहरीले खोजी गर्ने क्रममा मृत अवस्थामा फेला पारेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### गोली हानी पुजारीको हत्या

रौतहट । अज्ञात समूहले रौतहटमा बुधबार राति साढे ९ बजे एक मन्दिरका पुजारीको गोली हानी हत्या गरेको छ । जिल्ला प्रहरी कार्यालयका अनुसार माधवनारायण नगरपालिका-२ खेसरैया बजारस्थित हनुमान मन्दिरका पुजारी ६५ वर्षीय श्रीराम साहको हत्या भएको हो । मन्दिरअगाडि खाना खाने क्रममा साहलाई अज्ञात समूहले कन्चटमा गोली हानी फरार भएको प्रहरीले जनाएको छ । गोली प्रहारबाट पुजारीको घटनास्थलमै मृत्यु भएको थियो । घटनाका सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको जनाइएको छ ।

### कैलाली जिल्लाभर भाद्र १४ गतेसम्म निषेधाज्ञा

कैलाली । जिल्लामा बिहीबार राति १२ देखि लागू हुने गरी भाद्र १४ गतेसम्म निषेधाज्ञा लागू गरिएको छ । जिल्ला संकट व्यवस्थापन समितिको बुधबार बसेको बैठकले निषेधाज्ञा जारी गरेको अवधिमा सरकारी तथा निजी सवारी साधन, व्यापार व्यवसाय बन्द रहने निर्णय गरेको छ । कोरोनाको संक्रमण नियन्त्रण तथा रोकथामलाई थप प्रभावकारी बनाउन निषेधाज्ञा जारी गर्नु परेको स्थानीय प्रशासनले जनाएको छ । खाद्यान्न, दूध, तरकारी, औषधि पसल, अस्पताल लगायतका अत्यावश्यक सेवाहरुलाई खोल्न दिइने छ ।

### बारा र पर्सामा थप १२३ संक्रमित

वीरगञ्ज । पर्सा र बारामा थप एक सय २३ जना कोरोना संक्रमित पुष्टि भएका छन् । नारायणी अस्पतालमा गरिएको परीक्षणमा पर्सामा थप ६६ जनामा कोरोना संक्रमण पुष्टि भएको छ । अस्पतालले दिएको जानकारी अनुसार जिल्लाका वीरगञ्ज महानगरपालिका, बहुदरमाई नगरपालिका,अस्पतालका चिकित्सक, स्वास्थयकर्मी, पत्रकार लगायत जिल्लामा ६६ जनामा कोरोना संक्रमण पुष्टि भएको हो । जिल्लाको बहुदरमाई नगरपालिकामा मात्रै २५ जनामा कोरोना संक्रमण भएको पाइएको छ । जसमध्ये वडा नम्बर ४ बहुअरी पिडरी टोलका २० जना रहेका छन् । वीरगञ्जको रेडियोमा कार्यरत एक जना पत्रकार, जिल्ला प्रहरी कार्यालय र वडा प्रहरी कार्यालय बिर्ताका गरी ७ जना प्रहरीमा समेत कोरोना संक्रमण देखिएको छ । वीरगञ्ज महानगरपालिकका विभिन्न स्थानका १८ जनामा कोरोना संक्रमण देखिएको छ ।

### कपिलवस्तुमा १ हजारभन्दा बढी संक्रमित

कपिलवस्तु । कपिलवस्तुमा मगलवार २४जना कोरोना संकमितथपिएका छन् । स्वास्थ्यकार्यालय कपिलवस्तुले दिएको जानकारी अनुसार विहिवार जिल्लामाथप २४जनामा कोरोना पोजेटिभ देखिएको हो । कार्यलयकाअनुसार संक्रमितमध्ये कृष्णनगर नगरपालिकाकाबासिन्दाहुन।कृष्णनगर र बहादुरगजं बजार क्षेत्रवाट साउन ३१ गते लिइएको ३२९ जनाको नमुनामध्ये २४ जनामापोजेटिभ देखिएको र अझै २१८ जनाको स्वावको नतिजाप्रतिक्षामा रहेको बताइएको छ । कोरोनाका कारण अहिले सम्म २ जनाको ज्यानगएको छ । जिल्लामा समुदायमै कोरोना देखिएपछि यहिभदौ ७गते सम्म निषेधज्ञा जारी गरिएको छ ।

### लागूऔषधसहित दुई पक्राउ

कैलाली । धनगढी उपमहानगरपालिका-३ बाट करिब ७ ग्राम अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने वस्तुसहित २ जनालाई सोमबार साँझ प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरुमा सोही उपमहानगरपालिका(१ बस्ने २४ वर्षीय पृथ्वी खड्का र सोही उपमहानगरपालिका(३ बस्ने २५ वर्षीय अनुराग मल्ल रहेका छन् । उक्त लागूऔषध र से.६ प ७८९ नम्बरको मोटरसाइकल सहित उनीहरुलाई प्रहरीले पक्राउ गरेको हो ।

# प्रदेश २ मा कोरोनाबाट मृत्यु हुने बढी



जनकपुरधाम । कोरोना संक्रमणको उच्च जोखिममा रहेको प्रदेश २ मा अहिले सम्म ५० जनाभन्दा बढीको मृत्यु भएको छ । यस्तै पीसीआर जाँचमा ६ हजार ६ सय २७ जनाको रिपोर्ट पोजेटिभ आएको छ । कोरोनाबाट सबैभन्दा बढी पर्सामा १९ जनाको मृत्यु भएको छ । त्यस्तै धनुषामा ७, बारामा ६, सप्तरीमा ३, महोत्तरीमा २, सिरहामा २, रौतहटमा २ र सर्लाहीमा १ जनाको कोरोना संक्रमणबाट मृत्यु भएको हो ।

प्रदेश २ को सामाजिक विकास मन्त्रालयका अनुसार शुक्रबारसम्ममा कुल ७६ हजार ५ सय २५ जनाको स्वाब संकलगन गरेपनि अहिले सम्ममा ६९ हजार ५ सय १५ जनाको रिपोर्ट मात्र आएको हो ।

जसमा कोरोना संक्रमण पुष्टि भएका मध्ये ३ हजार ५ सय ४८ जना निको भएर आफ्नो घर फर्किसकेका छन् भने कोरोनाको कारण ४२ जनाले आफ्नो ज्यान गुमाइसकेका छन् । हाल यस प्रदेशमा ३ हजार ३८ जना संक्रिय संक्रमित रहेका छन् ।

कोरोनाको कारण सबैभन्दा बढी प्रभावित भएको रौतहट जिल्लामा कुल १७ हजार ४ सय ४९ जनाको स्वाब संकलन गरिएकोमा १ हजार ३ सय ८० जनाको रिपोर्ट पोजेटिभ १५ हजार ४ सय ३१ जनाको रिपोर्ट नेगेटिभ र ६ सय ३८ जनाको रिपोर्ट आउन बाँकी रहेको स्वास्थ्य निर्देशनालय प्रदेश २ का वरिष्ठ जनस्वास्थ्य प्रशासक विजय झाले जानकारी दिए ।

त्यस्तै पर्सामा १५ हजार ४४ जनाको स्वाब संकलन गरिएकोमा १ हजार १ सय ७८ जनाको रिपोर्ट पोजेटिभ आएको छ भने १२ हजार ९ सय ९८ जनाको रिपोर्ट नेगेटिभ र ८ सय ६८ जनाको रिपोर्ट आउन बाँकी छ ।

धनुषामा ८ हजार २ सय ४१ जनाको स्वब लिइएकोमा ९ सय ९० को रिपोर्ट पोजेटिभ ६ हजार ३ सय ३९ को रिपोर्ट नेगेटिभ र ९ सय १२ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

महोत्तरीमा ४ हजार ९ सय ५५ जनाको स्वाब संकलन गरिएकोमा ९ सय ८८ जनाको रिपोर्ट पोजेटिभ आएको छ भने २ हजार ९ सय २ जनाको रिपोर्ट नेगेटिभ आएको हो । यहाँ १ हजार ६५ जनाको रिपोर्ट आउन बाँकी रहेको छ।

सर्लाहीमा ७ हजार ६ सय ९९ जनाको स्वाब संकलन गरिएकोमा ८ सय ८० जनाको रिपोर्ट पोजेटिभ ५ हजार ५ सय ५३ जनाको रिपोर्ट नेगेटिभ र १ हजार २ सय ६६ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

शुक्रबार सम्मको तथ्यांक अनुसार सप्तरीमा ११ हजार १ सय ८६ जनाको स्वाब संकलन गरिएकोमा ६ सय ३४ जनाको रिपोर्ट पोजेटिभ, ९ हजार ४ सय ७५ जनाको रिपोर्ट नेगेटिभ र १ हजार ७७ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

बारामा ६ हजार ५ सय ९१ जनाको स्वाब संकलन गरिएकोमा ३ सय २० को रिपोर्ट पोजेटिभ ५ हजार ५ सय ७ जनाको रिपोर्ट नेगेटिभ र ७ सय ६४ जनाको रिपोर्ट आउन बाँकी रहेको छ ।

सिरहामा ५ हजार २ सय ८८ जनाको स्वाब संकलन गरिएकोमा २ सय ५२ को रिपोर्ट पोजेटिभ, ४ हजार ६ सय १६ जनाको रिपोर्ट नेगेटिभ र ४ सय २० जनाको रिपोर्ट आउन बाँकी रहेको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

त्यस्तै अन्य स्थानका ७२ जनाको स्वाब संकलन गरिएकोमा ५ जनाको रिपोर्ट पोजेटिभ आएको छ भने ६७ जनाको रिपोर्ट नेगेटिभ आएको हो ।

## रौतहटमा भएका श्रृंखलाबद्ध हत्याकाण्डका दोषीलाई कारबाही गर्न माग

रौतहट । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा सांसद प्रभु साहले रौतहटमा भएका श्रृङ्खलाबद्ध हत्याकाण्डका दोषीलाई कारबाही गर्न माग गरेका छन् । जिल्लामा निषेधाज्ञा जारी रहेको बेला लगातार श्रृङ्खलाबद्ध रुपमा भइरहेको हत्या तथा अपराधिक गतिविधिले आमनागरिक त्रसित बनेको तर प्रहरी प्रशासनको ध्यान अन्यत्र रहेको भन्दै उनले ध्यानाकर्षण गराएका हुन् । गरुडा नपा-८, जिंगडियाका २० वर्षीय दलित युवा निरन्जन राम (चमार) को धारिलो हतियारले घाँटी रेटेर हत्या भएको ३ दिनपछि बुधबार माधवनारायण नपा-२, खेसरहिया स्थित हनुमानमन्दिरका ६५ वर्षीय पुजारी श्रीराम साहको गोली हानेर हत्या भएपछि नेता साह प्रहरीको भूमिकाप्रति आक्रोशित भएका हुन् । नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका नेता साहले किसानले भारतबाट लुकीछिपी ल्याएको मलखाद दिनहुँ जसो समात्नेदेखि राँगा भैसी नियन्त्रणका लागि हवाई फायर गर्ने प्रहरी हत्या हिंसा रोक्नतर्फ केन्द्रित नहुँदा समाजमा त्रास पैदा भएको भन्दै चिन्ता व्यक्त गरेका हुन् ।

नेता साहले सामाजिक संजाल फेसबूकमा लेखेका छन्, 'कोरोना महामारी नियन्त्रणका लागि रौतहटमा जारी निषेधाज्ञाकै क्रममा श्रावन ३२ गते गरुडा नपा-८, जिंगडिया निवासी करिब २० वर्षीय दलित युवा निरन्जन राम (चमार) को धारिलो हतियारले घाँटी रेटेर हत्या भयो । हिजो (भदौ ३ गते) माधवनारायण नपा-२, खेसरहिया स्थित हनुमानमन्दिरका ६५ वर्षीय पुजारी श्रीराम साहको गोली हानेर पुन: अर्को हत्या गरिएको छ । यसरी कोरोना महामारी र लकडाउनसँगै रौतहटमा शृंखलाबद्ध रूपमा हत्या हिंसा लगायतका अपराधिक घटनाहरु भइरहेको छ । सर्वप्रथम, म यो शृंखलाबद्ध रूपमा भइरहेको गम्भिर हत्याकाण्डको घोर भर्त्सना गर्दछु साथै दोषीलाई कड़ा कार्वाहीको मागसहित पीडित परिवारप्रति गहिरो संबेदना व्यक्त गर्दछु ।'

रौतहटमा लगातार भइरहेको यी र यस्ता अपराधिक घटनाले आमजनतामा त्रासको स्थिति सृजना मात्र नभई सुरक्षा निकायको कार्यक्षमतामाथी नै गम्भिर प्रश्न खडा भएको उनले जनाएका छन् ।

'गम्भिर प्रकृतिको आपराधिक घटनाको छानबिनमा केन्द्रित हुनुको सट्टा नेपाल प्रहरीको ध्यान अन्यत्र त छैन ? किसानले भारतबाट लुकीछिपी ल्याएको मलखाद दिनहुँ जसो समात्नेदेखि राँगा भैसी नियन्त्रणका लागि हवाई फायर गर्ने सम्मको क्रियाकलापले प्रहरीको ध्यान राजस्व छलि नियंत्रणमा बढ़ी केन्द्रित भएको हो कि ? भन्ने प्रश्न आमजनताको जिज्ञासा बनेको छ' नेता साहले लेखेका छन्, 'यसरी रौतहटको सुरक्षा निकायको कमजोर भूमिकाका कारण शान्ति सुरक्षाको स्थिति चिन्ताजनक बन्दै गएकोले यसमा मथिल्लो निकायलाई थप एवं ठोस रुपमा क्रियाशील बनाउन गृह मन्त्रालयको गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु ।'


## विषादीको सुरक्षित प्रयोग गरौं र स्वस्थ रहौं

- जीवनाशक विषादीहरू नि:सन्देह जीवघाती हुन् । होसियारीसँग प्रयोग नगरिएमा मृत्युसम्म हुन सक्छ ।
- रासाययिक विषादी अन्तिम विकल्पको रूपमा लिनुपर्छ ।
- विषादी प्रयोग गर्ने सम्पूर्ण व्यक्तिलाई विषादीबारे विस्तृत जानकारी हुनुपर्छ ।
- व्यक्तिगत सुरक्षाका लागि आवश्यक पोसाक लगाएर मात्र विषादी छर्नुपर्छ ।
- लेवलमा भएका जानकारीहरू तथा निर्देशनहरूअनुसार कार्य गर्दा विषादीबाट हुने असरबाट बच्न सकिन्छ ।
- विषादी छर्ने औजार चुहिने हुनुहुँदैन ।
- विषादी मिसाउँदा वा छर्दा सकभर छालामा सम्पर्क हुन नदिन वा श्वास प्रक्रियाबाट शरीरभित्र जान नदिन प्रयोग गर्नुपर्छ ।
- विषादी मिसाउँदा वा छर्ने बेलामा खान, पिउन वा धुम्रपान गर्न निषेध गर्नुपर्छ ।
- छिमेकीलाई विषादी छरेको जानकारी दिनुपर्छ ।
- केटाकेटीहरूलाई विषादी चलाउन राखेको समयमा नजिक आउन दिनुहुँदैन ।
- विषादी अन्तिम प्रयोग र वाली भित्र्याउने समयावधि जानकारी राख्नुपर्छ ।
- लक्षित गरेका किराहरू तथा प्रयोग हुने बालीहरूबारे जानकारी राख्नुपर्छ ।
- विषादीको म्याद सकिने मिति तथा प्रयोग गर्ने मात्रासम्बन्धी जानकारी हुनुपर्छ ।
- धेरै हावा चलेको वा हुरी लागेको बेलामा विषादी छर्नुहुँदैन ।
- विषादी छरिसकेपछि बाँकी भएको विषादी भण्डारणमा वा सुरक्षित ठाउँमा पुऱ्याउनुपर्छ ।
- खाली विषादीको भाँडा ठीक ठाउँमा नष्ट गर्नुपर्छ ।
- विषादी छरिएको 'रेकर्ड' राख्नुपर्छ । जस्तै विषादीको नाम, मात्रा, छरेको मिति, बालीको अवस्था, छरेको बेलामा मौसम र अन्य विस्तृत जानकारी राख्नुपर्छ ।

प्रदेश सरकार

भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

प्रदेश नं. २, धनुषा, नेपाल

सम्पर्क नं. : ०१५२२३५०

इमेल : malcprovince2@gmail.com


## स्थानीय सम्वाद

# संघीय सरकारले सौतेनी व्यवहार गरिरहेको छ



**सलमा खातुन**

**उपमेयर, पोखरिया नगरपालिका, पर्सा**

**० पोखरियाका मेयर, मेडिकल सुपरिटेन्डेन्टसहित वडाअध्यक्षहरुसमेत संक्रमित हुनुभयो, यस्तो अवस्था कसरी आयो ?**

– लकडाउनभन्दा पहिलादेखि नै हामीले निकै सावधानी अपनाएका थियौं । घर-घर पुगेर कोरोनाबाट कसरी बच्ने भन्ने आग्रह गरेका थियौं । स्थानीय सरकारले राहत जनचेतनामूलक कार्यक्रम, राहत वितरण, स्वास्थ्य सामग्री र क्वारेन्टिन व्यवस्थापन लगायतमा राम्ररी नै काम गरेको थियो । जसले गर्दा जिल्लास्तरमा पोखरिया नगरपालिकाको राम्रो मूल्यांकन भएको थियो । तर जब लकडाउन खुकुलो भयो, कलकारखाना खुल्न थाल्यो त्यसबेला नै कोरोना फैलियो । लकडाउन खुकुलो हुने बित्तिकै मानिसहरुले हलुको रुपमा लिए, लापरवाह तरिकाले पनि हिंड्न थाले । त्यसले गर्दा संक्रमणको स्थिति बढ्यो । पोखरियामा सिरियस केशहरु छैनन्, टेष्ट गरेपछि मात्रै कोरोना लागेको थाहा भयो । सोही क्रममा जनप्रतिनिधिहरुमा पनि कोरोना पोजिटिभ देखिन थालेको हो ।

**० संक्रमितहरुको स्वास्थ्य अवस्था कस्तो छ ?**

– हाम्रा मेयरसहित कोरोना पोजिटिभ रिपोर्ट आएकाहरुको स्वास्थ्य अवस्था सामान्य नै छ । मेयरका परिवारजनको पनि रिपोर्ट पोजिटिभ आएको छ । उहाँलाई पहिलादेखि ज्वरो आइरहेको थियो । तर अहिले अवस्था सामान्य छ । उहाँ र उहाँका परिवारजन होम आइसोलेसनमा हुनुहुन्छ । पोखरियामा रहेको १० वडाहरुमध्ये पाँच वटा वडाका अध्यक्षहरुको पोजिटिभ केश आइसकेको छ ।

**० पोखरियामा कोरोना भाइरस समुदायस्तरमा प्रवेश गरिसकेको हो त ?**

– यसमा शंकै छैन कि कोरोना भाइरस समुदायस्तरमा प्रवेश गरिसकेको छ । अहिले प्रत्येक वडा, गाउँमा कोरोना संक्रमण फैलिसकेको छ । पर्याप्त मात्रामा हामीले टेष्ट नगरेकोले पनि अहिलेसम्म बाहिर नआएको हो । वास्तवमा यदि प्रत्येक घरमा टेष्ट गर्ने हो भने एक धेरै संक्रमितहरु फेला पर्छन् र हामीले व्यवस्थापन गर्न नसक्ने अवस्था आउँछ । यसलाई मध्यनजर गर्दै अब एक घर एक पीसीआर टेष्ट गर्ने भनेर सर्वपक्षीय र सर्वदलीय निर्णय नै गऱ्यौं । हाम्रा वरिपरिका तीन/चारवटा पालिका मिलेर भएपनि छुट्टै पीसीआर मेसिन खरिद गर्न प्रस्ताव पनि गरेको अवस्था छ । हामीले तयारी गर्दागर्दै पनि बीचमा पोजिटिभ केश आइसकेपछि कार्यान्वयन पक्ष अलिकति ढिलो हुन पुग्यो ।

**० भनेपछि कोरोना भाइरस भुसको आगोझैं समुदायस्तरमा सल्किरहेको छ ?**

– निश्चितरुपमा भुसको आगोझैं कोरोना भाइरस अहिले समुदायस्तरमा फैलिरहेको छ । पर्सा जिल्ला र खासगरी वीरगन्ज नेपालकै आर्थिक मेरुदण्डको रुपमा रहेको छ । हरेक आन्दोलन र गतिविधिमा वीरगन्जको महत्वपूर्ण योगदान रहँदै आएको छ । मुलुकका अन्य भूभागहरुमा आपत-विपद् आइपर्दा पर्सावासीले सहयोग नगरेका होइनन् । तर यस्तो भयावह स्थिति आइसक्दा पनि केन्द्र सरकारबाट जुन पहल हुनुपर्दथ्यो, त्यसमा एकदम निराशाजनक रहेको छ । संघीय सरकारको यस्तो बेवास्ताका कारण आमजनतामा धेरै नै नराम्रो असर पारेको छ । स्थानीय तहले आफूले सकेको तवरबाट सबै गरिरहेका छन्, सोही क्रममा जनप्रतिनिधिहरु पनि संक्रमित भइरहेका छन् । प्रदेश सरकारले पनि सक्दो सहयोग गरेकै छ । महामारीमा केन्द्र सरकारको पूर्ण जिम्मेवारीअन्तर्गत पर्दछ, त्यसमा निराशा देखिनु फेरि पनि हामी नेपाली हो कि होइनौं भन्ने अनुभूति हुँदैछ ।

**० देशकै प्रमुख व्यापारिक नाकाको रुपमा रहेको वीरगन्ज लगायत आसपासका क्षेत्रमा संघीय सरकारको दृष्टि किन पुग्न सकेन होला ?**

– हामीले जनप्रतिनिधि, राजनीतिकर्मी वा आमजनताको तर्फबाट भन्नुपर्दा हामीलाई नियतवश नै संघीय सरकारले बेवास्ता गरेको हुनुपर्छ । आज सबैको मनमष्टिष्कमा बसिसकेको छ कि राज्यले नियतवश नै हामीले उपेक्षा गरेको छ । मधेशीलाई हेर्ने देष्टिकोण जुन राज्यसत्ताको त्यसमा परिवर्तन आउन सकेको छैन । आज यस्तो महामारीका बेला यदि राज्यले प्रभावकारी भूमिका खेल्न सकेको भए हामीलाई महसुस हुन्थ्यो कि हाम्रो योगदानको पनि राज्यले कदर गरेको छ । हामी पनि नेपाली हौं भन्ने अनुभूति हुन्थ्यो होला । राज्यसँग यो एउटा राम्रो अवसर थियो, कुराभन्दा पनि व्यवहारमा देखाउने । अहिले जसरी संघीय सरकारले सौतेनी व्यवहार गरिरहेको छ, यहाँका जनताले सधैंभरि स्मरण गर्नेछन् ।

**० प्रदेश सरकारको भूमिका कस्तो छ ?**

– प्रदेश सरकारले अपेक्षाकृतरुपमा सबै थोक गर्न सकेको अवस्था त छैन । तर पनि हामीले अहिलेसम्म जे-जति पाएका छौं, प्रदेश सरकारबाटै पाएका छौं । कोरोना महामारीको सुरुवाती अवस्थामा हामीसँग केही पनि थिएन । स्वास्थ्य सामग्रीको अभावमा चिकित्सकहरुले सेवा दिन बाध्य थिए । त्यतिखेर पनि प्रदेश सरकारले हामीलाई स्वास्थ्य सामग्रीहरु उपलब्ध गरायो । राहतकै कुरा गर्ने हो भने प्रदेश सरकारले पहिलो चरणमा हामीलाई रु. १५ लाख दियो । त्यसपछि राहत सामग्रहरु पनि प्रदेश सरकारले उपलब्ध गरायो । पोखरिया अस्पतालका लागि शव वाहन एम्बुलेन्स खरिद गर्न प्रदेश सरकारले सहयोग गरेको छ ।

**० संघीय सरकारबाट केही पनि आएको छैन ?**

– संघीय सरकारबाट हामीले पाउने भने निर्देशन मात्रै हो । इमेलमार्फत् निर्देशनहरु आउँछन्, यसो गर्नुस्, उसो गर्नुस् । त्यसबाहेक अरु केही पनि आएको छैन । हामीले पालिकाको तर्फबाट एक दुई पटक नगरपालिकाको लागि सहयोग माग गरेका थियौं । तर, त्यसमा कुनै किसिमको प्रतिक्रिया आएन । हामीले यहाँका प्रतिनिधिसभा सदस्य, प्रदेश सरकार र नेताहरुमार्फत् निरन्तर यहाँको अवस्थाबारे जानकारी गराएका छौं । त्यसका बाबजुद पनि संघीय सरकारबाट कुनै किसिमको चाँसो देखिएको छैन ।

## रौतहटमा भएका श्रृंखलाबद्ध हत्याकाण्डका दोषीलाई कारबाही गर्न माग

रौतहट, ४ भाद्र । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का नेता तथा सांसद प्रभु साहले रौतहटमा भएका श्रृङ्खलाबद्ध हत्याकाण्डका दोषीलाई कारबाही गर्न माग गरेका छन् । जिल्लामा निषेधाज्ञा जारी रहेको बेला लगातार श्रृङ्खलाबद्ध रुपमा भइरहेको हत्या तथा अपराधिक गतिविधिले आमनागरिक त्रसित बनेको तर प्रहरी प्रशासनको ध्यान अन्यत्र रहेको भन्दै उनले ध्यानाकर्षण गराएका हुन् ।

गरुडा नपा-८, जिंगडियाका २० वर्षीय दलित युवा निरन्जन राम (चमार) को धारिलो हतियारले घाँटी रेटेर हत्या भएको ३ दिनपछि बुधबार माधवनारायण नपा-२, खेसरहिया स्थित हनुमानमन्दिरका ६५ वर्षीय पुजारी श्रीराम साहको गोली हानेर हत्या भएपछि नेता साह प्रहरीको भूमिकाप्रति आक्रोशित भएका हुन् ।

नेकपा प्रदेश २ का अध्यक्ष समेत रहेका नेता साहले किसानले भारतबाट लुकीछिपी ल्याएको मलखाद दिनहुँ जसो समात्नेदेखि राँगा भैसी नियन्त्रणका लागि हवाई फायर गर्ने प्रहरी हत्या हिंसा रोक्नतर्फ केन्द्रित नहुँदा समाजमा त्रास पैदा भएको भन्दै चिन्ता व्यक्त गरेका हुन् ।

नेता साहले सामाजिक संजाल फेसबूकमा लेखेका छन्, 'कोरोना महामारी नियन्त्रणका लागि रौतहटमा जारी निषेधाज्ञाकै क्रममा श्रावन ३२ गते गरुडा नपा-८, जिंगडिया निवासी करिब २० वर्षीय दलित युवा निरन्जन राम (चमार) को धारिलो हतियारले घाँटी रेटेर हत्या भयो । हिजो (भदौ ३ गते) माधवनारायण नपा-२, खेसरहिया स्थित हनुमानमन्दिरका ६५ वर्षीय पुजारी श्रीराम साहको गोली हानेर पुन: अर्को हत्या गरिएको छ । यसरी कोरोना महामारी र लकडाउनसँगै रौतहटमा शृंखलाबद्ध रूपमा हत्या हिंसा लगायतका अपराधिक घटनाहरु भइरहेको छ । सर्वप्रथम, म यो शृंखलाबद्ध रूपमा भइरहेको गम्भिर हत्याकाण्डको घोर भर्त्सना गर्दछु साथै दोषीलाई कड़ा कार्वाहीको मागसहित पीडित परिवारप्रति गहिरो संबेदना व्यक्त गर्दछु ।'

रौतहटमा लगातार भइरहेको यी र यस्ता अपराधिक घटनाले आमजनतामा त्रासको स्थिति सृजना मात्र नभई सुरक्षा निकायको कार्यक्षमतामाथी नै गम्भिर प्रश्न खडा भएको उनले जनाएका छन् ।

'गम्भिर प्रकृतिको आपराधिक घटनाको छानबिनमा केन्द्रित हुनुको सट्टा नेपाल प्रहरीको ध्यान अन्यत्र त छैन ? किसानले भारतबाट लुकीछिपी ल्याएको मलखाद दिनहुँ जसो समात्नेदेखि राँगा भैसी नियन्त्रणका लागि हवाई फायर गर्ने सम्मको क्रियाकलापले प्रहरीको ध्यान राजस्व छलि नियंत्रणमा बढ़ी केन्द्रित भएको हो कि ? भन्ने प्रश्न आमजनताको जिज्ञासा बनेको छ' नेता साहले लेखेका छन्, 'यसरी रौतहटको सुरक्षा निकायको कमजोर भूमिकाका कारण शान्ति सुरक्षाको स्थिति चिन्ताजनक बन्दै गएकोले यसमा मथिल्लो निकायलाई थप एवं ठोस रुपमा क्रियाशील बनाउन गृह मन्त्रालयको गम्भिर ध्यानाकर्षण गराउन चाहन्छु ।'

## विश्व परिवेश

# भारतमा २०२० मै कोरोनाविरुद्धको भ्याक्सिन प्रयोग भइसक्ने



काठमाडौं । भारतमा सन् २०२० को अन्तसम्ममा कोरोना भाइरसविरुद्धको भ्याक्सिन उत्पादन भई प्रयोग हुने भएको छ । यसै वर्षको डिसेम्बरभित्र भारतीय जनताले भ्याक्सिन लगाउन पाउने भएका छन् ।

टाइम्स अफ इन्डियाले भारतको बजारमा सन् २०२० भित्र नै भ्याक्सिन प्रयोगमा आइसक्ने खबर छापेको छ । भारतभित्र नै उत्पादित र बाह्य मुलुकमा पत्ता लागेका भ्याक्सिनहरु पनि प्रयोगमा आउनसक्ने उल्लेख छ ।

पुणेस्थित सेरम इन्स्टिच्युट भारतभित्र भ्याक्सिन विकास गर्ने पहिलो कम्पनि हुने जनाइएको छ । सेरमले बेलायतको एस्ट्राजेनेकासँग मिलेर अक्सफोर्ड भ्याक्सिन विकास गरिरहेको छ ।

सेरमले दोस्रो र तेस्रो चरणको भ्याक्सिनको मानव परीक्षण शुरु गरिरहेको छ । १८ वर्ष माथिका १६ सय मानिसहरुमा भ्याक्सिनको परीक्षण शुरु गरिएको छ । भारतमा अन्य भ्याक्सिनको पनि विकास भइरहेको छ । भारत बायोटेक कोभ्याक्सिन र जिडस क्याडिलाजको जिकोभ डिको पहिलो र दोस्रो चरणको परीक्षण चलिरहेको छ । ती कम्पनिहरुले एक हजार देखि ११ सय मानिसमाथि परीक्षण गरिरहेका छन् ।

अक्सफोर्ड भ्याक्सिनको दोस्रो चरणको परीक्षण बेलायतमा सकिएको छ । यसले सकारात्मक नतिजा दिएको बुझिएको छ । सेरम कम्पनिले विभिन्न संस्थाहरुसँग मिलेर भ्याक्सिन विकास गर्ने र उत्पादनको तयारीमा लागेको छ । सेरम विश्वमा सबैभन्दा ठुलो परिमाणमा भ्याक्सिन उत्पादन गर्ने कम्पनि हो ।

भारतीय जनताले सन् २०२० भित्र भ्याक्सिन लगाउन पाउने भएपछि तीनतर्फ सीमा जोडिएको नेपालले पनि चाँडै पाउनेसक्ने सम्भावना रहेको छ । खुल्ला सीमाका कारण सहज आवतजावत भएकाले भारत कोरोनामुक्त हुन नेपाल पनि कोरोनामुक्त हुनु अनिवार्य हुन्छ । त्यसकारण पनि भारतमा कोरोना भ्याक्सिनको प्रयोग भएसँगै नेपालमा पनि हुनसक्ने सम्भावना छ । यसका लागि सरकारी तहबाट हुने पहल र तदारुकता पनि महत्वपूर्ण हुन्छ ।

# भारतमा कोरोनाका तीन खोप परीक्षणको चरणमा

नयाँदिल्ली । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले भारतमा कोरोनाका तीन ओटा खोप परीक्षणको चरणमा रहेको जानकारी दिएका छन् । कोरोनाविरुद्धको खोप बनाएका बैज्ञानिकहरुले सकारात्मक संकेत दिएको र प्रमाणित भएपछि व्यापक रुपमा खोपको उत्पादन गरिने पनि मोदीले बताए । देशको ७४औँ स्वतन्त्रता दिवसका अवसरमा सम्वोधन गर्दै उनले प्रयोगशाला र औषधी उत्पादन गर्ने क्षमता बृद्धि गर्न लागिएको जानकारी दिए । उनले प्रतिरक्षात्मक सामग्रीहरुको उत्पादनमा पनि व्यापक बृद्धि भइरहेको बताए । खोप उत्पादनका लागि बैज्ञानिकहरुले कडा मेहनत गरिएको उनको भनाई छ । 'अहिले भारतमा एउटा होइन, दुईटा होइन, तीन ओटा खोपको परीक्षणको चरण चलिरहेको छ, चाडै नै सकारात्मक नतिजा सार्वजनिक हुने बैज्ञानिकहरुले बताएका छन्, त्यो परीक्षण सफल भएपछि ठूलो मात्रामा औषधीको उत्पादन गर्ने तयारी पनि भइरहेको छ,' उनले भने ।

भारतमा कोरोनाको महामारी शुरु हुदाँ एउटा मात्रै प्रयोगशाला रहेको स्मरण गर्दै प्रधानमन्त्री मोदीले अहिले त्यो संख्या बढेर १४ सयभन्दा बढी प्रयोगशाला बनिसकेको बताए । उनले कोरोनाविरुद्धको खोप तथा उपचारका लागि १०३ करोड भारतीय रुपैया कोषमा राखिएको बताए ।

कोरोनाविरुद्धका खोप उत्पादन सम्वन्धी महत्वकांक्षी सपना चाडै नै व्यवहारमा देख्न सकिने पनि उनले विश्वास व्यक्त गरे । प्रधानमन्त्री मोदीले केही महिनामा ठूलो मात्रामा एन-९५ मास्क, पिपिई भेन्टिलेटरलगायतका सामग्रीहरु भारतले विश्व बजारमा निर्यात गर्ने दाबी गरे ।

# इन्डियन ब्राण्ड जस्ले चिनियाँ ब्राण्डलाई पन्छाइदियो

काठमाडौ । भारत र चीनबीचको विवाद अब पूर्वी लद्दाखमा भएको सैन्य भिडन्तमा मात्रै सिमित छैन् । भारत र चीनबीचको सम्बन्ध अब आर्थिक र अन्य सुरक्षाका कारणले समेत पूर्णरुपमा अलग हुन लागिसकेको छ । चीन र भारतबीचको सम्बन्ध माथिल्लो सरकारी तहमै चिस्सिइसकेको छ ।

भारतले चिनियाँ एपमात्रै प्रतिबन्ध गरेको छैन् चीनसँगका हरेक आर्थिक गतिविधिहरु रोक्ने तयारीमा लागेको छ । सीएनबीसी टिभी १८ मा प्रकाशित एक रिपोर्टले भारतीय मोटरसाइकल कम्पनी बजाज र टिभिएसले भारतमा चिनियाँ बजारलाई जितेको मात्रै छैन्, विश्व मोटरसाइकल बजारमा नै चिनियाँ मोटरसाइकलाई विस्थापित गर्दै गएको छ । यस विषयमा ह्विल्सईएमआईका प्रवन्ध निर्देशक श्रीनिभास कान्तेतीले चीनले विश्वको अर्थतन्त्रलाई नै हाइज्याक गरेको कुराहरुको चेतना पछिल्लो समय सबैमा जागेको उल्लेख गरेका छन् । उनले भनेका छन्, अमेरिकामा एक चिनियाँ विद्यार्थीले सबै अन्य विद्यार्थीहरुलाई जितिरहेको प्रसंगलाई उल्लेख गरेका छन् । चीनले हरेक पक्षमा आफुलाई यसरी मजबुत बनाइसकेको छ कि उस्लाई जित्नका लागि अब हरेक नागरिक सचेत भएमा मात्रै सम्भव छ ।

इटालियन र अन्य मूलुकहरुमा हप्ताको ४ दिन काम गर्ने परम्परा अँगालिरहेका बेला चिनियाँ नागरिकहरुले बिदाको प्रवाह नगरि काम गरिरहेका हुन्छन् । यी यावत कुराहरुले हेर्ने हो भने चिनियाँ नागरिकहरुले धेरै दुरी नाघिसकेका छन् । तर, यसबीच एक भारतीय कम्पनीले चिनियाँ विश्वबजारलाई विस्थापित गरिदिएको श्रीनिभास कान्तेतीले बताए । विश्वबजारमा चिनियाँ प्रभुत्व कम गराउनका लागि भारतमा अब जनस्तरमै चेतना फैलिइसकेको छ भने विभिन्न भारतीय कर्पोरेटहरुले विभिन्न किसिमका उत्पादनको विकास थालेका छन् । कर्पोरेटहरुले अब स्थानीय बजार हैन्, विश्वबजारका लागि उत्पादन गर्नुपर्छ भन्ने सोचका साथ काम शुरु गरेका छन् । चिनियाँ सामान किन्न छोडेर अब आफ्नै देशमा उत्पादन गनूपर्छ र आफ्नै बजारलाई वैश्विकरण गर्नुपर्छ भन्ने सोच पनि भारतीय कर्पोरेटहरुले लिएको देखिन्छ ।

## ऋण तिर्न नसकेपछि साउदीले पाकिस्तानलाई तेल दिन छोड्यो

काठमाडौं । पाकिस्तान पछिल्लो समय पूर्णरुपमा चीनको आफ्नै सहोदर भाइ बनेको छ । यतिसम्मकी चिनियाँ कामदारले आफ्ना सैनिकलाई नै कुट्दासमेत पाकिस्तान चुपचाप सहेर बस्ने गरेको छ । यसको मुख्यकारण हो चाइना-पाकिस्तान आर्थिक करिडोर (सीपीईसी)। पाकिस्तान चीनसँगको आर्थिक करिडोरले आफुलाई फाइदा हुने भन्ने आसामा ढुक्क छ । तर, यस्तै भ्रष्ट र गरिब मुलुकहरुलाई केन्द्रित गरेर आफ्नो व्यापार सञ्जालन फैलाइरहेको चीनले भने पाकिस्तानलाई रणनीतिक रुपमा प्रयोग गरिरहेको पाकिस्तानले तत्काल बुझ्रेर पनि बुझ पचाइरहेको छ । अर्बौ डलरको चाइना-पाकिस्तान इकोनोमिक करिडोरको विषय सुरक्षा र अन्य समस्याका कारण विश्वव्यापी वहसको मुद्धा समेत बनेको छ । तर, पाकिस्तानले अन्धाधुन्ध साथ दिँदा चीनलाई सजिलो भएको छ ।

## भारत र अफगानिस्तानका विदेशमन्त्रीबीच फोनवार्ता

काठमाडौं । भारतका विदेशमन्त्री एस जयशंकर र अफगानिस्तानका कार्यबाहक विदेशमन्त्री एम हानिफ अतमारबीच बुधबार फोनमा कुराकानी भएको छ । उनीहरुबीच बुधबार फोनवार्ता भएको भारतीय विदेशमन्त्री जयशंकरले ट्वीटमार्फत जानकारी दिएका हुन् । विदेशमन्त्री जयशंकरले ट्वीटरमा आफूले अफगानिस्तानका विदेशमन्त्री हानिफसँग कुराकानी गरेको र सो फोनवार्ता उत्पादनमूलक भएको बताएका छन् । त्यस अवसरमा आफूले विदेशमन्त्री हानिफमार्फत अफगानिस्तानको स्वतन्त्रता दिवसका अवसरमा शुभकामना व्यक्त गरेको जानकारी दिएका छन् । उनीहरुले अफगानिस्तानमा हालै विकास भएको राजनीतिक परिस्थितिका बारेमा पनि कुराकानी गरेको बताइएको छ । अफगानिस्तानमा अहिले यहाँका तालिबानहरु र सरकारबीच वार्ताको तयारी भइरहेको छ । सो वार्ताका क्रममा त्यस विषयमा पनि कुराकानी भएको बताइएको छ ।

पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) को पालना गरौं ।

विभत्स दृष्य र तस्विर प्रकाश/प्रसारण नगरौं ।

- पत्रकार तथा सञ्चारमाध्यमले समाजमा हिंसा, निराशा, घृणा, सन्त्रास र उत्तेजना फैलाउने किसिमका समाचार, श्रव्यदृष्य सामग्री प्रकाशन/प्रसारण गर्नु हुँदैन ।
- पत्रकार तथा सञ्चारमाध्यमले हत्या, अत्महत्या, बलात्कार, दुर्घटना जस्ता कारणबाट सिर्जित नग्न, क्षतविक्षत र विभत्स दृष्य एवं तस्विरहरु सम्प्रेषण गर्नु हुँदैन ।

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग

## कोभिड खोप प्राथमिकताका साथ उपलब्ध गराउने

नयाँदिल्ली । भारतले कोभिड खोप बनाउने स्वीकृति पाएर ठूलो परिमाणमा उत्पादन सुरु गरेलगत्तै बंगलादेशलाई प्राथमिकताका साथ उपलब्ध गराउने बताएको छ । 'हाम्रा लागि बंगलादेश सँधै प्राथमिकताको देश हो,' भारतीय विदेश सचिव हर्ष शृंग्लले बताएका छन् । टाइम्स अफ इन्डियाका अनुसार बंगलादेश भ्रमणमा रहेका उनले ढाकामा पत्रकारहरुसँग सो धारणा व्यक्त गरेका हुन् । कोरोना महामारीका बीच उनले पहिलो विदेश भ्रमणका लागि पनि बंगलादेश नै रोजेका हुन् । चीनले आफ्नो भ्याक्सिनलाई मानवमा गरिने परीक्षण बंगलादेशी नागरिकमा गर्न खोजेकोमा बंगलादेशलाई सो प्रस्ताव अस्वीकार गर्न मनाइएको थियो ।

## 'अब सीमा विवाद समाधान गर्ने बाटो खुल्यो'

काठमाडौं । राप्रपाका अध्यक्ष तथा पूर्व उपप्रधानमन्त्री कमल थापाले प्रधानमन्त्री केपी शर्मा ओली र भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीबीचको टेलिफोन वार्तालाई स्वागत गरेका छन् । उनले लामो समयदेखिको सम्वादहीनता अन्त्य हुनु सकारात्मक भएको पनि टिप्पणी गरेका छन् । सामाजिक सञ्जाल ट्विटरमार्फत अध्यक्ष थापाले दुई देशका प्रधानमन्त्रीबीच यसरी सम्वाद हुनुलाई सकारात्मक र स्वागतयोग्य बताउँदै अब सीमा विवादलगायत द्विपक्षीय हितका सबै विषय समाधान गर्ने वार्ताको बाटो खुलेको पनि बताएका छन् ।

## जिल्ला समाचार

### महिला पत्रकार पुरस्कृत

वीरगन्ज । प्रदेश २ मा पहिलो पटक फोटो पत्रकारिताबाट महिला पत्रकार पुरस्कृत भएकी छिन् । वीरगंजबाट प्रकाशित प्रतीक दैनिको ३४औं वार्षिकोत्सवको अवसरमा सुवोध स्मृती फोटो पत्रकारिता पुरस्कार २०७७ यसबर्ष मध्य नेपाल पत्रिकाकी कविता खड्काले प्राप्त गरेकी छिन् । प्रतीक दैनिकको कार्यालयमा सोम आयोजित एक कार्यक्रममा विच प्रधान सम्पादक जगदीश शर्माले २५ हजार रुपियाँ पुरस्कारसहित दोसल्ला ओढाएर प्रमाणपत्रले सम्मान गरेका छन् । हेरक वर्ष कार्यदक्षता तथा फोटो पत्रकारिताको आधारमा पत्रिकामा प्रकाशित फोटो मार्फत छनोट भएका एकजनालाई पुरस्कृत गर्दै आएको पुरस्कार मध्य नेपाल पत्रिकाकी कविता खड्कालाई प्रदान गरिएको हो । २०७३ सालदेखि मध्य नेपाल सन्देश पत्रिका र मध्य नेपाल अनलाइन आफ्नै नेतृत्वमा सञ्चालन गर्दै आएकी पत्रकार कविता खड्का विगत ३ वर्षदेखि निरन्तर प्रतिस्पर्धामा सामिल हुँदै आएपनि यसवर्ष आफू पुरस्कृत भएकोमा ज्यादै खुशी लागेको बताइन् । कोरोना कहर तथा लकडाउन भएकोले प्रतीक दैनिकको कार्यालयमा कार्यालयलाई निसंक्रमित गरेर ग्लब्स, मास्क लगाई स्वास्थ्य र सुरक्षाको मापदण्ड पूरा गर्दै कार्यालय कर्मचारी र पुरस्कृत व्यक्तिहरूको मात्र सहभागितामा वार्षिकोत्सव कार्यक्रम आयोजना गरिएको प्रधान सम्पादक तथा सुवोध स्मृति प्रतिष्ठानका अध्यक्ष जगदिश शर्माले बताए । पत्रकार जगतको कलम नरुकुन र पत्रकारिता पुरस्कारले लगन, मेहनत र प्रोत्साहन पाईरहुन् भन्ने उद्देश्यले कार्यक्रम गरिएको उनले बताए । यसअघि यो पुरस्कार राम सर्राफ, राम क्षेत्री, उत्तम खड्गी, जीतलाल श्रेष्ठ, मनिष पौडैल, जियालाल साह, प्रवीण मानन्धर, प्रणय साह, विजय चौहान, अरविन्द अमात्य, पंकज श्रेष्ठले प्राप्त गरेका छन् ।

### राष्ट्रिय प्रसारणको बिजुली प्रदेश २ मा सबैभन्दा बढी

जनकपुरधाम । मुलुकभर ८६.४४ प्रतिशत घरपरिवारमा राष्ट्रिय प्रसारण प्रणालीको विद्युत् पुगेको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ । प्राधिकरणको तथ्याङ्कअनुसार राष्ट्रिय ग्रिडमार्फत् प्रदेश २ मा सबैभन्दा धेरै घरपरिवारमा विद्युत्को पहुँच पुगेको छ भने सबैभन्दा कम कर्णाली प्रदेशमा छ । प्रदेश २ मा राष्ट्रिय प्रसारण प्रणालीमार्फत् ९९.०५ घरपरिवारमा विद्युत् पुगेको छ भने कर्णाली प्रदेशमा ३४.७४ प्रतिशत घरमा मात्र बिजुली पुगेको छ । सरकारले वैकल्पिक ऊर्जा प्रवर्द्धन केन्द्रमार्फत् राष्ट्रिय ग्रिड पुग्न नसकेमा ठाउँमा सौर्य, लघुजलविद्युत् (माइक्रोहाइड्रो) लगायतमार्फत् पनि विद्युतीकरण गर्दै आएको प्राधिकरणले जनाएको छ । ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयको तथ्याङ्कअनुसार हाल नेपालको ९० प्रतिशतभन्दा बढी जनसंख्यामा विद्युत्को पहुँच पुगेको छ । सरकारले २०७९ भित्र प्रत्येक घरधुरीमा विद्युत् सेवा पुर्‍याउने र चार वर्षभित्रमा प्रतिव्यक्ति विद्युत् खपतलाई ७०० युनिट पुर्‍याउने लक्ष्य राखेको छ । अहिले प्रतिव्यक्ति ऊर्जा खपत २६० युनिट छ । प्रदेश २ का आठ जिल्लामध्ये सिराहा, धनुषा, महोत्तरी, बारा र पर्सामा ९९ प्रतिशतभन्दा बढी विद्युतीकरण भएको प्राधिकरणले जनाएको छ । प्रदेश २ पछि बागमती प्रदेशमा सबैभन्दा बढी विद्युतीकरण भएको छ । बागमती प्रदेशमा ९४.४४ प्रतिशत विद्युतीकरण भएको छ ।

### तीजको अवसरमा विपन्न महिलालाई खाद्यान्न

मणि प्रसाद गैह्रे, कपिलवस्तु । हरितालिका तीजको अवसरमा कांग्रेसको भ्रातृ संगठन नेबिसंघ र तरुण दलले विपन्न महिलाहरुलाई खाद्यान्न वितरण गरेको छ । नेपाल विद्यार्थी संघ क्षेत्र नं १ कपिलवस्तु र नेपाल तरुण दल जिल्ला कार्य समिति कपिलवस्तुले बाणगंगा नगरपालिका-१० पटनाका १५ विपन्न महिलाहरुलाई खाद्यान्न वितरण गरेको छ । विपन्न तथा एकल महिलाहरुको परिवारलाई तीजको अवसर पार्दै राहत स्वरुप २५ किलोका दरले एक-एक बोरा चामल, दाल, नुन, तेल लगायतका खाद्य सामग्री प्रदान गरिएको छ । तरुण दल सभापति शक्ति सिंह ठकुरीले कोरोना भाइरसका कारण जिल्लामा लामो समयदेखि जारी लकडाउनले समस्यामा परेका विपन्न महिलाहरुलाई समेत तीज मनाउनका लागि सो सामग्री दिइएको बताए । ने वि संघ क्षेत्रीय सभापति चन्द्रकान्त पोखेलले आफूहरुले खाजा खर्च कटाएर अति विपन्न, दु:खी तथा एकल महिलाहरुको चाड पर्वका बेला चुलो बलोस् भन्ने उद्देश्यले राहत प्रदान गरिएको बताए । लकडाउनको समयमा समेत तरुण दल र नेविसंघले जिल्लाका विभिन्न स्थानहरुमा राहत वितरण गरेका थिए । सामाजिक दुरी कायम गरी विपन्न तथा गरीबहरुको सहयोगका लागि निरन्तर लाग्ने संगठनले जनाएको छ ।

### लडेर एकको मृत्यु

कैलाली । गोदावरी नगरपालिका-५ स्थित निर्माणाधिन गेटा मेडिकल कलेजको चौथो तल्लाबाट लडेर कञ्चनपुर कृष्णपुर नगरपालिका-८ बस्ने २० वर्षीया मिना पालीको सोमबार मृत्यु भएको छ । लडेर गम्भीर घाइते भएकी पालीको नर्सिङ अस्पताल धनगढीमा उपचारको क्रममा मृत्यु भएको हो ।

### जानकी गाउँपालिकामा पूर्ण लकडाउन

बाँके । जानकी गाउँपालिका पनि पूर्ण लकडाउनमा गएको छ । आइतवारदेखि भदौ ५ गते मध्यरातसम्मका लागि अत्यावश्यकबाहेकका सबै कामकाज बन्द गरिएको जानकीका प्रमुख प्रशासकीय अधिकृत हरि बहादुर खत्रीले जानकारी दिए । सवारी साधनमा जोर विजोर प्रणाली लागु गरेको जानकीले दक्षिणी सीमा भारत, पूर्वमा नेपालगन्ज र उत्तरपूर्वमा कोहलपुर तीनैतिर जोखिम देखिएकाले पूर्ण लकडाउनमा जानु परेको प्रमुख प्रशासकीय अधिकृत खत्रीको भनाइ छ । आइतवारदेखि नै कोहलपुरले पनि पूर्ण लकडाउनमा जाने निर्णय गरिसकेको छ । कोहलपुर नगरपालिकाले ६ दिनका लागि कोहलपुर क्षेत्रमा आज आइतबार देखि भदौ ५ राति १२ बजेसम्म लकडाउन गर्ने सुचना जारी गरेको हो । कोरोना संक्रमित दिन दिनै फेला पर्न थालेपछि न्यूनिकरणका लागि शनिवार बसेको सर्वपक्षिय वैठकले नगरपालिकाको कार्यालय, वडा कार्यालय,सरकारी तथा गैरसरकारी संस्था, बैंक तथा वित्तिय संस्था, होटल, रेष्टुरेन्ट, ब्यापार, व्यवसाय, उद्योग, कलकारखाना, तरकारी बजार लगायत सबै बन्द गर्ने निर्णय गरेको प्रमुख प्रशासकीय अधिकृत छविलाल नेपालीले जारी गरेको सुचनामा उल्लेख गरिएको छ ।

### महोत्तरीमा भदौ १० सम्म कर्फ्‍यु

महोत्तरी । कोभिड-१९ सङ्क्रमण ह्वात्तै बढेपछि महोत्तरीमा १० दिनसम्मलाई कर्फ्‍यु (निषेधाज्ञा) आदेश जारी भएको छ । भदौ १ मध्यरातदेखि लागू भएको निषेधाज्ञा भदौ १० सम्म रहने जिल्ला प्रशासन कार्यालय महोत्तरीले जनाएको छ । यसअघि जिल्ला प्रशासन कार्यालयले जिल्ला सदरमुकाम जलेश्वर नगरपालिकाको मुख्य बजारक्षेत्र र छिमेकको महोत्तरी गाउँपालिकाका वडा नं ३ र ५ मा मात्र गत साउन २१ गतेदेखि पटकपटक गरी निषेधाज्ञा जारी गर्दै आएको थियो । पछिल्ला केही दिनयता जिल्लाका सबैजसो भेगमा सङ्क्रमण निकै बढेको हुँदा यसलाई रोकथामका लागि आवागमन रोक्न जिल्लाभरि नै निषेधाज्ञा जारी गरिएको प्रमुख जिल्ला अधिकारी कृष्णबहादुर कटुवालले सोमबार साँझ जारी गरेको आदेशमा उल्लेख छ । जिल्लास्थित कोभिड-१९ सङ्क्रमण व्यवस्थापन समितिको बैठकको निर्णयानुसार जिल्लाभर निषेधाज्ञा जारी गरिएको हो । अत्यावश्यक काम र निर्माणकार्यलाई अवरोध नपुग्ने गरी भदौ १० मध्यरातसम्मलाई निषेधाज्ञा जारी गरिएको प्रमुख जिल्ला अधिकारी कटुवालले जानकारी दिए । यसक्रममा हिँडडुल, सवारीसाधन, हाटबजार र मेलाजात्रा सबै बन्द गरिएको आदेशमा उल्लेख छ । औषधि पसल र अस्पतालबाहेक अन्य सबै पसल बन्द रहनेछन् । निषेधाज्ञाको उल्लङ्घन गर्नेलाई तत्काल कारवाही गरिने प्रजिअ कटुवालको भनाइ छ ।

### प्रदेश २ को प्रदेश सञ्चार विधेयक फिर्ता

धनुषा । प्रदेश २ को सभाबाट सर्वसम्मति पारित गरेको प्रदेश सञ्चार विधेयक प्रदेश प्रमुखले फिर्ता पठाएका छन् । प्रमाणीकरणको लागि प्रदेश प्रमुख तिलक परियारसमक्ष पठाइएकामा सो विधेयकमा प्राविधिक त्रुटि रहेको र शब्द संयोजनलगायतका विभिन्न दफा उपदफामा केही त्रुटि रहेकाले सच्याउनका लागि आन्तरिक मामिला तथा कानून मन्त्रालयमा पठाएको बताइएको छ । विधेयकमा प्राविधिक त्रुटि र अधिकांश शब्द संयोजनसमेत नमिलेको कारण देखाउँदै प्रदेश सरकारलाई फिर्ता पठाएको प्रदेश प्रमुखका सचिव पदम विश्वकर्माले जानकारी गराए । प्रदेश नं २ सरकारको विधेयकले प्रेसमाथि अङ्कुश लगाएको र प्रेस विरोधी रहेको भन्दै विधेयक फिर्ता लिन नेपाल पत्रकार महासङ्घ प्रदेश २ ले माग गर्दै आएको छ ।

# भारतीय प्रधानमन्त्रीद्वारा कोरोना नियन्त्रणमा नेपाललाई सहयोग गर्ने प्रतिवद्धता

काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले नेपाललाई कोरोना प्रभाव कम गर्न निरन्तर सहयोग गर्ने पनि सुनिश्चित व्यक्त गरेका छन् ।

भारतको ७४ औं स्वतन्त्रता दिवसको अवसरमा प्रधानमन्त्री केपी शर्मा ओलीसँग भएको फोट वार्तामा भारतीय प्रधानमन्त्री मोदीले कोरोना महामारीको प्रभाव कम गर्न दुई देशले गरिरहेका प्रयासहरुको सराहना पनि गरे । नेपाल र भारतबीच सीमा विवाद चुलिएपछि संवादहीनताको अवस्थामा रहेका नेपाल र भारतका प्रधानमन्त्रीबीच फोन वार्ता भएको हो । भारतीय स्वतन्त्रता दिवसको अवसरमा प्रधानमन्त्री ओलीले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई टेलिफोन गरेर बधाई पनि दिए ।

भारतीय विदेश मन्त्रालयले जारी गरेको विज्ञप्तिमा प्रधानमन्त्री ओलीले स्वतन्त्रता दिवसको अवसरमा बधाई दिएका उल्लेख छ । 'उहाँले भारतले हालसालै राष्ट्रसंघीय सुरक्षा परिषद्को अस्थायी सदस्यता प्राप्त गरेकामा पनि बधाई दिनुभयो,' भारतीय विदेश मन्त्रालयको विज्ञप्तिमा छ ।

भारतीय प्रधानमन्त्री मोदीले नेपाल र भारतबीच सभ्यता र संस्कृतिका तहमा भएका सम्बन्धको स्मरण पनि ओलीसँग गरेका थिए । मोदीले वार्ताका लागि प्रधानमन्त्री ओलीलाई धन्यवाद पनि दिएका थिए ।

## सीमा मात्र होइन, मन जोडिएका देश पनि भारतका छिमेकी : मोदी

काठमाडौं । भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले सीमा जोडिएका मात्र नभएर मन जोडिएका सबै देश भारतको छिमेकी भएको बताएका छन् । शनिबार नयाँदिल्लीस्थित लालकिलामा ७४औं भारतीय स्वतन्त्रता दिवसको अवसरमा सम्बोधन गर्दै मोदीले जमिन र समुन्द्र दुवैबाट सीमा जोडिएका देशहरु भारतको छिमेकी भएको बताएका हुन् ।

उनले भने, 'जमिनबाट होस् वा समुद्रबाट हामी सबै छिमेकी देशसँग सम्बन्ध बलियो बनाइरहेका छौं, हामी छिमेकी देशसँग आर्थिक, सामाजिक तथा सांस्कृतिक सम्बन्धलाई पनि मजबुत बनाइरहेका छौं ।'

दक्षिण एसियामा विश्वकै एक चौथाइ जनसंख्या रहेको उल्लेख गर्दै मोदीले यस क्षेत्रका नेताहरु एकजुट भएर विकासमा लाग्नुपर्ने बताए । यस क्षेत्रमा शान्ति स्थानिा भए मात्रै मानवताका लागि हित हुने पनि उनले बताए । मोदीले भौगोलिक सीमा जोडिएका देश मात्रै छिमेकी नहुने उल्लेख गर्दै भने, 'आज हाम्रो भौगोलिक सीमा जोडिएका देश मात्रै छिमेकी होइनन्, ती देश पनि हाम्रा छिमेकी हुन् जोसँग हाम्रो मन जोडिएको छ ।'

उनले पछिल्लो समय पश्चिम एसियाली देशहरुसँग भारतको सम्बन्ध मजबुत भएको पनि उनले बताए । यी देशमा ठूलो संख्यामा भारतीय नागरिकहरुले काम पाएको उल्लेख गर्दै मोदीले त्यसको प्रशंसासमेत गरेका छन् ।

## अमेरिकी उपराष्ट्रपति उम्मेदवारको 'इन्डिया कनेक्सन'

काठमाडौं । अमेरिकामा डेमोक्रेटिकको तर्फबाट उपराष्ट्रपति पदको उम्मेदवार कमला ह्यारिसले भारतीय विरासतप्रति गर्व महसुश गर्ने प्रतिक्रिया दिएकी छन् ।

भारतीय-अमेरिकीहरुको समुदायलाई सम्बोधन गर्दै उनले आफ्नी आमाको भारतीय समुदायसँगको सम्झना सम्झिएकी थिइन् । उनले आफ्नी आमाले सधैं इन्डियन फुड रुचाउने बताएकी थिइन् । ५५ वर्षीया कमला ह्यारिस भारतीय मूलकी श्यामलाकी छोरी हुन् । ब्रेस्ट क्यान्सर विशेषज्ञ श्यामला अमेरिकी नागरिक बनेपछि नै ह्यारिसलाई जन्म दिएकी थिइन् । तामिलनाडुकी श्यामला गोपालनले छोरीको नाम कमला देवी ह्यारिस राखेकी थिइन् । उनै कमला अमेरिकामा आगामी नोभेम्बरमा हुन लागेको चुनावमा डेमोक्रेटिकको तर्फबाट उपराष्ट्रपति पदमा उम्मेदवार बनेकी छन् । उनी पहिलो भारतीय मूलकी र दोस्रो अफ्रिकन-अमेरिकन उपराष्ट्रपति उम्मेदवार हुन् । उनका बावु भने जमैकन नागरिक थिएनन् ।

७७ वर्षीय जोए बाइडेनसँगै कमलाको उपराष्ट्रपति पदको उम्मेदवारीलाई अमेरिका र बाहिर पनि निकै महत्वका साथ हेरिएको छ । आप्रवासी, अस्वेत र महिलाप्रति असहिष्णु राष्ट्रपति डोनल्ड ट्रम्पविरुद्ध यी तीनै पहिचान बोकेकी कमला पछिल्लो समय खरो रुपमा उत्रिँदैआएकी छन् । नागरिक अधिकार स्थापनाका लागि उनको अभियान अमेरिकामा ऐतिहासिक मानिन्छ ।

## भारतसँग मतभेद व्यवस्थापन गर्न तयार छौं : चीन

काठमाडौं । सीमा विवादलाई साम्य बनाउने हिसाबले सैन्यस्तरमा वार्ता तथा कुटनीतिक सम्वाद जारी रहेको समयमा चीनले भारतसँग मतभेदहरु व्यवस्थापन गर्न आफू तयार भएको बताएको छ ।

चीनको विदेश मन्त्रालयले सोमबार भारतसँग आपसी विश्वास बढाउन र मतभेदहरु व्यवस्थापन गर्न आफू तयार रहेको बताएको छ ।

गत शनिबार भारतको स्वतन्त्रता दिवसका दिन प्रधानमन्त्री मोदीले दिएका अभिव्यक्तिपछि चीनको प्रतिक्रिया आएको हो । मोदीले देशको क्षेत्रीय अखण्डता सर्वोच्च भएकाले भारतका सैन्यशक्तिलाई मजबुत बनाइने बताएका थिए ।

गत जुन १५ मा भारत र चीनका सेनाबीच विवादित गलवान उपत्यकामा झडप हुँदा २० भारतीय सेनाको मृत्यु भएको थियो । भारतले चीनका ४० सेना उक्त झडपमा मारिएको दाबी गरेपनि चीनले यो विषय स्वीकार गरेको छैन ।

सोमबार चीनको विदेशमन्त्रालयले भनेको छ,'एक अर्कालाई सम्मान र सहयोग गर्नु महत्वपूर्ण छ ।'

# भारतीय सांस्कृतिक सम्बन्ध परिषद् मुख्यालयमा अटल बिहारी वाजपेयीको तस्वीरको अनावरण



काठमाडौं । भारतका पूर्वप्रधानमन्त्री अटल बिहारी वाजपेयीको सम्झनामा भारतीय सांस्कृतिक सम्बन्ध परिषद्ले तस्वीर अनावरण गरेको छ । वाजपेयी र राष्ट्र निर्माणका लागि उनले दिएको योगदानलाई सम्झिदै उनको दोस्रो पुण्यतिथिमा सो कार्यक्रमको आयोजना गरिएको हो ।

विदेश राज्यमन्त्री वी. मुरलीधरन र भारतीय सांस्कृतिक सम्बन्ध परिषद्का अध्यक्ष एवम् संसद सदस्य डा. विनय सहस्रबुद्धेको उपस्थितिमा भारतका राष्ट्रपति रामनाथ कोविन्दद्वारा भर्चुअल मोडमा अटल बिहारी वाजपेयीको तस्वीरको अनावरण गरिएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा थुप्रै पुरस्कारद्वारा सम्मानित, स्वर्ण पदक विजेता, मुम्बईका सुप्रसिद्ध चित्रकार वासुदेव कामतले वाजपेयीको सो क्यानभास तेल चित्र बनाएका हुन् । भारतमा आपत्कालीन अवस्थापछि बनेको जनता पार्टीको सरकारको विदेशमन्त्री रहँदा अटल बिहारी वाजपेयीले सन् १९७७ मार्च देखि सन् १९७९ अगष्टसम्म भारतीय सांस्कृतिक सम्बन्ध परिषद्को पदेन अध्यक्षका रुपमा काम गरेका थिए ।

आफ्नो विदेशमन्त्री कार्यकालको क्रममा सन् १९७७ मा संयुक्त राष्ट्र संघको महासभामा वाजपेयीले हिन्दी भाषामा भाषण दिएका थिए । यसरी हिन्दी भाषामा महासभामा बोल्ने उनी पहिलो व्यक्ति भए । उनको सोच र मार्गदर्शनले गर्दा नै भारतीय सांस्कृतिक सम्बन्ध परिषद्लाई विश्वव्यापी रुपमा अघि बढ्न र फैलिन मद्दत गर्‍यो । संसद सदस्यको रुपमा, विदेशमन्त्रीको रुपमा र अन्त्यमा प्रधानमन्त्रीको रुपमा अटल बिहारी वाजपेयीले भारतीय सांस्कृतिक सम्बन्ध परिषद्को क्रियाकलापमा विशिष्ट एवम् दिगो प्रभाव छोडेका छन् । भारतको बाह्य सांस्कृतिक सम्बन्धसँग सम्बन्धित नीति तथा कार्यक्रमहरुको तर्जुमा एवम् कार्यान्वयनमा सक्रिय रुपमा सहभागी हुन, भारत र अन्य राष्ट्रबीच सांस्कृतिक सम्बन्ध र पारस्परिक समझदारी प्रवर्द्धन एवम् सुदृढ गर्न र अन्य विदेशी राष्ट्र र जनतासँगको सांस्कृतिक आदानप्रदानलाई प्रवर्द्धन गर्न सन् १९५० अप्रिल ९ मा भारतीय सांस्कृतिक सम्बन्ध परिषद्को स्थापना भएको हो । परिषद्का कार्यक्रमलाई विश्वव्यापी रुपमा कार्यान्वयन गर्नका लागि भारतको विभिन्न राज्यमा १९ वटा क्षेत्रीय कार्यालय तथा विदेशमा ३८ वटा सांस्कृतिक केन्द्रहरु रहेका छन् । विगत केही वर्षमा परिषद्को आकार र गतिविधिहरुमा वृद्धि भएको छ र भारतको नरम नीति विस्तार गर्न भारतीय विदेश मन्त्रालयको प्रमुख अङ्गको रुपमा रहेको छ ।

## प्रधानमन्त्री ओलीद्वारा शुभकामना

काठमाडौं । प्रधानमन्त्री केपी शर्मा ओलीले मित्रराष्ट्र भारतको ७४औं स्वतन्त्रता दिवसका अवसरमा शुभकामना व्यक्त गरेका छन् । प्रधानमन्त्री ओलीले आफ्ना भारतीय समकक्षी नरेन्द्र मोदी, भारत सरकार र त्यहाँका जनतामा हार्दिक बधाई एवं शुभकामना व्यक्त गरेका छन् । प्रधानमन्त्री ओलीले शनिबार बिहान ट्विट गर्दै भारतका जनताको थप प्रगति र समृद्धिको कामना गरेका छन् ।

## प्रचण्डले दिए भारतीय प्रधानमन्त्रीलाई बधाई

काठमाडौं । सत्तारुढ नेकपाका अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डले भारतको स्वतन्त्रता दिवसको उपलक्ष्यमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीलाई बधाई र शुभकामना दिएका छन् । '७४औं स्वतन्त्रता दिवसको अवसरमा म प्रधानमन्त्री मोदीजी, उहाँको सरकार र भारतीय जनतालाई बधाई तथा शुभकामना दिन चाहन्छु', प्रचण्डले शनिबार ट्वीट गर्दै भनेका छन् ।

## आर्थिक समाचार

### ग्लोबल आइएमईको प्रमुख कार्यकारी अधिकृतमा रत्नराज बज्राचार्य नियुक्त

काठमाडौं । ग्लोबल आइएमई बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा रत्नराज बज्राचार्य नियुक्त भएका छन् । बैंकको सञ्चालक समितिको शुक्रबार बसेको बैठकले बज्राचार्यलाई आगामी चार वर्षका लागि प्रमुख कार्यकारी अधिकृतको रुपमा नियुक्त गर्ने निर्णय गरेको हो । चार दशकभन्दा बढी समय बैंकिङ्ग क्षेत्रमा रहेका बज्राचार्यले यसअघि एक कार्यकाल ग्लोबल आइएमई बैंकमा प्रमुख कार्यकारी अधिकृतको रुपमा सेवा गरिसकेका छन् । नेपाल राष्ट्र बैंकबाट आफ्नो बैंकिङ्ग करियर सुरु गरेका बज्राचार्यको बैंक तथा वित्तीय संस्थाहरुको मर्जर तथा मर्जरपछिको व्यवस्थापनमा राम्रो अनुभव रहेको छ । वरिष्ठ चार्टर्ड एकाउण्टेण्ट बज्राचार्यले यसअघि एनसीसी बैंक र सनराइज बैंकमा पनि प्रमुख कार्यकारी अधिकृतको रुपमा नेतृत्व गरिसकेका छन् । उनले भाद्र १ गतेदेखि ग्लोबल आइएमई बैंकमा प्रमुख कार्यकारी अधिकृतको रुपमा पद बहाल गर्नेछन् । गत मंसिर २० गतेदेखि ग्लोबल आइएमई बैंकमा जनता बैंक गाभिई एकिकृत कारोबार सुरु भएपछि ग्लोबल आइएमई बैंक अधिकांश सूचकमा देशकै सबैभन्दा ठूलो बैंक बनेको छ ।

### राष्ट्रिय सहकारी बैंकको वार्षिक समिक्षा सम्पन्न

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको वार्षिक समिक्षा तथा आगामी योजना सम्बन्धी २ दिने समीक्षा बैठक बिहीबार सम्पन्न भएको छ । दुई दिनसम्म सञ्चालित भर्चुअल वार्षिक समीक्षा बैठकले आर्थिक वर्ष २०७६/०७७ को वार्षिक समीक्षा गर्नुका साथै चालु आर्थिक वर्षका योजना तथा बजेट निर्माण गरेको छ । बैंकले चालु आर्थिक वर्ष २०७७/०७८ को अन्त्यसम्म १४ हजार ५ शेयर सदस्य, २ अर्ब ५० करोड शेयर पूँजि, ६० अर्ब निक्षेप ४२ अर्ब कर्जा लगानी गरी १ अर्ब ७ करोड मुनाफा आर्जन गर्न लक्ष्य लिएको छ । आर्थिक वर्ष २०७६/०७७ का लागि प्रस्तावित योजना पूर्ण रुपमा कार्यान्वयन गर्दै बैंकमा १२ हजार भन्दा बढी शेयर सदस्य २ अर्ब २२ करोड शेयर पुँजि, ४७ अर्ब निक्षेप, २७ अर्ब कर्जा लगानी ८४ करोड मुनाफा आर्जन गर्न सफल भएको थियो । समिक्षा वैठकबाट चालु आर्थिक वर्षको लक्ष्य पुरा गर्नका लागि शाखाहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्ने लगायतका विषयमा योजना निर्माण भएको बैंकका अध्यक्ष के.बी. उप्रेतीले जानकारी दिए ।

### राष्ट्रिय सहकारीको वार्षिक समिक्षा

ललितपुर । राष्ट्रिय सहकारी बैंक लिमिटेडको वार्षिक समिक्षा तथा आगामी योजना सम्बन्धी २ दिने समीक्षा बैठक बिहीबार सम्पन्न भएको छ । दुई दिनसम्म सञ्चालित भर्चुअल वार्षिक समीक्षा बैठकले आर्थिक वर्ष २०७६/०७७ को वार्षिक समीक्षा गर्नुका साथै चालु आर्थिक वर्षका योजना तथा बजेट निर्माण गरेको छ । बैंकले चालु आर्थिक वर्ष २०७७/०७८ को अन्त्यसम्म १४ हजार ५ शेयर सदस्य, २ अर्ब ५० करोड शेयर पूँजि, ६० अर्ब निक्षेप ४२ अर्ब कर्जा लगानी गरी १ अर्ब ७ करोड मुनाफा आर्जन गर्न लक्ष्य लिएको छ । आर्थिक वर्ष २०७६/०७७ का लागि प्रस्तावित योजना पूर्ण रुपमा कार्यान्वयन गर्दै बैंकमा १२ हजार भन्दा बढी शेयर सदस्य २ अर्ब २२ करोड शेयर पुँजि, ४७ अर्ब निक्षेप, २७ अर्ब कर्जा लगानी ८४ करोड मुनाफा आर्जन गर्न सफल भएको थियो । समिक्षा वैठकबाट चालु आर्थिक वर्षको लक्ष्य पुरा गर्नका लागि शाखाहरुलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्ने लगायतका विषयमा योजना निर्माण भएको बैंकका अध्यक्ष के.बी. उप्रेतीले जानकारी दिए ।

## मधेशमा...

यता २०६३ पछिका सबै मधेश आन्दोलनहरुमा पनि मधेशी महिलाको सक्रिय सहभागिता रहेको छ । मधेश आन्दोलन २०७२ मा त ६ जना मधेशी महिला सहिद भए । सयौं महिला घाइते भए भने दर्जनौं जेल गए । यसअघिको कुनै पनि आन्दोलनमा यति धेरै मधेशी महिलाको सशक्त भूमिका देखिएको थिएन । पछिल्लो आन्दोलनमा सबै वर्ग, समूह र जातका मधेशी महिलाको उत्साहजनक उपस्थिति रहेको छ ।

मधेशी राजनीतिमा महिला बिना जनसहभागिताको काम पूरा हुन सक्दैन किनकि उनीहरू नै त्यस्ता आधा जनता हुन, जो दोहोरो शोषणमा पिल्सिएका छन् । त्यसमा पनि मधेशी महिलाको अवस्था एकदमै नाजुक रहेको छ । ती दलहरुमा उपाध्यक्ष, कोषाध्यक्षसम्म महिला त छ तर भूमिका भने न्यून देखिन्छ । नीति निर्माणमा, योजना निर्माणमा पनि उनीहरुलाई सहभागि गराएको देखिदैन । हरेक अंगमा मधेशी महिलाको अवस्था खराब रहेको देखिन्छ । राजनीतिमा महिला सहभागी हुनु भनेको राज्यको हरेक क्षेत्रमा समानुपातिक रूपमा क्रमिक विकास हुँदै जानु हो । मधेशको राजनीतिमा महिलाको सहभागिताले राजनीतिक व्यवहार, परम्परागत शैली र प्रक्रियामा सकारात्मक परिवर्तन आउन सकिन्छ ।

मधेशी दलमा मधेश जनविद्रोहको समयकालीन अवस्थामा विरोधस्वरूप महिला शिक्षा कार्यक्रममार्फत राजनीतिक क्षेत्रमा महिलाको सहभागिता सुरु भएको थियो । २००४ सालदेखि राजनीतिक परिवर्तन हुँदै आइरहेको भए पनि हरेक दलभित्र महिलाको संख्यात्मक अवस्थामा खासै परिवर्तन हुनसकेको छैन । मधेश आन्दोलनपछि थुप्रै महिलाहरु राजनीतिमा उदाएका थिइन् तर आज उनीहरुलाई वेवास्ता गरिदैँछ ।

सुरिता साह, निलम वर्मा, दुर्गा देवी, कलावत्ती पासवान, करिमा वेगम, रम्भा देवीलगातयका महिलाहरु अहिले राजनीतिकमा ओझेलमा परेकी छिन् । अंक क्षेत्रमा महिला जनसंख्याको आधारमा कम्तीमा ३३ प्रतिशत महिला हुनुपर्ने व्यवस्था गरिएको छ । राज्यको नीति, योजना बनाउने राजनीतिक दलभित्र किन महिलाको सहभागिता हुन सकेन ठूला दलका केन्द्रीय समितिमा समेत ३३ प्रतिशत महिलाको सहभागिता हुन सकिरहेको अवस्था छैन भने मधेशी दलमा झन स्थिति दयनीय छ ।

द्वारिकादेवी ठकुरानीका साथै, साहना प्रधान, मंगलादेवी, शैलजा आचार्य आदि २००७ साल यताको नेपाली राजनीतिमा जीवनपर्यन्त सक्रिय रहेका नामहरू हुन् तर मधेशको राजनीतिमा प्रवेश गर्ने अधिकांश महिलाहरूले बीचमै राजनीतिबाट अवकाश लिने वा हराउने गरेको छन् । केही सक्रिय रहे पनि नेतृत्व तहसम्म कमै पुग्न सकेका छन् । २०६२/६३ पछि मधेश विद्रोह र समानुपातिक निर्वाचन प्रणालीले ल्याएको अवसरका कारण धेरै महिलाहरू राजनीतिमा सक्रिय भएर उदाए पनि लामो समयदेखि निरन्तर राजनीतिमा सक्रिय महिला कमै पाइन्छ ।

मधेश आन्दोलनमा केही विद्रोही महिलाहरु जसरी उदय भएको थियो, उनीहरु त्यसरी नै हराएका छन् । ती मध्येका केही महिला प्रदेशसभा र स्थानीय तहमा छन् तर मधेश आन्दोलनबाट आएका धेरै महिलाहरु निष्क्रिय बनेका छन् ।

चुनी खातुन, सरिता यादव, रानी शर्मा तिवारी, राधा कायस्थ, चन्द्रकाला कुशवाहा, रेणु यादव, आशा चतुर्वेदी, निलम वर्मा, सरिता गिरी, दुर्गा देवी, कलावती पासवान, करिमा वेगम, रम्भा देवी, काशीदेवी झा, गायत्री साह, आशा सरदार, ललिता साह, सेवकीदेवी दास, सलमा खातुन (सर्लाही), सुरिता साह चन्दा चौधरी, शैल महतो, सरिता यादव (सिरहा), डिम्पल झा, चान्द तारा, अनिता यादव लगायतका थुप्रै महिलाहरु मधेश आन्दोलनबाट केन्द्रीय राजनीतिमा आएका थिए । तर यसमध्ये अधिकांश महिलाहरु ओझेलमा परेका छन् । अहिले रानी शर्मा, रेणु यादव, सुरिता साह, करिमा वेगम, चन्दा चौधरी लगायतका सांसद हुन् भने केही महिलाहरु पार्टीमा सक्रिय छिन् । तर बाँकी राजनीतिबाट आझेलमा छन् । अहिले विभिन्न दलका २५ जना मधेशी महिला प्रतिनिधिसभा र राष्ट्रियसभा छन् । त्यसमा अधिकांश अनुहार नयाँ रहेका छन् ।

२०६८ सालको जनगणना अनुसार कुल जनसंख्याको लगभग २६ प्रतिशत मधेशका मधेशी महिलाको जनसंख्या रहेको छ । पहिलो संविधानसभामा ३० जना महिलाले चुनाव जितेका थिए । त्यसमध्ये पाँचजना मात्र मधेशी मूलका महिला थिए । २०७० सालमा सम्पन्न भएको दोस्रो संविधानसभा निर्वाचनमा प्रत्यक्ष निर्वाचन प्रणालीअन्तर्गत १० जना महिलाले मात्र चुनाव जितेका थिए । त्यसमा चारजना मधेशी महिला थिए । २०६५ देखि २०७० को चुनावसम्म मधेशी महिलाको पहुँच राजनीतिमा कायमै थियो ।

प्रदेश २ का बारा, पर्सा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा र सप्तरी सबैभन्दा मधेशीहरुको बसोवास रहेको छ । त्यही जिल्लाबाट राजनीतिमा सबैभन्दा बढी महिलाको उपस्थिति थियो । तर उनीहरु लामो समय राजनीतिमा टिक्न सकेनन् । नटिक्नुका विभिन्न कारणहरु छन् । पार्टी नेतृत्वमा पुरुष हाबी हुनु र पुरूषसत्तात्मक सोचका कारणहरु महिलाहरु राजनीतिको उच्च तहसम्म पुग सकेका छैनन ।

मधेशी महिलालाई राजनीतिमा पत्याउने दल नै छैन । अधिकांश राजनीतिक दल मधेशी महिलाको लामो राजनीतिक पृष्ठभूमि खोज्छन् । तर, मधेशी महिलाको लामो राजनीतिक पृष्ठभूमि छैन ।

**महिला मुख्यमन्त्री !**

मधेशको राजनीतिमा पनि केही महिलाहरू सुरूदेखि नै सकृय रहे पनि कमले मात्र निरन्तरता दिएका छन् । निरन्तरता दिनेहरू पनि नेतृत्व तहमा पुगेको कमै मात्र उदाहरण छ । यसरी हेर्दा मधेश राजनीतिमा विभिन्न समयमा प्रशस्त महिलाहरू प्रवेश गरेको देखिन्छ, तर तीमध्ये धेरै जसोले बीचमै राजनीति छोड्ने वा निष्क्रिय हुने गरेको देखिन्छ । केही महिला मात्र लामो समयसम्म मधेश राजनीतिमा सक्रिय रहेका छन् ।

प्रदेश २ मा मधेशी दलको सरकार छ । राजपा र समाजवादी एकीकरण भए पछि अब त्यहाँ एकल दलको सरकार भएको हो । पार्टी एकीकरण पछि नयाँ संसदीय दलको नेता निर्वाचित गर्नु पर्ने हुन्छ । वर्तमान मुख्यमन्त्री लालबाबु राउत समाजवादी पार्टीबाट निर्वाचित संसदीय दलको नेता हुन । अब एकीकृत पार्टीले नयाँ नेता चयन गर्नुपर्छ । नयाँ नेता चयन गर्दा कि त नयाँ अनुहार आउने छ वा पुरानै नेताले निरन्तरता पाउने छन् । यसै कारण अहिले मधेशमा नयाँ मुख्यमन्त्री छान्नु पर्ने आवाज पनि उठिरहेको छ । खास गरी अब प्रदेशको सत्ता महिलालाई दिनु पर्ने आवाज पनि उठिरहेको छ । प्रदेशमा महिलाले मौका पाउँदा मधेशले पहिलो मुख्यमन्त्रीको इतिहास पनि रच्ने छ भने मधेशी दलले वकालत गरिरहेको महिला मुक्ति र सशक्तिकरणको मुद्दा पनि ठोस रुपमा स्थापित हुनेछ । यसका साथै प्रदेश २मा रहेका सबै दलका महिला सांसदहरुले यी मुद्दालाई पार्टीगत रुचिभन्दा वृहत्तर महिला हितको लागि सशक्त रुपमा पहल गर्नुपर्छ । मधेशले महिला मुख्यमन्त्री पाउनका लागि सबै दलका महिलाको एकल आवाज प्रदेश सभा भवनमा सुनिनुपर्छ ।

## प्रदेश २...

पठाउनुपर्ने माग गरिरहेका छन् ।

गत साता सत्तारुढ जनता समाजवादी पार्टी नेपालको बसेको पहिलो केन्द्रीय कार्यकारिणी समितिको बैठकमा समेत प्रदेश सरकारको कार्यशैलीबारे प्रश्नहरु खडा भएको थियो । प्रदेश सरकारको अनुभूति गराउन नसकेको गुनासोहरु पनि नेतृत्वपंक्तिलाई गरिएको थियो ।

सत्तारुढ जसपाकै अधिकांश प्रदेशसभा सदस्यहरुले शीर्ष नेतृत्वहरुलाई भेटी आफ्नो असन्तुष्टिहरु व्यक्त गरेका थिए । अहिलेका पात्रहरु रहिरहे आगामी चुनावमा पार्टीले ठूलो क्षति व्यहोर्ने चिन्तासमेत आम नेता कार्यकर्ताहरुमा देखिएको छ ।

प्रदेश सरकारप्रति यस्तो असन्तुष्टिहरुबाट जसपाका नेतृत्वपंक्ति पक्कै पनि अनभिज्ञ छैनन् । तर यसरी मौनता कायमै रहे पार्टीको जनाधार मानिएको प्रदेशबाट पनि पत्तासाफ हुने निश्चित देखिएको छ ।




मधेशवाणी प्रा.लि.द्वारा प्रकाशित, सम्पादक : डा.राजेश अहिराज, कार्यकारी सम्पादक : रामसुकुल मण्डल, कार्यालय : मधेश मिडिया हाउस, अनामनगर, काठमाडौं, फोन नं. ०१-५७०६१४२, ५७०६१४१, फ्याक्स : ५७०६१४१, Email : madheshvani@gmail.com, Website : www.madheshvani.com, मुद्रण : धिम्ले अफसेट प्रेस, काठमाडौं

16-19, Madheshvani, Bhadra-5, 2077.pmd 8 8/23/2020, 1:11 PM